1973 Problems and Perspectives in South Asian Archaeology. In South Asian Archaeology Hammond, N. ed, New Jersey: Noyes Press, pp. 1-11.

ALLCHIN, F. R. and HAMMOND, N.

1978 The Archaeology of Afganistan, From the Earliest period to the Timurian period. London: Academic Press.

Brown, W. N.

1950 India, Pakistan, Ceylon. Ithaca, New York: Cornell University Press.

DAVIDS, S. et al

1980 Early Man in Soviet Central Asia. In Scientific American, vol. 243, No. 6, pp. 130-137.

FAIRSERVIS, W. A.

1971 The Roots of Ancient India. N. Y. The Macmillan Company.

GOUIDE, A.

1973 The environmental background to early man in the dry zone of North-Western India and the geomorphic evidence for climatic change. In South Asian Archaeology, Hammond, N. ed, pp. 29-37.

KENNEDY, K. A.

1980 Prehistoric Skeletal Record of Man in South Asia. In Annual Review of Anthropology, Siegel, B. et al eds, Palo Alto, Calif: Annual Review Inc, pp. 391-432.

KHATRI, A. P.

1962 A Century of Prehistoric Record in India. In Asian Perspectives, vol. VI, No. 1-2, pp. 169-185.

Lal, B. B.

1964 Indian Archaeology Since Independence. Delhi: Motilal-Banarasidas.

MADAN, T. N. and SARAN, G. (eds)

1962 Indian Anthropology, Essays in memory of D. N. Majumdar. London: Asia Publishing House.

MALIK, S.

1968 Indian Civilization: The Formative Period. Simla: Indian Institute of Advanced Study.

MALIK, S.

1975 Prehistoric Archaeology as a Social Scienee in India. In Man in India, vol. 55, No. 3, pp. 204-213.

McNEISH, R. S.

1967 Introduction in the Prehistory of the Tehuacan Valley, vol. 1, Austin: University of Texas Press, pp. 3-13.

McNEISH, R. S.

1967 An Interdisciplinary Approach to an Archaeological Problem. In Ibid pp. 14-24.

MISRA, V. N. and MATE, M. S. (eds)

1965 Indian Prehistory (Sem. Papers). Poona: Deccan College.

ROWLEY, T. and BREAKELL, M.

1975 Planning and the Historic Environment. Oxford: Oxford University, Dept. for External Studies.

POSSEHL, G. L.

1979 Ancient Cities of the Indus. New Delhi Vikas Publishing House Pvt. Ltd.

ROWLEY, T. and BREAKELL, M.

1975 Planning and the Historic Environment. Oxford: Oxford University, Dept. for External Studies.

WHEELER, R. E. M.

1946 Archaeological Planning for India, some of the factors. In Ancient India. no. 2, pp. 125–33

WHEELER, R. E. M.

1976 My Archaeological Mission to India and Pakistan. London: Thames and Hudson.

Nepal

(Continued)

—Sylvain Levi

VIII. Inscription of Tsapali gaon

Taspaligaon is a small village situated at about 1 kilometre from Budha Nilkantha (Vol. II, 394). The stela that bears the inscription is erected against the small temple of Narayan. It is decorated on the fronton with a cakra between two conches (cankha). The arrangement of the whole and the outline of the conches exactly reproduce the adornment of a stela of Vasantadeva published by Bhagvanlal (No. 3). The inscription is mostly defaced, but traces of all the lines still exist to the member of 23. The inscribed portion covers a height of about 70 centimetres by a width of 26 centimetres. This lengthened shape reminds one by another feature of the stela of Vasantadeva. The characters of an elegant sketch measure on an average a height of 0m, 014; the space between the lines are about 0m, 02.

The stela showed undoubtedly a donation as is shown by the final lines, alone well preserved. But the name of the king, the name of the beneficiary and the object of the donation have disappeared. However, the beginning of the first line, still legible on the photograph, shows that the king resided in the palace of Managraha; he belonged then almost assuredly to the dynasty of the Licchavis. He follows besides, their graphical usage in redoubling the silent after 'r' (1.22 Vrsavarmma).

The date of the inscription, badly shown on the stamping very on the stone and on the photograph, is of samvat 489, a century after the inscription of Changu Narayan, a little before the reign of Civadeva. The epigraphical characters mark well in fact an intermediary phrase, bordering on the inscriptions of Civadeva. The two features that Bhagvanlal had noted as essential to the epoch of Civadeva are already encountered in it to a lesser degree: the 'i' at the end of the aksara that hardly descended below the superior level of the line with Manadeva, lengthens gradually from Vasantadeva to Civadeva; the left dash of the 'va' is in a fair way of getting round. The 'ya' continues to develop its initial curve, brought to the height of the higher level of the line. On the other hand the 'ha' has not yet turned its axis and present its opening to the left of the scribe. The interest of the inscription consists especially in that it connects by an assured stage, the series Manadeva–Vasantadeva to the series Civadeva, which it was desired to separate.

The dutaka, Vrsavarman, belongs already by its name to the series of the Varman; Bhogavarman, Amcuvarman, Candravarman who occupy a preponderating situation of the end of the Licchavi dynasty. He bears the enigmatic title of bhattarkapadiya, which I have not met elsewhere. The Dictionary of Petersburg does not give the word 'padiya' but the expression is regularly formed by means of the suffix 'ya' which marks in general a function of subordination.

'Bhattaraka-padah is the consecrated expression to respectfully designate the Bhattaraka, royal lord or divine lord. The Nepalese epigraphy furnishes two cases where the dutaka is a bhattaraka; The inscription of the Chasaltol, Samvat 137; dutaka; bhattaraka cri Vijaya deva; the inscription 13 of Bhagvanlal, samvat 1(4)3; dutaka; bhattaraka cri Civadeva. The bhattaraka-padiya must be a personage in resemblance of subordination with the bhattaraka himself. Does it mean from now a kind of mayor of the palace ? A chart that may be of the VIIth century supplies a designation fairly analogous. Cantilla general (bhladhikrta) in the services of the 'bhogikapala' and 'mahapalupati' Nirihullaka, who is himself the tatpadanudhyata of camkaragana, communicates a donation that he institutes to "the paramapadiyas and to the related ones" (Sarvan eva paramapadiyan svamc cavedayati. Ep. Ind. 11, 23, 1.5). The contrast of svan with paramapadiyan states precisely the meaning; On the one hand his own extents of jurisdiction and on the other, the extents of jurisdiction of the sovereign authority.

Text

1 .. ... Managrhat pa...
2. rakamaharaja ... ...
3. pa ... ... nava ... ...
4. ... ... manu ... ...
5. ... ... Jnepayati viditam astu ...
6. ... ... mana... ...
7. ... ... Guptavijnap ... na

(8-17 defaced) (obliterated)

18. ... ... d api... ...
19. gren na kena (cid a), nyatha karan... ...
20. nyath kuryyat karayed va tasyaham akrtyaka
21. rino badham na marsayisyamiti bhattaraka
22. padujo py atra dutako Vrsavarmma Samvat
23. 400. 80. 9 Cravana

Translation

(1–18) of Managrah ... the great ... king... ... makes known: know this ... ... the councel of... ... gupta ...

(19-21) Nobody must change anything of it; and if anyone falsifies it, personally or through an intermediary, I will not tolerate a similar offence.*

(22–23) And the delegate here is Vrsavarman who is of the same nature as the holy person of the lord.

24. Year 489, month of Cravana, clear fortnight, the 12th.

* Beginning from Civadeva (1), the verb 'marsay', when it is employed in analogous wordings, regularly governs the name of the person in the accusative case; for example in my inscription of the Tulacchi-tol, 1,14; tamaham atitaran na marsayitasmi; in Bhag 7 (Amcuvarman samvat 39) 1.19; tam vayan ka marsayis yamah. The dictionary of Petersburg (supplement to vol. v) refers to two stanzas of the Maha Bharata built on an identical type and that have the name of the person governed by mars in the genitive case.

"trayate he yada sarvam vaca kayena dharamana
putrasyapi na mrsyec ca sa rajno dharma vcyate. XII, 3434 →

IX. Inscription of Tulacchi Tol at Bhatgaon

This inscription which I found imbedded in the wall of an old bathing pond, at Tulacchi tol, in Bhatgaon (key 11,374) reproduces almost integrally the inscription of the Golmadhi-tol discovered and published by Bendall (no. 1) and which serve as a base to his chronological system. The inscribed portion of the stela covers a height of about 0m, 70, the average height of the characters above the line is about 0m, 012; the space between the lines is about 0m, 023.

The text is in Sanscrit and in prose. The style of writing is correct. It is proper to observe that the silent after 'r' is constantly redoubled, according to the custom of the Licchavis; such is also the case in the inscriptions of Civadeva published by Bhagvanlal (5) and by Bendall (1), in spite of the inconsequences of the transcriptions given by the two editors. Thus Bhagvanlal transcribes in line 1; 'cauryavairyya'; the facsimile shows 'çauryyavairyya', in line 2 the transcription and the facsimile wrongly give ketur bhatta; the text of Tulacchi-tol shows clearly that one must read ketu bhatta In Bendall, 1.10, anyair va; the corresponding portion of the facsimile does not allow a verification; 1.12–13 Bendall: smadu-durdhvambhu; the facsimile bears clearly, like the text of the Tulacchi-tole, pimadu (1.13) 'rddhvam bhu; 1.14 Bendall anuvartibhir; facsimile anuvarttibhir. I immediately note that the inscription 4, of Bhagvanlal 'the characters of which closely resemble those preceding' and which is dated 535 Samvat, confirms itself to the new orthography and does not redouble the silent after, 'r'... ... — Ex. 1.4; purva 1.12 parvata; 1.17 vartibhir and not varttibhir like Bhagvanlal wrongly transcribe.

---

papam acarto yatra karmana vyahrtena va
priyasyapi na mrsyeta sa rajno dharma acyate. XII, 3437

Besides, the same construction again appears to meet one in Vasantadeva's inscription, samvat 535; the facsimile of Bhagvanlal gives in 19–20; d va tasyaham dedham aryya ... miti contains undoubtedly the final syllable of 'marsayisyami' which the meaning and usage naturally bring here.

(Foot Note to page 63; 'Nepal', vol. III by S. Levi)

4. The reading of the first syllables is very dubious also re-establish pradhanapurassaran instead of 'pradhagjana pu' in the corresponding portion of Bendall 1,1.3.

6. Re-establish, according to Bd. 1,5; bhavatam yathaneva pra

7. Re-establish; svaparakramopacamitamittrapaksa

9. Re-establish; anukampaya ca. But the reading of the following syllables by Bendall system of the inscription; besides on Bendalls photograph as on my stamping the group can be clearly read; rvr and the letter that precedes cannot be a 'ba'; because a horizontal stroke well engraved cuts the character half-way. It is then proper to provisionally restitute (ku) th. rvrtyadhikrtanam.

16. Re-establish; samyak paripalanyetil the word samajunapana is missing in P. W. and

The inscription contains a royal chart, conferred by Civadeva, the Licchavi on the report of the Maha-Samanta, Amcuvarman in favour of the inhabitants of the borough of khrpun, probably situated on the western side of the actual site of Bhatgaon, where stands to-day the Tulacchi-tol. The date, illegible on the reproduction so faint was the relief, can at least be partly deciphered on the stamping at the beginning of the last line. One can recognize the symbol of the hundreds and that of the tens; the symbol of the units is completely obliterated. The inscription then stands between 510 and 519 samvat; it is undoubtedly exactly contemponaneous to the inscription of the Golmadhi - tol, since one is identical to the other save for the designation of the privileged borough The new text permits thus to rectify few erroneous readings of Bendall. L. 1 read 'yaca' instead of 'dico'; 1.2 'ketu' not 'ketur'; 1 camitamittrapaksa, not camitamitavipksa; 1.10 asmatapada prasado (as is also shown by the facsimile) not asmatprasado; I.12 marsayitasmi not marsayisyami; ye pi mad not ye vasmad.

The dutaka is like in the Golmadhi-tol, Bhogavarmagomin (not cvami as Bendall reads).

Text

1. Svasti Managrhad aparimitagunasmudayod-bhasi etc. see pages 62, 63, 64., 'Nepal' Vol III, by Sylvain Levi.

Translation

(of text on pages 62, 63, 64)

(1-5) Greeting. Of Managrha. His numerous virtues grouped illuminate his fame; his adored father follows him in thought; the race of the Licchavis has him for this banner; the sovereign the great king Civadeva in good health to the inhabitants of the village of Khrpun, notables foremost, chiefs, of families of the said village... ...wished good-day makes known this;

(6-11) Know this; an illustrious personage of immaculate and vast fame, who through his heroic valour, conquered the power of my rivals the great marquis Amcuvarman has reported to me; and I through consideration for him and through compassion for you, I do not authorize the... to penetrate in the village, according to the custom only to receive the three taxes; but for the handing over of the written documents for the five crimes, etc. to enter is forbidden. Such is the privilege of confer on you.

(11-16) And now that it is known nobody not even those people attached to my service, or the others, must change anything of it. And whosoever infringing my order would make it void either in person or by instigation, I will absolutely not tolerate it. And the kings to come, they also, through respect for the law, in accordance with the privilege I have conferred, must maintain my regulation. This is what I had to make known.

(17-18) The delegate here is Bhogavarma-gomin. Year 51... ... clear fortnight...the day.

17. restore; datakac catra.

X. Inscriptions of Thoka

Thoka is a hamlet facing Dharampur (11,394). The stela that bears the inscription is entirely worn away and does not bud itself to deciphering. The fronton is adorned with the cakra between two overturned conches with their points upwards. One can make out the traces of twenty nine lines that constitute it; the object must have undoubtedly been a grant of land; the boundaries being shown with the usual detail.

L. 9; Sangamas tatas ta; 1.10 setu; 11 purvva-s tato morggam anustrya; 12 lavrkasas tasya cadhas ti; 13, srtya... ...tasmad uttara; 14 niyapatas tasmad uttara; 15, tato daksinan usara; 16 m anusrtya; 17 sya daksinato jatikhrnnadi. Then come the fragments of threats and of usual recommendations; 18 pariksepta; 19, nyair vva... ...; 20, marsayisy; 21 prasadanuva, 26 tad uac ca... ... m apaha; 24 apaha.

In fact all the interest of the inscription holds for us in the indications of the last two lines.

28. dutakac catra Vipravarmmagom samvat 519.
29. cukladiva dacamyam

28-29) The delegate is here Vipravarma ... ... gomin.

year 519... ... clear fortnight, the 10th.

The inscription by its date, is then placed between that of Golmadhi-tol and of Dharampur which is locally also in the neighbourhood of it. It clearly emanates, like the two others, from king Civadeva, and the dutaka is once more 'gomin' (key, 11, 129 sqq).

(To be continued)

साझा बाजे मलैबम्म

–राजाराम सुवेदी

सपादलक्षशिखरि खसमल्ल साम्राज्यको अवसान-पछि कर्णाली प्रदेशमा वर्मा उपाधिधारी शासकहरूको उदय हुन गएको थियो । खसमल्ल सम्राट अशोकचल्ल-कै राज्यकालदेखि ती वर्मा थर भएका मानिसहरू दरबारी भारदार बन्न सफल भई तत्कालीन समाजमा विशेष प्रभाव पार्न सफल हुँदै आएका थिए । त्यही वर्मा परिवारसंग निकट सम्बन्ध राख्ने एक व्यक्ति मलैवर्मा वा मलैबम्म गण्डकी र कर्णाली प्रदेशका अधिकांश बाईसी एवं चौबिसी क्षेत्रका अधिपति बन्न सफल भए । ती मलैबम्मले आफ्नो जीवनको उत्तरार्द्ध कालमा आफ्नो विशाल राज्यलाई विभिन्न टुक्रामा विभाजन गरी आफ्ना उत्तराधिकारीहरूलाई वितरण गरी टीको फूर्को समेत लगाएर राजा बनाईदिए । त्यसै कारण ती बूढा राजा मलैबम्म बाइसी र चौबिसी राज्यका शासकहरूका साझा बाजे हुन् ।

राजा मलैबम्मको विषयमा खोजी गर्दै जाँदा पहिले अछाम राज्यको अजयगढ पुग्नु पर्ने हुन्छ जहाँ शाके १२७६ को यशोवर्माको शिलाभिलेख उत्कीर्ण गरी स्तम्भाकार पारी उभ्याइएको छ ।[1] उनै यशोवर्माको शाके १२७६ को अर्को अभिलेख दुल्लुस्थित पाथरनाउली-मा उत्कीर्ण गरिएको छ । दुल्लुस्थित सो पाथरनाउली (पानीको कुवा, जलाशय) जसको निर्माण पत्थरै पत्थरले गरिएको छ ।[2] खसमल्ल सम्राट पृथ्वीमल्लका राज्य-कालमा सिजा एवं दुल्लु राजधानीमा भारदार भई बस्ने व्यक्तिहरूमा यशोवर्माको नाउँ सर्वोपरि छ । उनी बाहेक-का भारदारहरूमा क्रमशः मलयवर्मा, मेदिनीवर्मा, संसारवर्मा, सुमेरुवर्माहरूको नाम पनि कम उल्लेखनीय छैन । ती सबै भारदारहरू वर्मा परिवारका सदस्य भएको कुरा त उनीहरूका नाम पछि परेको थरबाट थाहा हुन्छ। यसरी वर्मा परिवारका भारदारहरू खसमल्ल राजाहरूका दरबारमा पहिल्यैदेखि प्रवेश गर्न सक्षम भएको कुरा देखा पर्दछ । यसै आधारबाट केही विद्वानहरूले ती वर्मा परिवारका दरसन्तानहरू हुनुपर्छ भनी प्रकाशन समेत गरेका छन् ।[3] खसमल्ल वंशका अन्तिम शासक अभय मल्लद्वारा प्रदान गरिएका अभिलेखहरूमा वर्मा परिवार-का भारदारहरूको नाम समेत उत्कीर्ण भएको पाइन्छ ।

---

१. सूर्यमणि अधिकारी, "पश्चिम नेपालका केही अप्रकाशित अभिलेख" **कन्ट्रिब्युसन टु नेप्लोज स्टडीज**, भोलम ७, नं. १–२ (दिसम्बर १९७९–जून १९८०), पृष्ठ १७९–८०

२. योगी नरहरिनाथ, **इतिहास प्रकाश**, भाग २, अङ्क १ (काठमाडौं : इतिहास प्रकाश संघ, २०१३) पृष्ठ ४६

३. सूर्यमणि अधिकारी, **पूर्ववर्णित** टिप्पणी नं. १, पृष्ठ १८०–८१

यसरी अभिलेखहरूमा साक्षी राख्नु पर्ने कारण राजाले आफ्नो राज्यका कुनै रैतिलाई दान, दातव्य, विर्ता, अकर, वितलप र छत्तीसकर माफ गर्ने विचारले प्रदान गर्दा औपचारिक रूप दिनु पर्दथ्यो। सोही प्रसङ्गमा भूमण्डलका साक्षी मनी आफ्ना दरबारका भारदारहरूको नाम उल्लेख गर्ने परम्परा थियो। त्यसो गरेपछि सो अभिलेख पाको ठहरिन्थ्यो। उनीहरू राजाकै दौडाहाको क्रममा संगै जाने चलन हुँदा प्रत्येक क्षेत्रमा जानकारी राख्न सक्थे। तसर्थ उनीहरू प्रत्येक अभिलेखमा दृष्टि साक्षीका रूपमा रहन्थे।[४] राजा अभयमल्लको शासनपछि मलयवर्माको शासन शुरू भएको हुँदा मलयवर्मालाई कुनै विद्वानहरूले अभयमल्लका उत्तराधिकारी मानेका छन् भने कुनै विद्वानहरूले अभयमल्लका उत्तराधिकारी र छोरा मेदिनीवर्मा भएको कुरा कालक्रमको अध्ययन गरी स्वीकार गरेका पाउँछौं।[५] सपादलक्ष-शिखरि खसमल्ल साम्राज्यको शक्ति क्षीण एवं शिथिल भएपछि कर्णाली र गण्डकी प्रदेशमा विभिन्न क्षेत्रहरूलाई समेटी वर्मा परिवारले एकाधिपत्य पारेको थियो। त्यसपछि विभाजनको श्रीगणेश भयो। हुन त यो विभाजनको शुरुआत राजा पृथ्वीमल्लकै समयदेखि भएको पाइन्छ। त्यसको विशाल साम्राज्यको पतन गराउनामा खसमल्ल सम्राटका महामात्य यशोवर्माको पनि हात रहेको आशङ्का गर्ने ठाउँ छ।

यसरी यशोवर्माले धेरै वर्षसम्म तयार गरेको भूमिकाबाट मलयवर्माले प्रशस्त फाइदा उठाए। फलस्वरूप उनी सिंजाधिराज हुन पुगे। राजा मलयवर्माको शाके १३११ (वि. सं. १४४६) को ताम्रपत्र पनि प्रकाशनमा आएको छ।[६] उक्त अभिलेखमा राजा मलयवर्मालाई "श्री श्री श्री महाराजधीराज देवसुर डेडिमल मलैम्मूं" भन्ने विरुदले सम्बोधन गरिएको छ। सोही अभिलेखमा अनन्त मल्लको नाउँ पनि उल्लेख छ। तसर्थ मल्ल र वर्मा परिवार एकै परिवार नभएको संकेत मिल्दछ। सो ताम्रपत्रमा सदु जैशी, मैसु जैशी, मंघर फंजु रावल, रूध थापा, नन्दु जैशी जस्ता व्यक्तिहरू दृष्ट साक्षीका रूपमा उत्कीर्ण गरिएका छन्। अर्कोतिर शाके १३१३ को राजा अभयमल्लको ताम्रपत्राभिलेख धवलागिरि अञ्चलको म्याग्दी जिल्लामा प्राप्त भएको छ। यसर्थ राजा मलयवर्मा र अभयमल्लको एकै समयमा दुई ठाउँका राजा भएका बुझिन्छन्। त्यस्तो कसरी संभव हुन गयो होला भन्ने जिज्ञासा उठ्नु स्वाभाविक हो। माथि उल्लेख गरिएको जस्तै अभयमल्ल छँदैमा मलयवर्मा राजा भइसकेको कुरा कर्णाली अञ्चल कालीकोट जिल्ला रैंका साँघुमा राजा मलयवर्माको शाके १२९७ (वि. सं. १४३२) को ताम्रपत्र प्रकाशन भइसकेको हुँदा निर्णय गर्न सकिने स्थिति छ।[८] यसकारण एकै समयमा राजा अभयमल्ल र मलयवम्म शासन गर्न थालेका रहेछन् भन्ने ठाउँ रह्यो। यस्तो कसरी सम्भव भयो भन्ने विषयमा केही विद्वानहरूको मत यस प्रकार भएको पाइन्छ। राजा मलयवर्माले राजा अभयमल्लको राज्य बलात् अपहरण गरेकाले राजा अभयमल्ललाई आफ्नो राजधानी सिंजा छोडी पूर्वतर्फ जान बाध्य हुनु परेको कुरा उल्लेख भएको छ।[९] त्यसरी सिंजाबाट पूर्व पूर्व धपिनु परेको भए ताम्रपत्रमा त्यसको संकेत हुनुपर्ने थियो तर सो शाके १३१३ को अभिलेखमा त्यस्तो

४. राजाराम सुवेदी, बझाङ्ग जिल्लाका बाह्र अभिलेखहरू "**कन्ट्रिब्युसन टु नेप्लीज स्टडिज**" भोलम ६, नं. २ (असार २०३६), पृष्ठ ९१-९२

५. बालकृष्ण पोखरेल, **पांच सय वर्ष** (काठमाडौं : साझा प्रकाशन २०३१), पृष्ठ ६२

६. सूर्यमणि अधिकारी, **पूर्ववर्णित**, टिप्पणी नं. १, पृष्ठ २८१-८२

७. **ऐजन**

८. बालकृष्ण पोखरेल, **पूर्ववर्णित**, टिप्पणी नं. ५, पृष्ठ ६२

९. सूर्यमणि अधिकारी, **पूर्ववर्णित**, टिप्पणी नं. १, पृष्ठ १८३

कुनै कुरा नहुँदा वर्मा परिवारले थपाई लेखेटी अभयमल्ल धवलागिरि म्याग्दीको संजेल गाउँमा पुगेका हुन् भन्ने कुनै प्रमाण प्राप्त भएको छैन ।[10] कर्णाली प्रदेशमा यस्ता प्रकृतिका अभिलेखहरू यत्रतत्र प्राप्त भएका छन् । राजाका प्रतिनिधि भई कुनै प्रदेशमा अधिकारीको काम गर्ने व्यक्तिले पनि आफूलाई राजा जस्तै ठानी ताम्रपत्रहरू प्रदान गरेका उदाहरणहरू अरू ठाउँमा पनि प्राप्त भएका छन् । यसर्थ राजा अभयमल्ल र मलयवर्माको पनि त्यस्तै पर्न गयो कि भन्ने शङ्का गर्ने ठाउँ छ । जे होस्, कर्णाली प्रदेशको मुटु मानिएको सिजा जस्तो ठाउँमा मलयवर्मालाई राजाका रूपमा मानिएका प्रमाणहरू प्राप्त भएको कुरालाई स्वीकार गर्नै पर्दछ । उनै मलयवर्मापछि गण्डकी र कर्णाली प्रदेशमा बाइसी र चौबिसी राज्यको स्थापना हुन गयो । एक विद्वानले सिजाका महाराज मेदिनीवर्माले छयालीस सामन्तलाई कब्जाएको कुरा उल्लेख गरेबाट सो कुरालाई झन पुष्टि मिलन गएको छ ।[11] अर्का विद्वानले राजा अभयमल्लका साह्रै नजीकका महासामन्त मेदिनीवर्माले अवसर पाई राजधानी सिजालाई अँठ्याएको देखिन्छ भनी अभयमल्लपछि मलयबम्म वा मलयवर्माको नामै उल्लेख नगरी मेदिनीवर्मालाई उत्तराधिकारी घोषित गर्नु भएको छ ।[12] राजा मलैबम्मका विषयमा विभिन्न वंशावली अभिलेखहरूमा उल्लेख गरिएका कुराहरूको क्रमशः चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

बझांगी रजपूत वंशावलीमा राजा मलयवर्माको नाउँ चौतीसौं क्रममा उल्लेख गरिएको छ ।[13] सो वंशावलीमा राजा मलैवम्मलाई नरिबम्मका नाति, राजबम्मका छोरा भनिएको छ । बझाङ्गको अर्को वंशावलीमा उनलाई राजबम्मको नाति जयतिबम्मका छोरा भनिएको छ । उनको नाउँ पैंतीसौं क्रममा उल्लेखित छ ।[14] जाजरकोटे राजवंशावलीमा पनि राजा मलैवम्मलाई गोथु मल्लका नाति जैभम्मका छोरा भनी उल्लेख गरिएको छ ।[15] समाल शाही राजाहरूको वंशावलीमा पनि राजा मलैबम्मको नाउँ छ । सो वंशावलीमा उनलाई गोलूमल्लका नाति गोसुमल्लका छोरा मलैबममल्ल भनी ११ औं क्रममा उल्लेख गरिएको छ ।[16] बाईसी राज्य सल्यानी राजाको वंशावलीमा पनि राजा मलैबम्मको नाउँ उल्लेख गरिएको छ । त्यहाँ उनलाई दातामल्लका नाति गोथडीमल्लका छोराका रूपमा वर्णन गरिएको छ ।[17] अछामी राजाहरूको नाम क्रममा राजा मलैबम भन्याको नाम ३८ औं क्रममा भेटिन्छ । सो वंशावली अनुसार उनलाई टोझरीभन्याका नाति अभयराजका छोरा भनी वर्णन गरिएको पाइन्छ ।[18]

१०. मोहनप्रसाद खनाल, **मध्यकालीन अभिलेख**, (काठमाडौं : मोहनप्रसाद खनाल, २०३०) पृष्ठ १७–१८

११. बालकृष्ण पोखरेल, **पूर्वबर्णित**, टिप्पणी नं. ५, पृष्ठ ६२

१२. धनबज्र बज्राचार्य, "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा" **कर्णाली प्रदेश एक विटो अध्ययन** (जुम्ला : भीमप्रसाद श्रेष्ठ, २०२८) पृष्ठ ४३

१३. राजाराम सुवेदी, **पूर्वबर्णित**; टिप्पणी नं ४, पृष्ठ ८५

१४. योगी नरहरिनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, भाग १ (दाङ : आध्यात्मिक सम्मेलन, २०२२) पृष्ठ ५८८

१५. विश्वनाथ भट्टराई, "जाजरकोटे राजा र मल्ल राजाहरूको वंशावली" **प्राचीन नेपाल**, संख्या २७, (वैशाख २०३१), पृष्ठ ४९–५०

१६. योगी नरहरिनाथ, **इतिहास प्रकाश**, अङ्क १ (काठमाडौं: इतिहास प्रकाश संघ, २०१२) पृष्ठ ६८–६९

१७. योगी नरहरिनाथ, **पूर्वबर्णित**, टिप्पणी नं. १४, पृष्ठ ६०९–६११

१८. योगी नरहरिनाथ, **इतिहास प्रकाश**, अङ्क २, भाग ३ (काठमाडौं : इतिहास प्रकाश संघ, २०१२), पृष्ठ ३८७–३९४

रासकोटी वंशावलीमा पनि मलैभम्याको नाउँ ३७ औं पुस्तामा उल्लेख गरिएको छ । सो वंशावलीमा उनलाई टोझरीभम्याका नाति अभयराजका छोरा नै भनेको छ ।[19] त्यसै रीतले दुलाल वंशावलीमा राजा मलैबमको नाउँ पन्ध्रौं क्रममा उल्लेख छ ।[20] दुल्लुकै अर्को वंशावलीमा उनलाई काडिमल्लका नाति टोटरिमल्लका छोरा भनिएको छ ।[21] दुल्लुराज नामावलीको ३६ औं क्रममा राजा मल्लवर्माको नाउँ भेटिन्छ ।[22] जुम्ला खाडाचक्रका रास्कोटी राजा मलयवर्माको खाडाप्रकाश पनि गरिएको छ । सो खाडाप्रकाशको १९ औं क्रममा राजा मलयबर्माको नाउँ भेटिन्छ ।[23] अर्को राजा रास्कोटि राइठूर वंशावलीमा मलैबम्मलाई २४ औं क्रममा वर्णन गरिएको पाइन्छ ।[24]

राजा मलैबम्मको नाउँ शाके १३४० (वि. सं. १४७५) को ताम्रपत्र अभिलेखमा उत्कीर्ण गरिएको छ । सो ताम्रपत्रमा मलैबम्म बाहेक सिरबम्म, संसारबम्मको नाउँ पनि उल्लेख छ ।[25] एक इतिहासकारले मलैबम्मका बाजे कन्नौज गढका अन्तिम रायठोर राजा मठिमलका छोरा कांशीदाश मानसरोवरको तीर्थाटन गर्न जुम्लाको बाटो आउँदा सिंजापति राजाले आफ्नी छोरी विवाह गर्न दिई जुम्लाको सामाचौर भन्ने ठाउँमा बसोवास गर्न दिए । पछि तिनै काशीदाशका छोरा देवचन्द्र भएका र देवचन्द्रका पनि छोरा क्वप्रिया भए । क्वप्रिया नाउँ आर्य मर्यादोचित नभएकोमा पनि लेखकको आफ्नै परिभाषा छ । तो क्वप्रियाका छोरा भीमवर्मन भए । तो भीमवर्मन शारीरिक बलशाली हुनाले उनलाई गजभीम वर्मन भनी वंशावलीले लेखेको छ । उनै गजभीमवर्मनका एक पराक्रमी छोरा भए जसको नाउँ मलयवर्मन वि. सं. १४२९ मा राजा भएको कुरा प्रकाशमा आएको छ ।[26] राजा मलैबम्मलाई औतारी, चमत्कारी यमुना; काठमाडौं, बुढानं, मोरङ्गमा गई लामा जुझाएका, जुम्लाबाट एकमन सुन दुल्लु झिकाएको हुँदा उनको यशोगान गरिएको भनिन्छ । त्यसो हुनाले नै "सिंजा हाट दुल्लु विराट" भनियो ।[27]

एक लेखकद्वारा प्रकाशित पर्वत र गलकोटको वंशावलीमा राजा मलैबम्मलाई १२० औं क्रममा प्रकाशन गरिएको छ ।[28] यसरी घुमाउरो किसिमले अध्ययन गर्दा राजा मलैबम्मको पैतृक वंश राजस्थानी वा कन्नौजी रजपूतहरूसंग जोड्ने प्रयास वंशावलीले गरेको छ । अर्कोतिर उनको मातृपक्षको सम्बन्ध सोझै सिंजापति खसमहाराजकी छोरीपट्टि भएको कुरा पनि स्पष्ट भेटिन्छ । तत्कालीन समाज पितृ प्रधान हुनाले र पैतृक कुल नै इज्जत गर्ने हाम्रो परम्परा हुनाले मलैबम्मलाई केही अभिलेखहरूका आधारमा रजपूत भन्न सकिने ठाउँ छ । निष्कर्षमा राजा मलैबम्मको वंशबारे निर्विवाद गर्ने हो भने उनी रजपूत र खसमल्लका वर्णशङ्कर नेपाली

१९. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं १६, पृष्ठ ६९–७०

२०. **ऐजन**, पृष्ठ ७०

२१. **ऐजन**, पृष्ठ ७०–७१

२२. **ऐजन**, पृष्ठ ७२

२३. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं. २, पृष्ठ ३२७–३२९

२४. **ऐजन**, पृष्ठ ३६४–३६८

२५. राजाराम सुवेदी, **पूर्ववर्णित**, टिप्पणी नं. ४, पृष्ठ ९७

२६. मोहनबहादुर मल्ल, "कर्णाली प्रदेशका वर्मन" **प्राचीन नेपाल**, संख्या २७ (२०३१ वैशाख); पृष्ठ ५९–६२

२७. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं. १६, पृष्ठ ७०

२८. ॐकारप्रसाद गौचन, "पर्वते मल्ल राजाहरूको वंशावली" **बुकी बुच्छा २** (बाग्लुङ : नेपाली साहित्य सम्पर्क समिति, २०२६), पृ. ९

ठकुरी हुन्। उनी बौद्ध होइनन् हिन्दू हुन् भन्ने कुरा उनका ताम्रपत्रादिबाट स्वतः चाल पाइन्छ। नेपाल मा रजपूतहरूको प्रवेश चौधौं विक्रम शताब्दीको उत्तरार्द्ध कालमा शुरू भई पछि बढ्दै गएको कुरा विभिन्न लेखकहरूले स्वीकार गरेका छन्।[29]

कर्णाली प्रदेशमा प्राप्त विभिन्न अभिलेखहरूको अध्ययनबाट यो कुरा चाल पाइन्छ कि सपादलक्षशिखरि-खसमल्ल साम्राज्यको अवसानपछि गण्डकी र कर्णाली प्रदेशमा वर्मन वा वर्मा वंशी शासकहरूको राज्य स्थापना भएको रहेछ। ती वर्माहरूमा मलयवर्मा सबैभन्दा शक्तिशाली ठहरिएका बुझिन्छन्। उनै बूढा राजा मलयवर्मा समग्र रूपमा बाइसी र चौबिसी राजाहरूका मूल बाजे भएको कुरा केही विद्वानहरूले प्रकाशन पनि गरिसक्नु भएको पाइन्छ।[30] उपर्युक्त कुराहरूबाट राजा मलैबम्म, सिजा, खाडाचक्र, रासकोट, दुल्लु, दैलेख, जुम्ला, अछाम, दर्ना, रूकुम, मुसीकोट, बाँफी, गोताम, जहारी, माल्नेटा, दार्मा, सल्यान, वडाँगाउँ, कालागाउँ, बझाङ्ग, बाजुरा, थलारा, परवत, गल्कोट, पय्यौं जस्ता राज्यका शासकहरूका एक साझा बाजेका रूपमा मध्यकालीन इतिहासमा देखापरेका छन्। तसर्थ गण्डकी र कर्णाली प्रदेशका ठकुरीहरू उनैका सन्तान ठानिन्छन्।

राजा मलयवर्माकी रानीको नाउँ रूपावती थियो।[31] जाजरकोट भेकतिरको लोक इतिहास अनुसार पहिले त्यहाँ एक जाड बसेको थियो। राजा मलैबम्मले जाडलाई मारी कोटघर बनाएकाले सो ठाउँको नाउँ नै जाडकोट भयो र पछि सोही ठाउँलाई जाजरकोट भनियो। जाजरकोट नाउँ रहनुमा त्यहाँ धरातल कमजोर भई जर्जर परेकोले पनि भनिन्छ।[32] राजा मलैवर्माको वर्णन गरेको एक पाण्डुलिपि पुस्तक जाजरकोटमा प्राप्त भएको छ। सो पुस्तक शाके १३०९ मा लेखिएको हो जहाँ मलैबम्मलाई राजा भन्ने भाषा पारिएको छ। पुस्तकको नाम हो– रूकुमालाबज्युमहिम्नस्तोत्र। रूकुमालाबज्युको कहानीको प्रसङ्गमा मलैबम्मको नाउँ पनि परेको छ त्यहाँ।[33] सल्यान राज्यको अप्रकाशित वंशावलीमा राजा मलैबम्मका तीन वटा छोरा र एक छोरी भएका थिए भन्ने छ। ती छोराहरूमा क्रमशः जगतिसिन, पृथ्वीबम्म, माधौ अथवा सुर्तान्बम्म हुन्। छोरीको नाउँ त्यहाँ उल्लेख छैन।[34] रुकुममा प्राप्त वंशावली पाण्डुलिपिमा पनि त्यही कुरा वर्णन गरिएको पाइन्छ।[35]

राजा मलयवर्माको उत्तरार्द्ध जीवनकालमा आफ्नो विशाल राज्यलाई चार भागमा बाँडी आफ्ना तीन छोरा र एक छोरी ज्वाईंका बीचमा बाँडफाँड गरिदिए। ती टुक्राहरू पछि त्यसै गरी भागबण्डा गर्ने क्रममा टुक्राटुक्रा पर्न गए। उनले बाँडिदिएको थिति यस प्रकार थियो।[36]

---

29. Col. James Todd, *Annals and Antiquities of Rajasthan*, Vol I. (Delhi : Moti Lal Banarasi Das, 1971), PP. 309-312.
30. Ram Niwas Pande, "The Rise and Development of the Basis States" *Ancient Nepal*, No. 17 (October, 1971) PP. 52-56.
३१. जाजरकोट खलङ्गा गा. प. वार्ड नं. २ का श्री योग्यश्वर कार्कीसंग रहेको वंशावलीबाट प्राप्त जानकारी
३२. राजाराम सुवेदी, "स्वर्गद्वारी महाप्रभुको विलक्षणता" **वैपाल**, वर्ष १५, अङ्क १ (साउन, भदौ, २०४०), पृष्ठ ४४
३३. जाजरकोट खलङ्गाका योग्यश्वर कार्कीसंग संग्रहित रूकुमालाबज्यू महिम्नस्तोत्र पाण्डुलिपिबाट प्राप्त जानकारी
३४. सल्यान जिल्ला बडा गाउँ पञ्चायत वार्ड नं. ५ गोलकपुरका ज्यो: पं. श्री धर्मानन्द भट्टराईसंग संग्रहित पाण्डुलिपि वंशावलीबाट।
३५. राजाराम सुवेदी, "रुकुम र पल्लो मुसीकोटसम्बन्धी केही ऐतिहासिक पत्रहरू" **ध्वाइस अफ हिष्ट्री**, भोलम VIII, नं. १ (काठमाडौं : इतिहास शिक्षण समिति, कीर्तिपुर बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, डिसम्बर, १९८२ ई.), पृष्ठ ६६-७२
३६. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं: २, पृष्ठ ३३७, ३५९; ३७४

१. सुमेरुबम्म : उनी मलैबम्मका जेठा छोरा थिए। उनलाई सल्यान क्षेत्रको राजा घोषित गरिदिएका थिए।

२. मेदिनीबम्म : उनलाई जक्तिसिन वा जगतिसयन पनि भनिन्छ। राजा मलैबम्मले उनलाई जाजरकोटको राजा बनाइदिएका थिए।

३. संसारबम्म : यिनी राजा मलैबम्मका कान्छा छोरा थिए। उनलाई दैलेख राज्यको टीकोफूर्को दिइएको थियो।

४. बलिराज : यिनी राजा मलैबम्मका छोरी ज्वाई थिए। उनलाई राजा मलैबम्मले छोरीलाई दाइजो स्वरूप ज्वाईंलाई आफ्नै मुकाम क्षेत्र जुम्लाको राजा बनाइदिएका थिए।

उपर्युक्त वर्णनहरू हेर्दा राजा मलैबम्मका छोराहरूको नाउँ मिलेको छैन। हिन्दू संस्कृतिमा एक व्यक्तिका एकभन्दा बढ्ता नाम राख्ने प्रचलन हुनाले त्यसो भयो कि जस्तो शङ्का पनि उठ्न जान्छ।

राजा मलयवर्माले आफ्नै ईच्छाले आफ्नो राज्य विभाजन गरिदिएकाले वर्मा वा बम्म परिवारका शाखा सन्तानहरू फैलिँदै गए। त्यति मात्र होइन राज्य पनि बढे। अझ ती वर्मावंशीय राजाहरूले पछि आएर वर्मा पद छोडी मल्ल, बम्म, शाह, शाही, सिंह, सेन र सिन कहलिन थाले। केहीले आफूलाई पाल पनि भन्न थाले। जुम्लाको राज्य पाएका बलिराज वर्मा परिवारका नमएकाले र कालै गाउँमा बसोबास गरी रजाईं गर्न थालेकाले उनको वंशलाई कल्यालवंश भन्न थालियो। पछि आएर कल्याल राजाहरूले आफूलाई शाही र शाह भन्न थालेकाले समग्र रूपमा बलिराजका वंशजलाई कल्याल शाही भनिन्छ र मामाकी छोरी बिवाह गर्ने गर्दछन्। तर जाजरकोटे वंशावलीमा ती बलिराजलाई जाजरकोट दरबारमा मेदिनिबम्मका दरबारमा बस्तथे। तर उनले राजालाई दर्शन गर्दैनथे। एकदिन मेदिनीबम्मकी (जक्तिसिन) रानी सर्पावतीले बलिराजले किन दर्शन सलाम गर्दैनन् भनी सोधिन्। भोलिपल्ट बिहानै जक्तिसिनले बलिराजलाई जुम्लाको राज्य दिएकाले दर्शन सलाम गरे।[37] यस कुराबाट त मलैबम्मले बलिराजलाई राज्य नदिई जक्तिसिनले जुम्ला दिएको कुरा बुझिन आएको छ। तापनि बलिराज जुम्लाको शासक भएको कुरा सबै स्रोतबाट पुष्टि हुन जान्छ। एउटा कुरा जुम्लाका राजा बलिराजलाई जाजरकोटे राजा जक्तिसिनले आफ्नो राज्यमा ल्याई कैद गरेका थिए। आफ्नी बहिनी-पट्टिका ज्वाईं हुनाले उनलाई मार्न चाहिं मारिएन। यसको मूल कारण जुम्लाका राजा बलिराज र जक्तिसिनका बीचमा सम्बन्ध राम्रो थिएन। पछि बलिराजलाई छुटाउनमा जक्तिसिनकी रानी सर्पावतीको ठूलो हात थियो भन्ने कुरा जुम्लाको लोक इतिहासबाट जानकारी हुन जान्छ।[38] जाजरकोट भेकतिर त्यहाँ कुरालाई राम्रो पारी बलिराजको स्वाभिमान र जक्तिसिनको उदारतालाई उपमा दिन सफल भएको छ। त्यसैले त्यहाँ एक उखान बन्यो "धन्न धन्न मेदिनीबम्म धन्न तम्रो हियो सात दिन हुँट्न्या राज्ये दातप्येमा दियो"।

निष्कर्षमा, राजा मलैबम्म अधिकांश बाईसी र चौबिसी राज्यका अधिपति थिए। उनैले त्यत्रो राज्य धेरै माँजा पारे। सो क्रम नेपालको एकीकरण कालसम्म कायमै रह्यो। राजा मलैबम्म वर्तमान नेपालका पूर्ववर्ती शासक हुन् जसको कमजोरीले राज्य टुक्रिएको थियो।

---

३७. जाजरकोट जिल्ला, खलङ्गा गा. पं. वार्ड नं. १ का ईश्वरीबहादुर शाहसंग रहेको जाजरकोटे राजवंशावली-बाट प्राप्त जानकारी।

३८. मोहनबहादुर मल्ल, **पूर्ववर्णित**, टिप्पणी नं. २६, पृष्ठ ६१

बजारका ठेकेदारहरूले मुद्दा हेर्नेबारेको संवत् १९९३ सालको अप्रकाशित सनद

—शङ्कर थापा
—अमरनाथ श्रेष्ठ

राणाकालमा शक्तिका स्रोत श्री ३ महाराज थिए। कानून उनको मुखमा हुन्थ्यो। तर पनि मुद्दा मामिला हेर्नको लागि पहाड र मधेशमा विभिन्न स्तरका अदालत र अमिनीको स्थापना गरिएको थियो। केन्द्रमा सर्वोच्च अदालतको रूपमै नभए पनि त्यस्तै काम गर्ने कौशल थियो। यसले गौंडाहरूबाट श्री ३ मा पर्न आएको विन्तीपत्रमाथि विचार गर्दथ्यो। यसको मुनि केन्द्रमा सदर अदालत थियो। यस अन्तर्गत चार उच्च स्तरका अदालतहरू कोटिलिङ्ग, इटाचपली, टक्सार र धन्सार अदालत पर्दथे। यसलाई चार अदालत पनि भनिन्थ्यो।[1] यसको नामकरण अदालत रहेको ठाउँको आधारमा भएको थियो।[2] यसको साथै जङ्गबहादुरकै पालामा पनि "इजहार प्रमाण अड्डा" भन्ने अदालत पनि थियो। यस बाहेक जिल्ला अदालत, गौंडा, अमाल अदालत[3] पञ्चायती अदालत तल्लो तहका अदालत थिए। यी सबै अदालत-को बावजुद पनि भारदारी (कौशल) र श्री ३ महाराज नै अपीलका अन्तिम तह थिए।[4]

राणाकालमा गौंडा, गढी र गोश्वाराहरूमा के कस्तो कानूनी व्यवस्था गर्नुपर्ने हो त्यसबारे समय समय-मा आवश्यकता अनुसार सवाल जारी गरिन्थे। यस बाहेक मधेश र पहाडका "रिपोर्ट निक्सारी अड्डा" मार्फत श्री ३ मा पर्न आएको विन्तीपत्रको आधारमा अनेक प्रकार-का कानूनी व्यवस्था गरी त्यस अनुसार कार्य सञ्चालन गर्ने आदेश गर्दै सनद र रुक्काहरू जारी गरिन्थे। यसको जाहेरी मुलुकी अड्डा-ऐन सवाल फाँटले गर्दथ्यो। यसका साथै सनदहरूको काम मुलुकी अड्डाकै पुर्जी फाँटले पनि गर्दथ्यो। सनदहरू प्रायः २ छापे र अन्य कतिपयमा

1. Krishna Kanta Adhikari, *Nepal Under Jung Bahadur 1846-77*, (Kathmandu, Buku, 1984) PP. 296-98
२. सरदार भीमबहादुर पांडे, "कोटीलिंगबाट प्रधान न्यायालयसम्म", **गरिमा**, २ : १०, (ललितपुर, साझा प्रकाशन, असोज २०४१), पृ. ६७-७३
३. कृष्णकान्त अधिकारी, **माथि उल्लेखित**, पृ. २९९-३०४
४. ऐ ऐ, पृ. ७०

खड्ग निशाना छाप लागी श्री ३ महाराजको सही हुन्थ्यो। खड्ग निसाना अड्डा प्रधानमन्त्रीको अफिस थियो। सन् १९१७ मा चन्द्रशम्शेरले स्थापना गरेको खड्ग निसाना छाप सनदमा लगाइन्थ्यो।[5] यस प्रकार जारी भएका सनद, रुक्का, सवाल आदिकै आधारमा गौंडा, गढी, गोश्वारा, अमिनी, अदालत आदिले आफ्नो काम सञ्चालन गर्ने गर्दथे।

राणाकालमा केही निश्चित ठाउँमा पञ्चायत खोली त्यस अन्तर्गत गाउँ घरका सानातिना झैंझगडा छिनोफानो गर्नको लागि पञ्चायती अदालतको पनि व्यवस्था गरिएको थियो। भीमशम्शेरको साथै जुद्ध शम्शेरको पालामा पनि पञ्चायत खोल्नको लागि आवश्यक सनद, ईस्तिहारहरू जारी गरिएका थिए।[6] त्यसमा रैतिको सुविधाको लागि पञ्चायत खोल्नु परेको कुरो दर्शाइएको हुन्थ्यो। साधारणतया सानातिना झैंझगडा र विवादमा पनि अदालतसम्म धाउनु नपरोस् भनेर पञ्चायत खोलिएको थियो।[7]

चन्द्रशम्शेरले तराईका अनेकौं ठाउँमा बजारको स्थापना गरे। यसको देखरेख गर्नको लागि बजार अड्डाको पनि स्थापना भयो। यसले बजारसम्बन्धी मामला हेर्नुको साथै बजारको बन्दोबस्त पनि गर्दथ्यो। तर जुद्ध शम्शेरको पालामा आएर बजारको बन्दोबस्त ठेकेदारहरूलाई दिन थालियो। यद्यपि तराईतिर बजार अड्डा र पहाडतिर मन्सार अड्डाले पनि यो काम गरिरहेकै थियो।[8] बजारको ठेक्का दिइएपछि त्यस्ता ठेकेदारहरूले कति मुद्दा मामिला हेर्ने र कति अधिकार प्रयोग गर्न पाउने भनेर सवालको निर्माण गरेर त्यसको दफा दफामा त्यसको व्याख्या गरियो। यो पूरा नेपालभरि लागू गर्न बनाइँएको सवाल थियो।

तर नेपालगञ्ज बजारका ठेकेदार हरिनारायण मारवाडीले बजारमा मुद्दाहरू हेर्न पाउँ भनी विन्तीपत्र हालेपछि यो काम अख्तियारी प्रदान गर्नु पर्ने भएकोले सो विन्तीपत्रको कार्यवाही कौशल मार्फत गराउने आदेश भएकोले कौशल मार्फत गराउने आदेश भयो। तत्पश्चात कौशलले त्यसमाथि अध्ययन गर्दा यस अघि संवत् १९९१ साल चैत्र १९ गते नै खड्ग निसानाबाट तोक लागी बजारसम्बन्धी व्यवस्था भएको थाहा भयो। अतः उक्त ठेकेदारको विन्तीपत्रमाथि विचार गरी निर्णय स्वरूप यो लेखमा प्रस्तुत सनद जारी गरिएको थियो।

यो सनद हामीले पुराना कागजपत्र र इतिहासको खोजी अध्ययनको क्रममा वीरगन्ज गोश्वाराका पुराना कागजपत्रहरू हेर्ने हालको अञ्चलाधीश कार्यालय गई खोजी गर्दा फेला पारेका हौं।

त्यस बेला कुनै पनि सनद, रुक्का जारी हुँदा विभिन्न गढी, गौंडा र गोश्वाराको साथै एक एक प्रति कौशी तोषाखन्ना र मुलुकी अड्डामा पनि राखिन्थ्यो। त्यसै मध्येको एक प्रति हामीले वीरगन्ज गोश्वाराको नाउँमा जारी भएकोबाट सारेका हौं।

यस सनदले बजारसम्बन्धी मामलामा अत्यधिक जानकारी प्रदान गर्ने भएकोले निकै महत्वपूर्ण देखिन्छ।

बजारका ठेकेदारलाई कति अधिकार दिने भन्ने बारेमा सवाल पनि जारी भएको थियो। यसै सवालको दफा दफाको व्याख्या समेत गर्दै मधेश रिपोर्ट निक्सारी फाँटले ठेकेदार हरिनारायण मारवाडीको पक्ष लिएर ठेकेदारलाई पनि मुद्दा हेर्ने निकासी दिने पक्षमा सिफारिश गर्दै रिपोर्ट जाहेर गऱ्यो। यस जाहेरीमा लेखिएको टिप्पणी नियमानुसार भएको कुराको समर्थन गर्दै

5. H. N. Agrawal, *The Administrative History of Nepal* (New Delhi, Vikas Publishing House, 1976), P. 18

६. शङ्कर थापा र अरू, **पञ्चायत स्थापना गर्ने बारेको जुद्धशम्शेरको पालाको सनद, इस्तिहार र कम्याण्डर इन चीफको बडापत्र,** (अप्रकाशित लेख), पृ. १

७. श्री ३ महाराज जुद्ध शम्शेरले संवत् १९९९ मा जारी गरेको पञ्चायत स्थापना गर्ने बारेको इस्तिहार

८. एच. एन. अग्रवाल, **माथि उल्लेखित,** पृ. ६२-६३

मे. ज. एकराजशम्शेरले त्यसलाई खड्ग निसाना अड्डामा पेश गरिदिए। तर यो अख्तियार दिने कुरासित सम्बन्धित थियो। तसर्थ तत्कालीन समयमा यस्ता खालका सबै रिपोर्ट कौशलद्वारा नै निर्णय हुनु पर्दथ्यो। अतः कौशलमा पेश गर्नु पर्ने भएकोले यो रिपोर्ट खड्ग निसाना बाट फिर्ता आयो। यसमन्दा अगाडि नै १९९१ सालमा भएको सवालले ठेकेदारहरूको अधिकार क्षेत्रलाई निश्चित गराइसकेको थियो। त्यस अन्तर्गत बजारको बन्दोबस्तसम्बन्धी अधिकार परे तापनि चोरी निकासी-पैठारी र बजारसम्बन्धी मुद्दा हेर्ने अधिकार ठेकेदारलाई दिइएको थिएन। यसको प्रमुख कारण थियो कि यदि ठेकेदारहरूलाई मुद्दा हेर्ने अधिकार दिएको खण्डमा तिनले आफ्नो आम्दानीको लागि ऐन विपरीत कार्यवाही गर्न थालेमा यसबाट सर्वसाधारण जनतालाई अन्याय र मर्का परी भविष्यमा बजार समेत खत्तम हुने सम्भावना थियो।

यस सम्बन्धी सवालले व्यवस्था गरे बमोजिम बजारसम्बन्धी मुद्दाहरू अमिनीले हेर्दथ्यो। तर बजारको ठेक्का लगाइएकोले त्यसमा भएको दण्ड भने ठेकेदारले पाउँदथ्यो। वास्तवमा यो तिनीहरूको लागि निकै महत्वपूर्ण व्यवस्था थियो। तर ठेकेदारहरूले यस बाहेक चोरी निकासी र पैठारीसम्बन्धी मुद्दा हेर्ने पाउने माग गरेका थिए। तर यस अघि जब बजार अड्डाको स्थापना भयो, यी सम्पूर्ण अधिकारहरू त्यसै अड्डालाई सुम्पियो। अतः बजारसम्बन्धी मुद्दाको छिनोफानो बजार अड्डाले नै गर्दथ्यो। अतः सरकारी अड्डाले गरिरहेको काम अरूलाई दिंदा राम्ररी गर्न नसक्ने र व्यक्तिगत हित बढी सोच्ने सम्भावना थियो। हुन त यसको चित्त नबुझे अपील गर्ने र गोश्वाराका बडाहाकिमले त्यसमा आफ्नो अधिकार प्रयोग गरी नियमानुसार काम भएको छ कि छैन त्यसको जाँचबुझ गर्न सक्थे।

१९९१ साल आषाढमा बजारको सवाल जारी हुनुभन्दा अगाडि सबै बजारहरू अमानतमा थिए। तर बजारको ठेकेदारी यसपछि मात्र शुरू भएको थियो। तसर्थ अमानतकालमा बजारका सम्पूर्ण अधिकारहरू बजार अड्डामा निहित थिए। ठेक्काको प्रचलन शुरू भए पछि अमानतकालको बजार अड्डाले हेर्ने पाउने मुद्दा मामिला ठेकेदारलाई दिंदा यदि तिनीहरूले मनपरी गरिदिएको खण्डमा दुनियालाई दुःख मर्का हुने र बजार पनि खत्तम हुन सक्ने तत्काल देखिएकोले मध्येस रिपोर्ट निक्सारी फाँटको रिपोर्टलाई कौशलले उचित ठानेन। बरू बजारको फोहोर मैलासम्बन्धी केही अधिकार भने ठेकेदारहरूलाई प्रदान गरियो। मुद्दासम्बन्धी कुनै पनि अधिकार दिइएन। तर दिइएको यस अधिकारमा पनि बडाहाकिमको अंकुश लगाइयो। यो तिनको मनोमानी रोक्ने उद्देश्यले गरिएको थियो। तिनले बजारमा फोहोर गर्नेलाई कं. रु. एक आनादेखि एक रुपियाँसम्म जरिवाना गर्न सक्थे। यसमन्दा बढी जरिवाना गर्नु परेमा बडाहाकिमको स्वीकृति लिनु आवश्यक गराइयो। यस प्रकार ठेकेदारहरूलाई थोरै अधिकार प्रदान गरिएको भए तापनि तिनीहरूले मनोमानी गरेर आर्थिक लाभ हासिल गर्ने कतै गुञ्जाइस नै थिएन। यसको साथै अबदेखि कुनै पनि जरिवानाको रकम ठेकेदारहरूले लिन नपाउने भए। वास्तवमा यस व्यवस्थाले आजसम्म प्राप्त भएको ठेकेदारहरूको विशेषाधिकार हनन हुनुको साथै अधिकार क्षेत्रलाई पनि सीमित तुल्याइदियो। यसले ठेकेदारहरूको स्थिति नराम्रो हुन गएको थियो।

अबदेखि विभिन्न मामलामा भएको दण्डको रकम अमिनी मार्फत सरकारी कोषमा दाखिल गर्नुपर्ने भयो। चोरी निकासी पैठारी आदिमा बजार अड्डा र अमिनीको चक्करमा निकै समय लाग्दथ्यो। तसर्थ यसमा सुगमता ल्याउनको लागि त्यस्ता मामिलामा ठाडै बुझी कार्यवाही गर्नु पर्ने भयो। यी सबै व्यवस्थाको लागि अमिनी र गोश्वाराहरूका नाउँमा सनद जारी भएका थिए।

यस लेखमा प्रस्तुत सनदले बजार व्यवस्थाको बारेमा अनेकौं नयाँ कुरामाथि प्रकाश पारेको छ। यसले प्रस्तुत गरेको महत्वपूर्ण ऐतिहासिक तथ्यलाई निम्न रूपले गणना गर्न सकिन्छ–

१. बजारका ठेकेदारहरूको अधिकार क्षेत्र
२. मध्येस रिपोर्ट निक्सारी फाँटको काम
३. बजार अड्डाको उद्देश्य र अधिकार

४. कौशलको काम

५. १९९१ सालमा भएको बजार सवालका मुख्य बुँदा

६. रिपोट्माथि सुनुवाईको राणाकालीन ढाँचा

७. थोरै भए पनि अभिनीको बजारसम्बन्धी अधिकार

यसरी यस सनदले राणाकालीन आर्थिक इतिहासमाथि केही महत्वपूर्ण ऐतिहासिक जानकारी दिन सक्छ भन्ने उद्देश्यले पाठक समक्ष प्रस्तुत गरेका हौं।

प्रस्तुत सनदको व्यहोरा यस प्रकारको छ—

स्वस्ति श्री महति प्रचण्ड भुजदण्डेत्यादि ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा अति प्रबल गोर्खा दक्षिण बाहु, पृथुलाधीश श्री श्री श्री महाराज जुद्ध शम्शेर जङ्गबहादुर राणा ग्राहेंद क्वाद लाले जिजोद अनेसर जिही शान्ति पाजिग्रो यलाजारो जीसी आइड यितङ्ग पावटिङ्ग सुनचियान लुचुयान स्यान च्याङ आनरेरि लेफ्टन्यान्ट जनरल बृटीस आर्मि आनरेरि कर्णेल अफ थ्रल डी गोर्खा राइफल रेजिमेन्टस इन् दीयान् आर्मि प्राइमिनिष्टर एण्ड सुप्रीन कमाण्डर इन चीफ कस्य रुक्का—

स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यवर कम्याण्डर इन चिफ जनरल पद्म शम्शेर जङ्गबहादुर राणा जीबीई केसी आइइ कस्य पत्रम्—

आगे वीरगंज गोश्वाराका हाकीम् कारिन्दा के यथोचित, उप्रान्त बजारबाट मुद्दा मामीला हेर्ने निकासा पाउं भनी नेपालगञ्ज बजारका ठेकदार हरि नारां मारवाडीको रिपोट्मा यस बजार स्मेत अरू ठेका लीने ठेकदारहरूलाई मुद्दा मामीला हेर्न पाउने दफा दफामा लेषीया बमोजीं अषत्यारी दीने स्मेत ठहराई मध्येस रिपोट् निकसारीले जाहेर गरेको रिपोट्मा सो जाहेर गरे बमोजीम् मुनासिवै देषीनाले सो बेहोरा जाहेर गरी हुकुम बक्से बमोजिम् नीकासा सदर गरी पठाउने श्री कम्याण्डर इन चीफबाट मजि बक्सेको व्यहोरा खड्ग निशाना अडाका नाउमा श्री मे. ज. एक राज शमशेर जङ्ग बहादुर राणाको राये पूर्जी लेषी गयेको रिपोट् सो अडाबाट फिर्ता पठायाको बेहोरा श्री कम्याण्डर इन चीफ साहेबका हजुरमा जाहेर गर्दा सो अषत्यारी दिने सवाल सनदको काम हुनाले कौशल मार्फत गराउन मुनासिब छ कौशलमैं पठाईदिनु भन्ने मजिबक्सेको छ भनि सो रिपोट् यस कौशलमा आयाकोमा बुझ्दा ९१ साल पौष १ गते देषी ठेक्काया गयाका बजारका ठेकदारहरूले बजारको चोरी निकासी पैठारी र बजार सम्बन्धी मामीला हेर्न पाउँदैन चोरी निकासी पैठारीमा जमाबन्दी सम्म गराई अमीनी ले छिनेका मामीलाको दण्ड बजा (र) को आमदानी ठहर्छ भन मुनासिब नपरेकाले जिगो सम्म ठेकदारले पाउंछ भन्ये ९१ साल चैत्र १९ गते खड्ग निसानाबाट तोक फाटी सदर भया बमोजिम् बजारहरूका नाउमा सनद भै गैसकेको ठेकदारले दीएका तपसीलको दफा दफामा लेषीया बमोजिमको बजारसम्बन्धीको मुद्दा मामीलाहरू र चोरी निकासी पैठारी गर्नेलाई पक्राने कामहरू अधि बजार अड्डैबाट गरिआयाको अरू अडाबाट गर्नेगर्दा राम्रो छ्यां नदिने बजार बिग्री आमदानी घट्दै जाने सानातिना कुरा र साबीती अभिनीमा पठाई रहंदा अैनका म्याद भीत्र छीनीदीने अपीलको म्याद स्मेत पर्थनु पर्ने भै समये समयेमा हुन नसकी थाहा दीया रैती दुनीआलाई पीर परि बजारले इनसाफ गरेको चित्त नबुझे गोस्वाराबाट इन्साफ जांच हुने र उजुर परेमा र अैन सवाल बमोजिम् गोश्वाराबाट कारवाई हुंदा बेहिसाब गरेमा सजाये हुने भएकाले तपसीलमा लेषीया बमोजिम् चोरी निकासी पैठारी र अरू बजार सम्बन्धी मुद्दा मामीला ठेका मीती सम्मलाई ठेका लागेका सबै बजारहरूबाट हेर्न पाऊने सनद गरी पठाउने स्मेत मध्येस रिपोट् निकसारीले जाहेर गरेको देषियाकाले मने सोही बमोजीम् गर्ने गरी बिन्ति चढाउन मुनासीब देषिन्छ तर मध्येस सबै बजारलाई हालसाल ९१। ३।१०।१मा भै गयका सवालले बजार सम्बन्धी बिसयेमा परी आउने किसिमको मुद्दा मामीला बजार अडैबाट हेरी बुझी फैसला स्मेत गर्न पाउने दफा दफाको सवाल जारी भै गयाको देखियाको हाल यो बजारहरू अमानत रहेको नभै ठेका बन्दोबस्त भयाका सो अमानत रहंदा गर्ने भयाका सवाल सनद बमोजिम् बजारबाट हेर्न बुझ्न पाउने गरी अपत्यारी दींदा ठेकदारले आमदानी बढाई मुनाफा खानेतर्फ मात्र छ्यां दी बेहीसाब सग कारवाई गरिदियाका पछेमा रैती दुनिआ लाई पीर मर्का पर्न गै बजार उठ्न जाने स्मेत संभव भयाकाले मध्येस रिपोट् निकसारीले ठहराया बमोजिम् मुद्दा मामीला हेर्न पाउने

अषत्यारी दिन मुनासीव नपर्ने बजार भीत्र र पहाड़ दीया..... ठाउं हाट बजारमा फोहोर मैला गर्ने र बजार भीत्रको नाल निकास बन्द गरी दिनेमा मुद्दा मामीला सह्र कारवाही गरी सजाये दी रहनु नपर्ने कुरा हुनाले लेषीयाका कुरा सम्म बजारवाट जांच बुझ गरी मैलाको हर वेहिसाव गरेमा जरीवाना गरी सफा सुघर राख्ने गराउन मुनासिव देषियाको हुनाले लेषीया वमोजिम् गर्नेहरूलाई बजारका ठेकदारले तजवीज कं. रु. यक आनादेषी कं. रु. १ यक रुपैंयासम्म जरीवाना गर्न पाउने तेसदेषी वढी सजाये गर्न् पर्ने भयामा वडा हाकीम संग जाहेर गरी निकासा भया वमोजिम् जरीवाना गर्नु सो जरीवाना पनि बजारको आमदानी नहुनाले भया गरेका जरीवाना अमीनीमा दाषील गर्नु भन्या मध्येस सबै बजारका नाउमा र अरू चोरी निकासी पैठारी गर्ने स्मेत सवाल वमोजीम्को मुद्दामा मिलापरी आयामा बजार अडावाट अमिनीमा पठाउने अमीनीवाट अैन सवाल वमोजिम् कारवाई गर्दा नालेस ली रहंदा टाढेम् लाग्ने हुनाले ठाडै बुझी कारवाही गरी छीनी दीने गर्नु गराउनु भन्या अमीनी र गोश्वारा स्मेत जजस्का नाउमा नाउमा चाहिन्छ जो चाहीने व्यहोराको सनद गरी पठाइदिनु भन्या यो तोक सदर भयापछी मध्येस रिपोट् निक्सारीमा पठाउने ठहराई जाहेर गरेका छौं जो मर्जी हुकुम् भनी कौशलवाट तोक बोली जाहेर गरेकोमा ९३ साल जेष्ठ ६ गतेमा खड्ग निसानाबाढ तोक बोली सदर भै आयाको हुनाले सो वमोजिम् गराउनु भन्या वीरगञ्ज गोश्वाराका नाउमा सनद जारी गरी बक्सनु पर्ने ठहराञ्यूं जो मर्जी हुकुम भनी मध्येस रिपोट् निक्सारी फांटका हाकीम् कारिन्दाले हाम्रा हजुरमा विन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामीवाट पनी सदर गरी बक्सेको छ सो वमोजिम् गर्ने काम् गर ईती सम्वत १९९३ साल आषाढ २६ गते रोज ५ शुभम्।

हाम्रो नृत्येश्वर

—शङ्करमान राजवंशी

महादेवलाई नाटेश्वर अथवा नृत्येश्वर तथा नृत्यनाथ पनि भन्दछन् । त्यसलाई नेवारहरू नास द्यो भन्दछन् । नाटच समारोहको देवताको छोटकरी नाम नाटचको 'ना' समारोहको 'स' लाई लिएर नास द्यो भएको हो । देवतालाई चाहिं द्यो भन्दछन् । यो नृत्येश्वरको १६ कलायुक्त ताण्डव नृत्यमा पार्वती अर्थात् नृत्येश्वरीको आविर्भाव हुन्छ भन्ने शास्त्रोक्त वचन छ । मल्लारको गानामा १६ कला पूर्ण भयो भने पानी नपरी छाड्दैन भन्ने जुन कथन हो त्यही अनुरूपको उक्त शास्त्र वचन हो । यी नृत्यनाथ अर्थात् नाटेश्वरलाई पनि वली भोग चल्दछ अर्थात् पञ्चमकारयुक्त भोग चल्दछ । १६ कला युक्त ताण्डव नृत्यमा नृत्येश्वर आफ्नी शक्ति नृत्येश्वरीमा लीन हुन्छन् । यो कुरा काठमाडौं हनुमान् ढोकाको प्रताप मल्लको शिलालेखमा उल्लिखित प्रताप मल्लले गरेको स्तुतिबाट स्पष्टिएको छ । सो स्तुति यस्तो छ—

कामव्याकुल चेतसं सुललितं वीणाख संस्फुटं
कुर्वनां किल कामद कत्तिहरं कारुण्यपूर्णं पाम् ।
उन्मत्तं च दिगम्बरं परशिवं देव्या भवान्या सह
स्वेच्छाचार विहार तत्परमहं वन्दे तु नृत्येश्वरम् ।।

(संस्कृत सन्देश, वर्ष ४, अङ्क ४, पृष्ठ ३)

"काम वासनाले चित्त व्याकुल भएँका रमाईलो वीणाको जस्तो स्वर अर्थात् आवाज स्पष्ट निकाल्ने कलि हरण गर्ने अर्थात् नाइनास्ति नहुने काम कला दिने अत्यन्त ठूलो करुणाले परिपूर्ण भएका उन्मत्त भइकन नाङ्गा भएका ठूलो कल्याण गर्ने भएका देवी भवानीसंग इच्छा माफिक विहार गर्न तम्सेका नृत्येश्वरलाई म नमस्कार गर्दछु ।"

यी ताण्डव नाचेका नृत्य नृत्यनाथको रूपमा २ हातदेखि लिएर १६ हातसम्मका पनि हुन्छन् । १६ हात भएका नृत्येश्वरको मूर्ति पशुपति देउपाटन नास ननि भन्ने चोकमा प्राप्त छ । सो मूर्ति यहाँ फलक १ मा दिइएको छ । यस मूर्तिमा उन्मत्त भइकन नाङ्गा भएको देखाइएको छ । यसले उपर्युक्त प्रतापमल्लको स्तुतिलाई चरितार्थ गरेको छ । यस मूर्तिको कलाकृति दशौं शताब्दीताकाको जस्तो बुझिन्छ । यी नृत्येश्वरलाई मद्यमांस भोग चल्दैन । केवल पञ्चामृत मात्र चल्दछ । त्यसको दाहिनेपट्टि पात्र छ । त्यस पात्रमा मद्यमांस चल्दछ । भोग दिंदा यी नृत्येश्वर मूर्तिलाई छेकी उक्त पात्र भएको ठाउँमा भोग दिन्छन् । यी नृत्येश्वरलाई तीन शहरको नास द्योको गुरु मान्दछन् । तीनै शहर भक्तपुर, पाटन, काठमाडौंका नासः पूजा गर्ने—हरूले सर्वप्रथम यी नृत्येश्वरकहाँ आउँछन् । सबैको गुरु हुनाले यहाँ नआई हुँदैन भन्छन् ।

यसरी उन्मत्त भइकन शक्तिमा लीन हुने हुनाले नेपाल तीनै शहरका जुनसुकै नाटेश्वर (नास द्यो) को स्थानमा मूर्ति हुँदैन । त्यहाँ केवल विन्दु पात्र मुद्रायुक्त पर्दा मात्र रहेको हुन्छ । त्यसभित्र त्रिकोणाकार प्वाल मात्रै हुन्छ । यसरी शक्तिमा लीन भएका नाटेश्वर हुनाले

पशुपति देउपाटन नास ननिमा रहेको नृत्येश्वर मूर्ति

सौजन्य : सानुराजा शाक्य

यिनलाई पनि लुकुमाहा द्योकै अनुरूप मन्नु पर्छ । किन-भने यिनको महाप्रसाद पनि गाजल नै हुन्छ । उक्त महाप्रसाद गाजल लगाई नाचेका कलाकारमा नृत्येश्वरी आविर्भाव हुने हुनाले त्यस्ता कलाकारमा हिसी परेको हुन्छ । जुन हिसीले सबै दर्शकलाई मुग्ध पार्न सक्छ । त्यसैले हिसी नपर्नेलाई नेवारीमा नासलं मतीम्ह भन्ने उखान लगाउँछन् । मुग्ध पार्ने गाजल हुनाले उक्त गाजल-लाई नेवारीमा मोहनी भन्छन् । यी नास द्यंको गणमा ख्याक र कवं अर्थात् कङ्काल कबन्ध हुन्छन् । यसबारे एउटा कथा छ-

एक दिन नृत्येश्वर र नृत्येश्वरीमा संसार सृष्टि-बारे कुरा चल्दा म विना संसार चल्दैन भन्ने नृत्येश्वरको भनाइ थियो । म विना संसारै सृष्टि हुँदैन त तपाईं कसरी म विना संसार चल्दैन भन्नु हुन्छ भनी नृत्येश्वरी को जिकीर थियो । आखिर दुई जनाको घमण्डाघमण्डी पऱ्यो र दुवै जना अलग अलग सृष्टि गर्न तम्से । नृत्ये-श्वर महादेवले सृष्टि गर्दा कवं अर्थात् कङ्काल उत्पत्ति भयो । नृत्येश्वरी पार्वतीले सृष्टि गर्दा चाहिं तुलो मासुको डल्लो ख्याक उत्पत्ति भयो । अनि दुवै जनाको सृष्टि भिडाउँदा नृत्येश्वर र नृत्येश्वरी दुवै जना छक्क परी परस्पर हामी पुरक हौं भनी दुवैले स्वीकारे । यसरी परस्पर पुरक हौं भनी स्वीकारेका हुनाले नै पछि पार्वती ले आफनो मयेलद्वारा सृष्टि गरेका गणेश मूर्तिको शिर-छेदन महादेवले गरेथे । यो कुरा स्वस्थानीमा उल्लेख छ । त्यसपछि हात्तीको टाउको जोडी जियाई दिएथे । नत्र त्यही शिर जोडेर जियाए पनि त हुन्थ्यो । त्यसो नगरी उक्त शिर आफूमा लीन गरे । तब उक्त गणेशलाई महादेव र पार्वतीको छोरा भन्ने भयो । नत्र पार्वतीको मात्रै छोरा हुने थिए । त्यसैले तन्त्रान्तरमा भनेको पनि छ-

पुरुषेण विना किञ्चित् प्रकृत्या क्रियते नहि ।
तथा शक्ति विना देव फलं रातुं क्षमो नहि ॥

"पुरुष विना प्रकृतिले केही गर्न सक्तैन । त्यस्तै शक्ति विना देव अर्थात् पुरुषले फल दिन पनि सक्तैन ।"

ठीक यस्तै बौद्ध कथामा विजयेश्वरी योगिनीको पनि छ । एक दिन विजयेश्वरी योगिनी र उनका स्वामी हेरुक सम्वर यी दुई जनाको कुरा हुँदा संसार चक्रमा नारी ठूलो कि पुरुष ठूलो भन्नेबारे योगिनीले नारी ठूलो भनिन् । तर हेरुक सम्वरले पुरुष ठूलो भने । आखिर कुरो नटुङ्गिदा आफनो आफनो ऋद्धि प्रदर्शन गर्ने निर्णय भयो र सर्वप्रथम योगिनी अष्टाचलबाट डुबी पूर्वाचलमा लुकिन् । हेरुक सम्वरले खोज्दै गएर ताज्जू गरी योगिनी लाई भेट्टाए । अनि हेरुक सम्वरले अब मेरो पालो भनी योगिनीले धारण गरिराखेको खट्राङ्गको प्वालमा हेरुक सुटुक्क लुके । अनि योगिनीले एक रूपबाट चार रूप भई ती मध्ये वज्रवाराहीको रूपले पातालमा, खड्ग जोगिनी-को रूपले जङ्गलमा, आकाश योगिनीको रूपले आकाश-मा गरी तीन त्रिलोक घुमे । तर पाउन सकेनन् र क्रुद्ध भई बज्रयोगिनीले एक पाईला आकाशमा र एक पाइला पातालमा गरी विक्रान्त रूप लिइन् । यो देखेर हेरुक सम्वरले प्रकट भई तिमीले धारण गरेको खट्राङ्गको प्वाल-मा त लुकेको छु नि भने । अनि आफना स्वामीसंग भेट भएको खुशीयालीमा चारै योगिनी एकत्रित भई हर्ष विभोरले नाचिन् । त्यसैले विजयेश्वरीमा ४ योगिनी एकत्रित छन् । श्री हेमराज शाक्यद्वारा लिखित श्री विद्या धरी विजयेश्वरी स्थान संक्षिप्त परिचय नाम पुस्तिकाको ८-१० पृष्ठमा यो कुरा उल्लेख छ । यी योगिनी पनि काली जस्तै हेरुक सम्वरसंग नाचेकी नग्नदेवी हुन् । साँखुको खड्गजोगिनी र फर्पिङ्गको बज्रजोगिनी पनि ४ योगिनीमा गनिन्छन् ।

नाटेश्वर नास द्यो शक्तिमा लीन भएका हुनाले नाटेश्वर नास द्योको स्थानमा दुवैको सृष्टि ख्याक गण र र कवं अर्थात् कङ्काल गण लेखेका हुन्छन् । लक्ष्मी पूजा-को दिन स्थापना गरिने लक्ष्मीचाहिं केवल शक्ति मात्र हुनाले उनको सृष्टि ख्याक गण मात्रै हुन्छ । शक्तिमा लीन भएका नृत्येश्वरको प्रेत वाहन हुन्छ । वृषभ वाहन भएका नृत्येश्वरको गण चाहिं भूत प्रेत हुन्छन् । वृषभ वाहन नृत्येश्वरलाई चाहिं बली भोग चल्दैन । वृषभ वाहन नृत्येश्वरको बारेमा पनि एउटा कथा छ-

एक दिन देवसभामा वृषभ वाहन नृत्येश्वरलाई आवाहन गरी नृत्यको आयोजना गरेथे जुन आयोजनामा

पञ्चामृतद्वारा पूजा भएको थियो । त्यस नृत्यमा नृत्येश्वर को तालसूर मिलेन र सबैले अनर्थ भयो भन्न थाले । यो कुरो नृत्येश्वरको भजनमा गाउने निम्नलिखित गीतले पनि स्पष्ट गर्छ । जस्तै–

नन्दी भृङ्गी सवनाथ नानारङ्ग गौरीशङ्कर अर्धङ्गे
भक्तिभावत अनथ्ही गावत मनोरथ पूरण कीजिये
तुम्हे परमेश्वर गुरु श्री नृत्यनाथ दर्शन कारण आया हुँ

आखिर विना शक्तिले १६ कलायुक्त ताण्डव नृत्य पूरा हुँदैन भन्ने कुरा थाहा पाएर शक्तियुक्त नृत्येश्वरलाई आवाहन गरी बलीभोगद्वारा पूजा गरी तृप्त गराएपछि त्यस सभामा आयोजित नृत्यमा नृत्येश्वर नृत्येश्वरीको आविर्भाव भयो र नृत्य पूरा भयो भन्ने कथन छ । पहिलो नृत्यमा तालसूर नमिलेर तांधाले तिंधा भयो । त्यसैले आफ्नो तालसूरमा नआउने मानिसलाई नेवारहरू ताँधाले तिंधा भन्ने उखान लगाउँछन् ।

नेवारहरूको जे जति सांस्कृतिक क्रिया छन् शिव शक्तिकै भावमा छन् । त्यसैले नेवारहरू विशेष गरी अर्धनारीश्वर शैवमतका छन् । अर्धनारीश्वरको बारेमा पनि एउटा कथा छ । महादेव संहारकर्ता हुनाले उनी विशेष गरी मशानमा बस्दथे । किनभने उनको काम मशानको थियो । स्वस्थानीमा पनि महादेवलाई मसानमा बास गर्ने भनी वर्णन गरेको छ । त्यसैले यस अम्बिका खण्ड नेपालमा दिग्बन्धन गरी जगाइएका जहाँ जहाँ मसान छन् त्यहाँ त्यहाँ महादेव अवश्य स्थापना गरिएका हुन्छन् । यसरी महादेवले संहारकर्ता भई जीवलाई मसानमा लीन गराउने काम गर्थे ।

एक दिन पार्वतीलाई साह्रै दिक्क लागेछ र पार्वतीले महादेवलाई यो काम छोडी देउ भनी निवेदन गरिन् । मैले यो काम छोडें भने संसारै चल्दैन भनी महादेवले पार्वतीलाई सझाए । तर पार्वतीले आफ्नो ढिपी छोडेनन् । यसरी परस्परको वार्ता नमिल्दा पार्वती घुर्क्याई महादेवदेखि अलग हुन थालिन् । आखिर केही सीप नलागी महादेवले संहारकर्ताको काम छोडिदिए । जब महादेवले त्यो काम छोडेथे अनि संसारमा जीवको जन्म सिवाय मरण भएन । यसरी जीव बढ्दा बढ्दा संसारमा नअटाउने भयो । पार्वतीले ठाउँ दिनै नसकी आफैं अकासिनु पऱ्यो अनि पार्वतीले मलाई ठाउँ देउ भनी महादेवसंग पुकार गरिन् । महादेवले पनि ठाउँ दिने कहीं नपाएर आफ्नै शरीरमा ठाउँ दिए । अनि महादेव र पार्वती एउटै जिउ भई अर्धनारीश्वर भए भन्ने कथन छ । अर्धनारीश्वर शिवजी हुनाले जलहरि सहितको शिवलिङ्ग स्थापना गरिएको हुन्छ । किनभने जलहरि पार्वतीको प्रतीक हो ।

भोग खाने शिवशक्ति स्वरूप नृत्येश्वरको अनुयायी नेवारहरूमा रक्सी मासु चल्छ । रक्सी खाँदा विन्दु मुद्राले शक्ति देवीलाई चढाएर खान्छन् । सात्विक भोजन गर्दा चाहिं कृष्णार्पण गरी खान्छन् । कसैले संशोधन नगरी रक्सी खानु हुँदैन पनि भन्दछन् । तर उनीहरूको संशोधन गर्ने मार्ग भिन्नै होला । वामाङ्ग शक्ति प्रधान मान्ने नेवार हुनाले तिनीहरूलाई कसैले वाममार्गी पनि भन्दछन् । तर उनीहरूको क्रिया कौल अनुसार हुनाले कौला बजी खाने भन्छन् । कौला बजीमा रक्सी मासु हुन्छ । शक्ति सङ्गम वीरतन्त्र सार संग्रहमा भनेको पनि छ । जस्तै–

सदा मांसा सबोल्लासी विजया घुर्ण लोचन ।
सिन्दुर तिलकं भाले पाणौ त मदिराइसम् ।।
नकरौति नरौ यस्तु सकथं तव पूजकः ।
अधिकारी प्रहृष्टात्मा स्त्रिभक्तो विजितेन्द्रियः ।।

सधैं मांस र रक्सीले उल्लास हुने विजयमा आँखा लोलाएका जो मानिसले निधारमा तिलक र हातमा मदिरा रस धारण गर्दैन भने त्यो कसरी तिम्रो पुजारी हुन्छ । जो आत्मा सन्तोषी छ र इन्द्रिय जितेको छ तथा मातृ सत्तात्मक छ भने त्यही तिम्रो पुजारीको अधिकारी हुन्छ ।

त्यसैले अरू पनि भनेको छ–

सुरा शक्ति शिवो मांस तद्भोक्ता भैरवो भवेत ।

"मदिरामा शक्ति र मांसमा शिव आविर्भाव हुन्छन् त्यसलाई भोग गर्ने भैरव कहिन्छ ।"

नेपालको कुमारी खण्डमा चलेका प्राचीन संस्कृति वाद्यवादन धिमे र धुन्या नामक ध्वजा प्रसिद्ध छन् जुन ध्वजा धिमेको बोलीको साथमा नचाइन्छ । नेपालको

कुमारी खण्ड भनेर यस काठमाडौं उपत्यकालाई लिइएको छ। यस उपत्यकाका किसानहरू धिमे बजाउन र धुन्या नामक ध्वजा नचाउनमा निपुण छन्।

धिमे सिक्न सर्वप्रथम धिमे लोह भन्ने ठाउँ जुन स्वयम्भूको तल दल्वमा जानु पर्छ। अनि आफ्नो धिमे संस्थामा गएर धिमेको बोली सिकी द्यौचाको तालमा धिमे बजाउँछन्। द्यौचा थाल जस्तो बाटुलो ढलोटको हुन्छ जुन ढलोटमा कांस मिसाइएको हुन्छ। आजकालको स्कूलमा बजाउने घण्टी जस्तो हुन्छ। त्यसलाई काठको सानो मुंग्रोले हानेर बजाइन्छ। त्यो तालसूर दिने बाजा हो। किसानहरूमा धिमे सिक्न उनीहरूको अनिवार्य जस्तो छ। किनभने धिमे नजानेको ज्यापू ज्यापू कहलाइँदैन। त्यसैले व्रतबन्ध गरे पछि धिमे सिक्छन् र बस जाने भनी टोल टोलमा प्रदर्शन गराइन्छ, धिमे र धुन्यामा उत्तीर्ण भएको प्रमाणित गर्छन्।

धिमेको साथमा नचाइने धुन्यालाई किसानहरू नृत्येश्वरी मान्दछन्। त्यो धुन्या नामक ध्वजा शिव शक्तिको भावमा मानिएको हुन्छ। किनभने त्यसमा दुइटा चमर सजाइएका हुन्छन्। तिनमा माथिल्लो चमर सेतो र तल्लो चमर कालो हुन्छन्। सेतो चमर शिवजी भैरवको रूपमा र तल्लो कालो चमर शक्ति देवीको रूपमा मानिएको हुन्छ। तल्लो कालो चमरमा घुंगुर र वस्त्र लगाइएको हुन्छ। त्यो ध्वजा लामो बाँसमा सजाइएको हुन्छ। चमरको साथमा टुप्पादेखि कपडाको रङ्गी विरङ्गी ध्वजा पनि सजाइएका हुन्छन्। त्यस ध्वजालाई धिमेको साथमा नृत्येश्वर तथा नृत्येश्वरीको भावमा नचाइन्छ। यस ध्वजालाई नृत्येश्वर देवता भन्दछन् जुन शिवशक्तिको रूपमा छन्। उक्त शिवशक्ति स्वरूप नृत्येश्वरीको ध्यान यसरी दिइएको छ-

उत्तप्त हेम रुचिरां रविचन्द्र वह्नि
नेत्रां धनुश्शरयतांङ्कु शपाशशूलाम्।
रम्यैर्भुजैश्च दधतीं शिवशक्तिरुपां
नृत्येश्वरीं हृदि भजामि धृतेन्दु लेखाम्॥

"खारेको सुन झैं राम्री चन्द्र सूर्य र आगो आँखा भएकी राम्रा हातले शरयुक्त धनु अंकुश पाश त्रिशूल लिएकी चन्द्रमाको कलाधारण गरेकी शिवशक्ति स्वरूप नृत्येश्वरीलाई हृदयमा भन्दछु।"

प्राचीनकालमा देवलोकको सभा हुँदा धिमे सिद्ध भएको ठाउँ स्वयम्भूको तल भुइंख्य हो। भुइं भनेको जमीन ख्य भनेको चौर हो। देवलोकको अपभ्रंश भएर दल्व भएको छ। दल्वमा नृत्येश्वर पनि छन्। नृत्येश्वरलाई नेवारहरू नास द्यो भन्दछन्। देवलोकको सभा हुने भुइंख्य हुनाले अद्यापि सम्यक गर्दा भुइंख्यमा देवताहरू राख्छन्। नेवारहरूको संस्कृति क्रियाकलाप शिवशक्तिको भावमा हुने हुनाले नृत्येश्वरलाई मद्य मांस अनिवार्य रूपले चल्छ। यो नेवारको संस्कृतिको विशेषता हो। अन्त देशमा नृत्येश्वरलाई मद्य मांस चल्दैन। नेवारहरू मद्यपान गर्दा विन्दु मुद्राले शक्ति देवीलाई समर्पण नगरी पान गर्दैनन्। कारण शक्तिलाई प्रधान मान्दछन्।

हाम्रो यो संस्कृतिलाई ऐतिहासिक दृष्टिकोणले विचार गरी हेर्दा लेलेको लिच्छवी संवत् ५२६ को शिव देव अंशु वर्मको अभिलेखमा प्रदीप गोष्ठी, पानीय गोष्ठी, मल्लयुद्ध गोष्ठी, धूप गोष्ठी, इन्द्र गोष्ठी, वादित्र गोष्ठी, अर्चा गोष्ठी, ध्वज गोष्ठी आदि विभिन्न गोष्ठीहरूको व्यवस्था गरी जग्गा दत्त राखिदिएको कुरा उल्लेख भएको देख्छौं। यसमा वादित्र गोष्ठी र ध्वज गोष्ठी भन्नाले वाद्यवादनको गोष्ठी र ध्वज गोष्ठी भन्ने स्पष्ट बुझिन्छ। यही गोष्ठीलाई पछि गएर गुठी भन्ने गरेको हो। हामीकहाँ विभिन्न किसिमका गुठीहरू छन्। यो वाद्यवादनसंग सम्बन्धित ध्वज गोष्ठीचाहिं विचार गरी हेर्ने हो भने किसान ज्यापूहरूको धिमे र धुन्याको गुठी हुनुपर्छ भन्ने देखिन्छ। किनभने वाद्यवादनसंग सम्बन्धित ध्वज गोष्ठी विशेष गरेर धिमे र धुन्या नै हामी देख्छौं। उक्त धिमे र धुन्याको गुठी अद्यापि चलेर आइरहेको छ। यसबाट हाम्रो यो संस्कृति लिच्छविकालसम्म पुगेको कुरा पुष्टि गर्छ।

नेपालका अल्पसंख्यक र लोप हुन लागेको जाति : हायू

—भूपहरि पौडेल

परिचय

संसारमा जातिप्रथाको कार्य विभाजन स्थानीय परिवेश र वातावरणका आधारमा भएको मान्न सकिन्छ। संसारको कुना कुनामा असंख्य जनजातिहरूको बसोबास पाइन्छ तर तीमध्ये कैयौं अनन्तको गर्भमा विलीन भैसके, कैयौं धुकचुक धुकचुक भएर बाँचिरहेका छन् त कैयौं आफ्नो जातीय स्वरूपलाई उजिल्याउँदै लगेर गौरवमय पराक्रमको परिचय दिईरहेका छन् । यस्तै जनजातिहरूले राष्ट्र र राष्ट्रियताको उत्थानमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । अब यी जातिहरू के कसरी उत्पत्ति भए होलान् ? यस सम्बन्धमा प्रत्येक सम्प्रदायको आ-आफ्नै धारणा र मान्यताहरू छन् । जस्तो हाम्रो पूर्वीय मानव विकासको परम्परामा मनु र शतरूपाबाट मानिसहरू फैलिदै गए भन्ने छ भने पाश्चात्य विचारधारासंग सहमत हुने मानिसहरू आइडम र इभबाट मानव विकास भएको कुरामा सहमत छन् । जाति उत्पत्तिका बारेमा वेदको पुरुषसूक्तमा यस्तो लेखिएको पाइन्छ–

"ब्राह्मणोऽस्य मुखमा सीद बाहराजन्यः कृतः ऊरूत-
दस्य यद्दैश्य : पद्भ्या ॐ शूद्रोऽअजार्यत ।[1]

यस मन्त्र (कण्डिका) मा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रको बारेमा चर्चा गरिएको छ । यसभन्दा अन्य जातिहरू यी चार वर्णकै भेद उपभेद हुनु धेरै सम्भव छ । आध्यात्मिक दृष्टिकोणबाट विश्लेषण गर्दा जातिप्रथा स्पृश्य र अस्पृश्यका रूपमा विकसित भएको पाइन्छ भने भौतिकवादी विचारधारासंग सहमत भएका मानिसहरूलाई बुझाउनु पर्दा यो एक किसिमको सामाजिक कार्य विभाजनका रूपमा लिन सकिन्छ । जस्तो कि 'क' भन्ने मानिसका लागि जीवनयापन गर्न जे जति सामानहरूको आवश्यकता पर्छ, ती सबै एउटै व्यक्तिको प्रयासबाट मात्र निर्माण गर्नु सम्भव हुँदैन । दैनिक जीवनमा आइपर्ने यावत् कुराहरूको सञ्चलनमा हरेक वर्गको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुगिरहेको हुन्छ । वास्तवमा तिनै सामान तयार गर्ने वर्गलाई जातिको रूपमा लिइन्छ । भाँडा बनाउने मानिसलाई कामी, जुत्ता सिउनेलाई सार्की, लुगा सिउने दमाइँ, व्यापार गर्ने (वैश्य) नेवार आदिका रूपमा लिइन्छ । केही हदसम्म यसमा पनि सत्यता हुन सक्ला तर वैदिक रूपको जाति विभाजन प्रक्रिया नै बलियो प्रमाण हुन सक्छ । यसैमा वास्तविक वैज्ञानिकता छिपेको पाइन्छ । प्रस्तुत सन्दर्भलाई कोट्याउँ । हायू नेपालकै मध्यमाञ्चल विकास क्षेत्रको वागमती र जनकपुर अञ्चलका केही भू-भागमा पाइने अल्पसंख्यक जाति हो । यसको पुर्ख्यौली परम्पराको अनुसन्धान गर्दा यसलाई पानीचल अर्थात् वैश्य वर्गमा राख्न

१. षडङ्गरुद्राचंतरुद्रपाठ : नेपाली साहित्य भण्डार, पृष्ठ ४३

सकिन्छ ।[2] वस्तुत: जातीय कट्टरता विकसित मुलुकहरूमा समेत प्रचूर मात्रामा पाइन्छ । यसमा अझै गहिरिएर अध्ययन, अनुसन्धान गर्दा धर्मप्रति अनास्था प्रकट गर्नु र विभिन्न जनजातिहरूको पुख्यौंली अस्तित्वमा प्रश्न चिह्न खडा गर्न एउटै कुरा हो कि भन्ने अनुभव हुन्छ । तर जे होस्, यस कुराको टुङ्गो लगाउन समेत जातीय परम्पराको अध्ययन अनुसन्धान आवश्यक मानिन्छ । हायू जातिको अनुसन्धानबाट पहिलो कुरो त नेपालका विभिन्न जनजातिहरूको अध्ययनमा सहयोग पुऱ्याउँछ भने दोस्रो जातीय मानचित्रबाट लोप हुन लागेको हायूका सम्बन्ध-मा यथातथ्य जानकारी उपलब्ध गराउन समेत सहयोग पुऱ्याउने देखिन्छ ।

स्थिति

महाभारत शृङ्खलाका मूल निवासी हायू, किरात, मगर, गुरुङ, सुनुवार र नेवारहरू हुन् ।[3]

नेपाल अधिराज्यका पाँच विकास क्षेत्र (पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल) मध्ये मध्यमाञ्चल विकास क्षेत्रको सिन्धुली जिल्ला ऐतिहासिक रूपमा अध्ययन गर्दा निकै महत्व-पूर्ण देखिन आउँछ । यसको साथमा जोडिएको रामेछाप जिल्ला पनि ऐतिहासिक दृष्टिकोणले कम महत्वको मान्न सकिदैन । यस वस्तुतथ्यलाई इतिहास शिरोमणि बाबु-राम आचार्यको भनाइ उद्धृत गरी पुष्टि गर्न सकिन्छ ।

> कुषाणहरू धर्म प्रचारका लागि आए । धर्म प्रचार को जोश जस्तो ठूलो हुन्छ त्यस्तो अरू जोश हुँदैन । त्योभन्दा पहिले यहाँ कुनै धर्म थिएन । योभन्दा पहिले तिनीहरू बिलकूल असभ्य थिए । मैले कतिमम्म अनुभव गरें भने तिनीहरूले आफ्ना व्यवहार आफ्नै आविष्कार-बाट चलाए । उनीहरूका बसोबासबारे भन्छु कि उनीहरू पहिले त सिन्धुलीबाट आए, अरू बाटोबाट आएनन् । सोझो जान सकेनन् । कोही त्यहींबाट अगाडि आए, कोही त्यहींबाट फर्के । सिन्धुलीबाट आउँदा पनि यो बाटो छल्छ । जब सुनकोशी सीधा पूर्व लाग्छ, सीधा पूर्व लाग्दा दायाँपट्टि रामेछाप भन्ने जिल्ला छ, त्यहाँ एउटा ठोंसे खानी छ । यो खानी कति अजङ्ग छ भने कैयौं लाख मन फलाम त्यहाँ त्यसै छ, अहिले दाउराको अभावले मात्र बन्द छ । त्यो ठोंसे खानीको फलाम ल्याएर तिनी-हरू व्यवहार गर्दथे । त्यहाँबाट फलाम ल्याएर कुटो, कोदालो बनाउँदथे । बस्, बँदेललाई सधाएर सुँगुर बनाए, लुइँचेलाई समाएर कुखुरा बनाए । कुकुर भनेको एउटा जनावर क्या हो, क्या हो, संसारमा जहाँसुकै पनि पुग्दछ । त्यो आफ्नो जातसंग परस्पर विरोधी छ, दुइटा कुकुर त मिल्दैं मिल्दैनन् । तर मनुष्यको सेवा गर्नमा कुकुर जस्तो सिपालु कोही छैन, त्यो कहाँ कहाँबाट आएको छ । यी तीन पशु सिवाय थिएनन् । यिनीहरू जङ्गली फलफूलबाट र खेतीसेती गरेर निर्वाह गर्थे ।
>
> उस बेला के थियो: दलदल थियो । वागमती मनोहरा यिनीहरूमा हात्ती डुबाउने पानी थियो । नाऊ नभइकन काम चल्दैनथ्यो । तिनीहरू नाऊ पनि बना-उँथे । नाऊ बनाउन उनीहरू नै जान्दथे । बसिला-ससिला छँदै थियो, काठ छँदै थियो ।"[4] यसरी सभ्यताको प्रारम्भिक अवस्थादेखि नै प्रसिद्ध हुँदै आएको सिन्धुली जिल्लाले नेपाल र अंग्रेजका बीच भएको युद्धले आफ्नो छातीलाई अझै उजिल्याउँदै लगेको पाइन्छ । गढी भेगका अजङ्ग रूखहरूका हाँगा हाँगामा गुँड बनाएर बसेका अरिङ्गालले टोकेर अंग्रेज फौज "नेपालमा त मानिस मात्र नभएर यहाँका झार (भाग्दा सिस्नाले पोलेको थियो

२. ब्राह्मण, क्षेत्री र वैश्य पानी चल्ने जात र शूद्र पानी नचल्ने जातका रूपमा हिन्दू परम्पराले मानिआएको पाइन्छ । २०२० सालमा मुलुकी ऐन लागू भएपछि नेपालमा जातिपातिको परम्परा त्यति सक्रिय रूपमा चल्न नसकेको भए तापनि यो परम्पराको विकास र अन्त्यको स्थिति सामान्य रूपमा गुज्रिरहेको अनुभव हुन्छ ।

३. बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, कृष्णकुमारी देवी (प्रकाशिका) संस्करण षष्ठ, पृष्ठ ३१

४. डा. प्रयागराज शर्मा (संयोजक), **बाबुराम आचार्य र उहाँका कृति**, नेपाल र एशियाली अध्ययन संस्थान २०२९, पृष्ठ ५

र यसैलाई संकेत गरेको हो) रूख, कीरा (अरिङ्गाल) सबै शत्रु रहेछन् यिनीहरूसंग हाम्रो केही जोड चल्दैन" भनी आफ्नो हार स्वीकार गरी हातहतियार सुम्पिएर फर्किएका थिए। त्यसैले नेपालको इतिहासमा सिन्धुली गढीको ऐतिहासिक महत्व छ। यही गढीबाट खुर्कोट, खाल्टे चैनपुर घुमाउने चैनपुर हुँदै दुम्जा पुग्न सकिन्छ।[5] यहाँबाट रोसी खोलो तरेर शुरू हुने तिमाल डाँडो पनि ऐतिहासिक कोणबाट महत्वपूर्ण तामाङ्ग वस्ती देखा पर्छ मने रोसी खोलै खोला हिंडेको पक्षमा फेदी हुँदै दाप्चा पुगिन्छ। सिन्धुलीगढीबाट काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न ठाउँमा पाइताला राखी राजधानी काठमाडौं आउन सकिन्छ। यो त भयो ऐतिहासिक सन्दर्भ। मानव शास्त्रीय दृष्टिले पनि रामेछाप, सिन्धुली र काभ्रेपलाञ्चोकको विशिष्ट भूमिका देखिन्छ। किनभने यहाँ विभिन्न जनजातिहरूको बसोबास पाइन्छ। जस्तै ब्राह्मण, क्षेत्री, घर्ती, कामी, दमाइँ, सार्की भन्दा अतिरिक्त सुनुवार, हायू, तामाङ्ग, भोटे, दनुवार, माझी, वादी आदि समाजमा कम प्रयोग र चर्चामा आएका जातिहरू पनि पाइन्छन्। यिनीहरूको जातीय इतिहास, संस्कृति, रहनसहन आदिले नेपाली राष्ट्रियता र संस्कृतिको विकासमा समेत ठूलो भूमिका खेलेको पाइन्छ। एक एक थोपा पानीले घैंटा भरिए जस्तै विभिन्न जातिहरूको संस्कृतिले नेपाली राष्ट्रियताको संरक्षणमा ठूलो सहयोग प्राप्त हुन सक्छ।

भौगोलिक दूरी

अहिलेसम्मको अनुसन्धान अनुसार हायूहरू मध्यमाञ्चल विकास क्षेत्रमा मात्र पाइएका छन्। अन्यत्र भएको सुराक लागेको छैन। मध्यमाञ्चल विकास क्षेत्रका रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र सर्लाही नै हायूहरूको मुख्य बस्ती भएको प्रमाणित भएको छ। जनजातीय अध्ययनका सन्दर्भमा भौगोलिक दूरी पत्ता लगाईनु पनि एक प्रमुख अनुसन्धान मध्येकै विषय पर्दछ। हायू जातिको अनुसन्धान गर्दा प्राप्त प्रमाणित कोषलाई प्रस्तुत सन्दर्भमा समावेश गर्नु मनासिव देखिन्छ। यसबाट प्रस्तुत जातिको अनुसन्धानमा जान चाहनेलाई समेत सहयोग पुग्न सक्छ।

जिल्ला पञ्चायत सचिवालय
रामेछाप

प. सं.
च. नं.

रामेछाप
मिति ०४०।१०।२

विषयः- कोष प्रमाणित बारे
जो जससंग सम्बन्ध छ

रामेछाप सदरमुकामदेखि निम्न स्थानसम्म निम्न वमोजिमको कोष भएकोले प्रमाणित गरिएको छ।

१. रामेछापबाट सुकाजोर गा. पं. सम्म कोष- १(एक)
२. सुकाजोर गा. पं. बाट मन्थली गा. पं. सम्म कोष- ४ (चार)
३. मन्थलीबाट पकरवास गा. पं. सम्म कोष ४ (चार)
४. पकरवासबाट भटौली गा. पं.सम्म कोष- २ (दुई)
५. भटौलीबाट पकरवास गा. पं. पुछिघाटसम्म-२ (दुई)

ऋषिराज उपाध्याय
नि. स्थानीय विकास अधिकारी

श्री शीतलपाटी गाउँ पञ्चायत कार्यालय
खाल्टे – सिन्धुली

प. सं. ०४०।४५
च. नं. -७९ मिति २०४०।९।१६

विषय.- कोष प्रमाणित गरिएको सम्बन्धमा
श्री-एस्मा जो जस्को सम्बन्ध छ।

उपर्युक्त सम्बन्धमा एस गा. प. का. को सदर मुकामदेखी जि. पं. सचिवालयको सदरमुकाम सिधुली माडीसम्मको जम्मा कोष ८ (आठ) भएको हुँदा प्रमाणीत गर्दछु।

द.
२०४०।४।१७।१
(धनञ्जय प्रसाई)
प्रधानपञ्च

५ भूपहरि पौडेल– दुम्जा प्रदेश, प्रज्ञा; पूर्णाङ्क ४३

१. जलेश्वरदेखि वर्दीवास–	३२ माइल
२. ” सिंधुली–	५० ”
३. दोलालघाट–बेथान–	९ कोश
४. बैथान–पकरवास–	५ ”
५: पकरवास–रामेछाप–	७ ”
६: सिन्धुली जिल्ला सदरमुकामबाट धनुषाको र सिन्धुली जिल्लाको सीमाना चुरेसम्म–	७ ”
७. ढल्केवारबाट लालगढ–	३।। ”
८: लालगढबाट तुलसी (पाटु)–	२ ”
९. बस चल्ने लालगढदेखि रामेछाप जिल्ला पञ्चायत सचिवालय–	४० माइल
१०. ” ” सिन्धुली जि. पं. स.–	२२ ”६

यातायातको सुविधा नहोउन्जेल बनेपा, धुलिखेल दाप्चा, रोसी खोला हुँदै सिन्धुली रामेछाप निस्किन्थ्यो। अचेल प्रायः सबैतिर यातायातको सुविधा उपलब्ध भए पछि केही मानिसहरू काठमाडौंदेखि लालगढसम्म मोटरमा गएर त्यसपछि अर्को बस बदली सिन्धुली पुग्छन् र यहाँबाट भने रामेछापसम्म यातायातको सुविधा नभएको हुनाले पैदलै पुग्नु पर्छ। अर्को थरी मानिस काठमाडौंबाट बस्तीसम्म मोटरमा गई त्यहाँबाट हिंडेर जफे खिम्ती हुँदै रामेछाप सदरमुकाम जहाँ नजीकै हायू गाउँ छ पुग्छन्। केही मानिसहरू दोलालघाटमा मोटरबाट ओर्ली सुनकोशीको किनारै किनार तिमालबेंसी, पचुवारघाट दोभानटारमा पुगेर बेथानको उकालो लाग्छन् र केही चाहिं यहाँबाट च्याडीको अक्कड हुँदै दुम्जा पुग्छन्।

दुम्जा गाउँ पञ्चायतका हायूहरूको पारिवारिक लगत

क्र: सं.	घरको मूली मान्छे	आमा बा	लोग्ने स्वास्नी	छोरा	छोरी	बुहारी	नातिनातिनी
१	भक्तबहादुर हायू	आमा १	२	१	६ मध्ये (२विवाहित)	—	—
२	असलबहादुर हायू	—	१	—	२	—	—
३	शङ्करबहादुर हायू	आमा १	१	२	४ (१ मात्र अविवाहित)	—	—
४	लालबहादुर हायू	आमा १	—	—	-	—	—
५	असलबहादुर हायू 'सानु'	—	१	१	१	—	—
६	भक्तबहादुर काम्ले	—	१	१	१	—	—
७	बमबहादुर हायू	—	१	७	—	६	५
८	कृष्णबहादुर हायू	—	१	२	१	—	—
९	रत्नबहादुर हायू	—	१	१	६ (१ विवाहित)	—	—
१०	एउटी स्वास्नी मान्छे मात्र (नाम थाहा नभएको)	—	—	—	—	—	—
११	भक्तबहादुर काम्लेको माइ खुर्कोटमाथि बाराबाट आएको र त्यहाँ छुट्टिएको	—	१	—	२	—	—
१२	कान्छो हायू (यो भर्खरै वाल्टीङबाट आएको)	१	१	—	—	—	—

६: स्रोतः– पञ्चायत तथा स्थानीय विकास मन्त्रालय

१. दुम्जाका हायूहरूको जम्मा जनसंख्या:-

२. ,, ,, पुरुष संख्या- ३२

३. ,, ,, महिला संख्या- ३९

४. अतः घरसंख्या १२, जनसंख्या ३२+३९ = ७१ [७]

सुकाजोर गाउँ पञ्चायतका हायूहरूको पारिवारिक लगत

क्र. सं.	घरको मूली मान्छे	लोग्ने स्वास्नी	छोरा	अविवाहित छोरी	बुहारी	नाति	नातिनी	विवाहित छोरी
१	पद्मसि हायू	१	६	४	—	—	—	१
२	रत्ने हायू	१	२	—	—	—	—	२
३	कृष्णमान हायू	२	९	—	१	—	—	२
४	गर्मे हायू	१	—	—	—	१	—	१
५	डमरबहादुर हायू	१	५	—	१	—	२	१
६	नरमान हायू	१	२	—	१	—	—	२
७	सार्कीमान हायू	—	—	—	—	—	—	—
८	ग्वाचे हायू	१	२	—	—	—	—	१
९	धनवीरे हायू	—	—	—	—	—	—	—
१०	चन्द्रे हायू	१	२	३	—	—	—	—
११	सम्मबहादुर हायू	१	२	२	—	—	—	—
१२	थाके हायू	१	३	२	—	—	—	३
१३	जवरे हायू	१	१	—	—	—	—	—
१४	हीरे हायू	—	—	—	—	—	—	—
१५	कुलुङ्गे	१	१	—	—	—	—	—
१६	माने हायू	१	१	२	—	—	—	१
१७	रामकुमार हायू	१	—	—	—	—	—	—
१८	टुल्लके हायू	१	३	—	३	२	४	४
१९	खड्गबहादुर हायू	१	२	—	२	३	२	३

१: रामेछाप सुकाजोर गाउँ पञ्चायतका हायूहरूको जनसंख्या:-

२. ,, ,, पुरुष संख्या- ७१

३. ,, ,, महिला संख्या- ५२

४. अतः घर संख्या १९, जनसंख्या ७१+५२= १२३ [८]

७. आफ्नो स्थलगत अध्ययन र विष्णुप्रसाद कोइरालाको जानकारीका आधारमा तयार पारिएको लगत

८. सहयोगी - गोविन्दप्रसाद घिमिरे, पद्मनाथ भुर्तेल र कोमलबहादुर बस्नेत

शीतलपाटी गाउँ पञ्चायतको हायूहरूको पारिवारिक लगत

क्र.सं.	घरको मूली मान्छे	लोग्ने स्वास्नी	अविवाहित छोरी	छोरा	विवाहित छोरी	नाति नातिनी
१	कृष्णबहादुर हायू (कृष्णकुमारी हायू)	१	३	—	२	—
२	पद्मबहादुर हायू (पद्मकुमारी हायू)	१	२	३	—	—
३	हर्कबहादुर हायू (हर्ककुमारी हायू)	१	२	१	—	१
४	बुद्धिबहादुर हायू (बुद्धिकुमारी हायू)	१	—	१	—	—

नोट:- स्वास्नीको नाम थाहा पाएसम्म ब्राकेटभित्र राखिएको छ ।

१	शीतल पाटी गाउँ पञ्चायतका हायूहरूको जनसंख्या:-		
२.	” ”	पुरुष संख्या—	९
३.	” ”	महिला संख्या—	११
४:	अत: घरसंख्या ४,	जनसंख्या- ९+११=	२०

१. तीन पञ्चायतका हायूहरूका विवरण

२. पुरुष संख्या— ११२
३. महिला संख्या— १०२
४. जम्मा संख्या— २१४[१]

प्रस्तुत तीन पञ्चायतभन्दा अन्यत्र पनि फाट्टफुट्ट हायूहरूको बसोबास भएको जानकारी पाइन्छ । जस्तै वितौटार, बालिङ्ग, हिर्दिङ्ग, चपौली, रतनचूरा, विजय छाप, हैवार खुर्कोट, गैरी गाउँ, कुँडुले, डांडा गाउँ, छाप गाउँ, मानेडिही आधमारा र नांगे डाँडामा हायूहरूको बसोबास पाइन्छ । काभ्रेपलाञ्चोक जिल्लाको बाल्टी भन्ने ठाउँमा हायूहरूको वस्ती छ । त्यसै गरी सर्लाही जिल्लाको हरिऔन नारायण स्थानमा ५, ७ घर हायू भएको जानकारी यक्षप्रसाद भट्टराईबाट प्राप्त भएको छ । यहाँका हायूहरू यहींका आदिवासी नभएर कुनै पहाडी ठाउँबाट बसाईं सनी आएका हुन् भन्ने भनाइ छ । महाभारत पर्वतको आसपास हायूहरूको वस्ती हो । यसभन्दा अन्यत्र अनुसन्धानको सिलसिलामा हायूहरू भएको जानकानी प्राप्त भएको छैन । पूरै हायूहरूको पारिवारिक लगत प्रस्तुत गर्ने तत्तत् क्षेत्रमा गई अनुसन्धान गर्ने समयको अभाव भएको हुँदा सकिएन । माथि नमूनाको लागि तीन पञ्चायतका हायूहरूको जनसंख्या विवरण प्रस्तुत गरियो । यसबाट के कुरा थाहा हुन्छ भने हायूहरूको जम्मा संख्या नेपालमा अब एक हजारभन्दा बढी छैन । यही स्थिति कायम भएमा आगामी केही दशक भित्रै हायूको जातीय अस्तित्व समाप्त हुने सम्भावना देखिएको छ । मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको रामेछाप, सिन्धुली र सर्लाही जिल्ला तथा वागमती अञ्चलको काभ्रेपलाञ्चोक जिल्ला हायूहरूको बसोबासित क्षेत्र हो । समुद्री सतहबाट करीब ११ हजार फीटमा हायूहरू बसेका छन् । हायूहरूको हालसम्मको बसोबासित क्षेत्र अध्ययन गर्दा उनीहरू उच्चा ठाउँमै बस्न मन पराएको अनुभव हुन्छ । राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक आदि विभिन्न कारणको प्रभावले हायू जातीय मानचित्रबाट हराउँदै जान लागेको छ । उसले आफ्नो भाषा बिर्सिदै गएको छ । साँस्कृतिक चालचलनहरू छोड्दै गएको छ र अहिले आएर उसको स्थिति

१. सहयोगी:- प्रधानपञ्च धनन्जय प्रसाई, खाल्टे चैनपुर, सिन्धुली

यसरी नाजुक हुँदै गएको छ कि आफूलाई हायूको रूपमा चिनाउन पनि सङ्कोच मान्छ ।

वायूकै विकृत रूप हायू हो र ?

हालसम्म हायू जातिका सम्बन्धमा ज्यादै कम मात्रामा अनुसन्धान भएको पाइन्छ । नेपालका जनजातिहरूको अध्ययन गर्ने विद्वानहरूले हायूलाई वायुकै विकृत अर्थमा लिएको पाइन्छ । तर हायू जातिको सर्वांश अध्ययन अनुसन्धान गर्दा यो तर्क वा निर्णय त्यति मनासिब देखिन आउँदैन । यस प्रसङ्गमा सबैभन्दा पहिले जनकलाल शर्माको अध्ययनबाट निस्किएको विचार उद्धृत गरौं ।

"नेपाल अधिराज्यको मध्यपहाडी भागको पूर्वी भागमा वायु नामको एउटा समूह छ र त्यो त्यसै नामको बोली बोल्दछ । वायुलाई विकृत अर्थमा हायु पनि भनिन्छ । यिनीहरू कोशी नदी दक्षिणको मैदानी भागतिर लाग्न मोडिएको ठाउँमा नदीको दुवै भागमा बसेका पाइन्छन् । वायुको संख्या ज्यादै कम देखिन्छ । हडसन महोदयका अनुसार यिनीहरूको स्थिति ज्यादै दयनीय देखिन्छ र ह्रासोन्मुख पनि छन् । यिनीहरूको एउटा गाउँको अर्को गाउँसित कुनै सम्बन्ध छैन । प्रत्येक गाउँको एउटा नेता हुन्छ जसलाई उनीहरू मझुवा भन्दछन् । "मझुवा"लाई "माझी" पनि भनिन्छ । यसै अर्थमा माझी शब्दको प्रयोग धिताल र सन्थालहरू पनि गर्दछन् । हडसन महोदयले मझुवा शब्दको जुन अर्थ गरेका छन् त्यसमा विचार गर्नु आवश्यक देखिन्छ । कारण उनीहरूले आफ्ना माझ अर्थात् बीचमा रहने नेतालाई बीचको वा माझको अर्थमा मझुवा भनेको पनि हुन सक्छ । साथै पूर्वी नेपालको माझ किरातमा मझुवा नामको ठाउँ पनि छ । संभवतः वायुहरू कुनै समय मझुवाबाट अन्यत्र गएर बसे र त्यसै ठाउँको सम्झनामा आफ्ना नेतालाई मझुवा भन्न थाले । उनीहरू मझुवाको अर्थमा जुन माझी शब्दको प्रयोग गर्दछन् त्यो मझुवाको विकृत रूप पनि हुन सक्छ । हडसन महोदयले वायु बोलीको राम्रो व्याकरण प्रस्तुत गरेका छन् र बाहिङ्ग बोलीभन्दा कम जटिल छ भनेका छन् । तर विचारणीय कुरा के छ भने वायुहरू पानीलाई 'ती' भन्दछन् र ती बङ्गालको जयपाई गुठीमा प्रयोग हुने "टोटी" बोलीमा पनि पानीका लागि ठीक यही शब्द प्रयोग हुन्छ । हुन त नेवारी भाषामा पनि जलको अर्थमा प्रयोग नगरेर रसको अर्थमा प्रयोग गर्दा पानीलाई "ती" भनिन्छ । जस्तै "ला ती" अर्थात् मासुको झोल । डोल्पा जिल्लाको तारा गाउँमा बस्ने मानिसहरू पनि "काईके" बोलीमा पानीलाई "ती" को विकृत रूप "त्यू" भन्दछन् । त्यसकारण वायुको सोझै सम्बन्ध को सित छ त्यो भन्न कठिन भए पनि घेरै रहन सहन राईसित मिल्ने हुँदा त्यसै प्रसङ्गमा राख्नु उचित देखिन आउँछ र राखियो पनि ।"[10]

यो जातिका बारेमा डा. जगदीशचन्द्र रेग्मीले पनि केही उल्लेख गरेका छन् । जस्तैः-

'सीमित जनजातिमा यसको नाम आउँछ । एट्किन्सनको भनाइ अनुसार यो जाति पूर्वी नेपालमा होचा पर्वतमा बसोबास गर्दछ । यस जातिका मानिसहरूको मुख्य क्षेत्र हो अरुणको आसपासको क्षेत्र । आसपासका अरू जातिहरूसंग यिनीहरू छुट्टै बसे पनि लिम्बूहरूको (Eka) वर्गसंग केही सम्बन्ध देखिएको छ । यिनीहरूको संस्कृत भाषा र धर्म अरू कसैसंग मिल्दैन ।

हडसनले यस जातिको बसोबास सिन्धुली भेकतिर भएको चर्चा गरेका छन् । कैम्पबेल र ई. डी. डाल्टनले यस जातिको शाखा सिन्धुली क्षेत्रतिरै बसोबास गरेको चर्चा गरेका छन् । उनीहरूका भनाइ अनुसार यो जाति पहिले सिम्रौनगढतिर बसोबास गर्दथ्यो । यस जातिको विश्वासको उल्लेख गर्दै उनीहरूले भनेका छन् कि यो जाति लङ्काबाट आएको थियो । लंकामा रावणको पराजय भएपछि यिनीहरू भारत हुँदै नेपाल आइपुगेका थिए ।"[11]

---

१०. जनकलाल शर्मा, **हाम्रो समाज : एक अध्ययन**, साझा प्रकाशन २०३९ (प्रथम संस्करण), पृष्ठ २८८

११. डा. जगदीशचन्द्र रेग्मी, **नेपालको ऐतिहासिक भूगोल**, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र २०३९ (प्र. सं.) पृष्ठ ७९

जगदीशचन्द्र रेग्मीले पनि 'हायु–वायु' यसरी शीर्षक राखेर ती दुइटै शब्द एउटै हुन् भन्ने कुराको संकेत गर्न खोजेका देखिन्छन् । अझ उनको लेखाइ संक्षिप्त भएको हुँदा विदेशी विद्वानहरूको मनाइ उद्धरण-मै सीमित रहेको देखिन्छ। हायू भाषामा पानीलाई "ती" भनिन्छ । नेवारी भाषामा (काठमाडौंका नेवारहरू) कुनै वस्तुको झोललाई कहँदा ह्रस्व "ति" प्रयोग गर्छन् । काठमाडौंका नेवारहरू पानीलाई "लः" भन्दछन् भने भक्तपुरका नेवारहरू "नाः" भन्छन् । नाग बसेको ठाउँबाट पानी निस्कने भएकाले पानीलाई "नाः" भनिएको भन्ने धारणा पनि छ ।[12]

वस्तुतः नेपालको विविध विषयमा विदेशी विद्वानहरूले अध्ययन, अनुसन्धान गर्दै आएका छन् । तर तिनीहरूको अनुसन्धान पद्धतिलाई नै हामीले प्रमाणको रूपमा स्वीकार गर्नु आफ्नोपनलाई भुसुक्कै बिर्सनु मात्र हो । त्यसकारण सबैको विचार अध्ययन गरी आफ्नै किसिमको मौलिक अनुसन्धानपरक निर्णय गर्नु कुनै पनि अनुसन्धाताहरूको पहिलो कर्तव्य हो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०४० सालमा प्रकाशित बृहत् नेपाली शब्दकोशमा हायू शब्दको अर्थ यसरी गरिएको पाइन्छ ।

हायू - वि. [स. आहार] धेरै खाने, खाइद्यौ, खन्चुवा । आफ्नो खूबी नभएको, गतिपतिहीन ।

हायू– मा. नेपालको दक्षिणी भागमा बसोबास गर्ने एक जाति ।[13]

प्रस्तुत सन्दर्भमा दुई ठाउँमा आएको हायू शब्द मध्ये एउटा विशेषणको रूपमा आएको छ भने अर्को नामको रूपमा । अब यसै गरी वायु शब्दको अर्थ खोतलौं ।

वायु-ता. (सं.) पृथ्वीको चारैतिर ढाकेर रहेको, आँखाले नदेखिने भए पनि स्पर्शगुण भएको, प्राणी मात्रले सास फेर्न मिल्ने एक तत्त्व, पञ्चतत्त्वमध्ये एक, पवन, हावा । हावाका अधिष्ठाता देवता । हृदयमा रहने प्राण, गुदामा रहने अपान, नाभिमा रहने समान, कण्ठमा रहने उदान र शरीरभर रहने व्यान नामका पाँच वायु । हठयोगका अनुसार षट्चक्रको अभ्यास गर्दा प्रयोगमा आउने मानव शरीरमा भएको हावा । मरेपछि काजक्रिया हुन नपाएकी आत्मा, अगति परेको जीव, प्रेतात्मा, प्रेत । प्रायः बालबच्चालाई लागोको रूपमा दुःख दिइरहने, झारफुक गरेर वा दोबाटामा पूजा गरेर वायु पन्छाएपछि निको हुने लोकरुढि भएको अमूर्त तत्त्व ।[14]

बृहत् नेपाली शब्दकोशमा वायु शब्दको यतिका अर्थ भेट्टायौं तर कर्त पनि जातिका रूपमा आउन सकेन । त्यसकारण हायू र वायु पर्यायवाची शब्द होइनन् । त्यसो भए यी के हुन् त ? हायू नेपाल अधिराज्यमध्ये मध्य-मान्चल विकास क्षेत्रका सिन्धुली, रामेछाप, काभ्रे पलाञ्चोक र सर्लाही जिल्लामा बसोबास गर्ने एक अल्पसंख्यक जाति हो भने वायुचाहिं यसै जातिले मानिआएको देवता हो । हायूको इष्टदेवता वायु भएको हुँदा अपभ्रंशको रूपमा हायूको वायु हुन गएको सम्भव छ । जस्तो कि माझी जातिको तान्त्रिक विधिमा दनुवारका देवताको नाउँ आउँछ । त्यसैले हुन सक्छ माझीका थुप्रै घरहरूमध्ये एउटा थर दनुवार माझी हो । वस्तुतः यो परम्परा माझीबाटै शुरू भएको हुँदा उनीमध्येकै कुनै दनुवार थर हुनुले अनुसन्धानकर्ताहरूका लागि निर्णायक भूमिका खेल्नु पर्ने अवस्था परेन । तर हायू भने आफूले मानिआएको इष्टदेवताका आधारमा वायु जातिमा परिणत भएको हुँदा गहिरिएर अनुसन्धान गर्नुपर्ने आवश्यकता महसूस हुन्छ । हायू-वायुकै विकृत रूप हो अथवा विदेशी विद्वान्हरूको भ्रामक ज्ञान मात्र हो भन्ने कुरा प्रस्तुत सिर्गै लेखबाट पुष्टि हुन सक्छ । त्यसकारण यस

१२. बुद्धबहादुर तुलाधरबाट प्राप्त जानकारी

१३. थुप्रै सम्पादक, **बृहत् नेपाली शब्दकोश**, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० (प्रथम संस्करण) पृष्ठ १४१५

१४. पूर्ववत्, पृष्ठ १२०८

किसिमका भ्रामक कुराहरूलाई फैलिन नदिन हामीले सम्बन्धित जातिकै सम्पर्कमा आएर तथ्य सामग्री सङ्कलन गरी प्रकाशन गर्नु पहिलो कर्तव्य हुन आउँछ। विदेशी विद्वान्हरूले अन्य जातिका सम्बन्धमा यस्तै शङ्कास्पद सामग्री प्रकाशन गरेका भए पनि समयमै यसलाई सच्या-उनु आवश्यक भएको छ।

हायूको थर र उपथर

सामान्यतः मानिसका नामको पछाडि थर लेख्ने परम्परा धेरै पहिलेदेखि विकसित हुँदै आएको छ। यो थर कसरी विकसित हुँदै गयो र कहिलेदेखि शुरू भयो यसको एउटा छुट्टै प्रसङ्ग हुन सक्छ। तर प्रस्तुत सन्दर्भमा यतिचाहिं भन्न सकिन्छ कि नेपालीहरूमा प्रचलित हुँदै आएका अधिकांश थरहरू बसोबासित क्षेत्रका आधारमा उत्पत्ति भएको देखिन्छ। जस्तो एक जनश्रुति अनुसार जुम्ली राजाबाट अधिकार पाएर फैलिएका अधिकारी, सिम्दी ग्राम वितर्ा पाएका सिम्देल, पौदी वितर्ा पाएर बसोबास गरेका पौडेल आदि थर भएको कुरा देखिन आउँछ। अब, यसमा के कति सत्यता छ र यस किसिमको परम्परा कहिलेदेखि शुरू भयो यसलाई छोटकरी रूपमा कोट्याउँ।

जस्तो भनौं— श्री ५ को सरकारले अञ्चल, जिल्लाको प्रशासन चलाउन अञ्चलाधीश (अञ्चलाधीश श्री ५ महाराजाधिराजबाट नियुक्ति गरिबक्सन्छन्), प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारी, भूमि सुधार अधिकारी आदि नियुक्त गरेको हुन्छ। यिनीहरूले आ-आफ्नो मातहतका काम-काज नियमित रूपमा सम्पन्न गर्छन्। यिनीहरू श्री ५ को सरकारका वेतनभोगी कर्मचारी हुन्। तैपनि प्रसङ्गवश झ्वाट्ट भनिने गरिन्छ— यो त फलानो फलानो अधिकारी को छोरो हो इत्यादि। आगामी दिनहरूमा यो नियम लागू नहुन सक्छ। किनभने समयले कैयौं फड्का मारि-सकेको छ। यसका साथसाथै सम्बन्धित व्यक्तिको थर पनि उहिल्यै बनिसकेको छ। शायद यिनीहरूले सीमित जनसंख्या भएको अवस्थामा थरको रूप लिएर फैलिएका हुन सक्छन्।

प्रस्तुत सन्दर्भ हायूका थरहरूको उल्लेखसंग सम्बन्धित छ। हायू जातिका थरहरू के कसरी विकसित हुँदै आए यसको यथातथ्य पत्ता लाग्न सकेको छैन। तर यिनीहरूको अनौठो थर देखिएको हुँदा यसको उत्पत्तिमा पनि यस्तै रोचक घटनाहरू हुनु पर्ने कुराको अनुमान गर्न सकिन्छ। अब हायूका थर र उपथरको उल्लेख गरौं।

"हायू जातिका चार थर हुन्छन्। ती हुन्:— जेफम याकुकुं को, सिन्नो, वालुङ र कमलेस्छो। प्रत्येक थरको आफ्नो कुलदेवता हुन्छ र उक्त थरमा पर्ने विभिन्न परिवारहरू मिलेर दशैंमा कुल घरमा पूजा गर्दछन्। सो अवसरमा मुलामी (जेठो पाको) ले रीत पुऱ्याएर पूजा गर्नु पर्छ। यिनीहरूको आफ्नो थरभित्र विहावारी चल्दैन।"[15]

यस्तै अर्को प्रकाशित उल्लेख पाइन्छ— "हायू जाति मुख्य चार थरमा विभाजित छन्। (१) दिन तिसो (२) बालन वा बालुङ (३) डोफुम र (४) जाक्कुम। कसै कसैको भनाइमा सिन्नो, कमलेस्छो र याकुकुं को पनि हायूका थरहरू हुन् र यी थरहरूका उपथरहरू पनि छन्। जस्तै बालन थरको पाछिरिमे र सुग्र, मोफुम थरको विदावारे र बलत्सो, जाक्कुमको इसोरे र रोत्सीने इत्यादि।"[16]

"यसका विभिन्न थर छन्। दोक्खुम, याक्खुम, वालुङ जातिको सिनु र कम्लेस्तो आदि थरको साथसाथै गोत्र पनि विभिन्न छन्। तर सबैको जानकारी भएन। पाक्खुमको रेलिङ्ग गोत्र हो।"[17]

प्रस्तुत विषयका अनुसन्धानकर्तालाई दुम्जा क्षेत्रमा बस्ने हायू र दुम्जाकै नर्या घरका विष्णुप्रसाद कोइरालाले दिएको जानकारी अनुसार हायूका निम्न थर

१५. मध्यमाञ्चल विकास क्षेत्र, भाग २ (२०३१), पृष्ठ १६८

१६. नगेन्द्र शर्मा, नेपाली जनजीवन, साझा प्रकाशनबाट प्रथम संस्करण २०३७, पृष्ठ १३६।

१७. शङ्करप्रसाद सत्याल : हायू जातिको संस्कृति, उषा, वर्ष ५, अङ्क ४, २०३१ वैशाख, पृष्ठ २१—२२

देखिन्छन् ।

दोक्खुम, याक्खुम, कोसीनु, काम्ले (कसैले अशुद्ध रूप काम्ले मान्छन् र शुद्ध रूप कम्लिश्वो, तैपनि अज्ञानतावश अशुद्ध रूप काम्ले नै प्रयोग गर्छन्) आदि हुन् । यसरी थर चार मात्र भए पनि यिनका उपथर भने थुप्रै हुन सक्छन् । हिजोआज यी हायूहरू आफूलाई राईको रूपमा परिचय गराउन पाउँदा गौरवको अनुभव गर्छन् । कसैले उनीहरूलाई "तँ त हायू होओस्" भन्दियो भने आफ्नो इज्जतै गएको अनुभव हुन्छ । यसको कारण के हुन सक्छ भने हायूका मूल पुर्खाका दाजुभाइहरूमध्ये राई पनि एक हुन् । उनीहरूको सामाजिक स्थिति, जातीय मान्यता र ऐतिहासिक पृष्ठभूमि दरो हुँदै गयो तर हायूको भने दिन प्रतिदिन हरेक पक्षमा नाजुक स्थिति बन्दै गएको देखिन्छ । आफ्नो जातीय अस्तित्व लोप हुन लागेकैले हुनसक्छ हायूहरू राईसित आफूलाई समाहित गर्न चाहन्छन् । आफ्नो परम्परागत जातीय थर नलेखेर 'राई' लेख्न रूचाउनुको अभिप्राय के हुन सक्छ भने हायूहरूलाई आफ्नो पुर्ख्यौली गौरवप्रति पटकै आस्था छैन । दुम्जाका धैर्यबहादुर आइ. ए. सम्म अध्ययन गरेका (२०४० मा हायू जातिको अनुसन्धान गर्दाको विवरण अनुसार) नवयुवक हुन् । उनी परेवा डाँडाको विद्यालयमा शिक्षक छन् । उनी हायू परिवारका मानिस हुन् र उनको थर याक्खुम हो, तर यसलाई लुकाएर उनले "राई" लेख्न थालेका छन् । यसबाट हायू जातिमा आएको हीनताबोध स्पष्ट हुन्छ । [8]

"यो जाति मुख्य चार थरहरू–(१) दिन तिसो (२) बालन (३) डोफुम (४) जाक्कुममा विभाजित छन् । यी थरहरूमध्ये बालन थरको विवाह चल्ने अन्य पाछारिमे, सुम्र तथा त्यस्तै डोफुमको विदाबारे, बलत्सो र जाक्कुमको इसोरे, रोत्सिने उपथरहरू (पाछा) पनि पाइएका छन् ।[19] यसरी हायूका मुख्यतः चार थर छन् र तिनका उपथरहरू निकै बढ्न सक्ने कुराको पुष्टि यसबाट अझै बलियो हुन सक्छ । बालन (बालुङ ?) थर पछि बनाईएको हो । हायूकी छोरीले अरू नै जातको भुँडी बोकेर बच्चा पाई । त्यसलाई त्यसै मिल्काउन मिलेन । यस मिश्रित बालक हुर्किंदै गएर यसका सन्तान पछि बालुन (बालुङ) थर भएका हायूका रूपमा परिणत भए ।[20]

हायूको उत्पत्ति

हायूको उत्पत्तिको सम्बन्धलाई लिएर विभिन्न धारणाहरू प्रचलित भएका पाइन्छन् । अहिलेको सन्दर्भमा रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र सर्लाही जिल्लामा हायूहरूको बसोबास पाइए तापनि यिनीहरूको प्राचीन परम्परा र आगमनको सम्बन्धमा अनेकौं रोचक पुर्ख्यौली धारणा प्रचलित छन् जसबाट उनीहरू त्यसै बेला नेपाल बाहिरबाटै प्रवेश गरेका थिए भन्ने कुराको ज्ञान हुन्छ ।

यस भनाईमा हायूका पुर्खाहरू सिम्रौनगढबाट आएका थिए । त्यहाँबाट उनीहरूका पाँच दाजुभाइ हिंडेका थिए । तीमध्ये कान्छो भाइ आफ्नो शारीरिक अस्वस्थताको कारण आफ्ना चार दाजुहरूको साथमा हिंडन नसकेर पछि परेको हुँदा उसलाई सबैले कस्तो 'हायू' रहेछ भने । यसरी कान्छो भाइलाई 'हायू' का रूपमा सम्बोधन गर्दा पछि गएर उसको सन्तति हायू जातिमा परिणत भयो । अरू दाजुहरू सुरेल, जिरेल, सुनुवार, राईमा परिणत भएको कुरा हायूबाट पनि जानकारी प्राप्त हुन्छ । यस भनाईमा पनि सत्यता पाइन सक्छ तर यस सम्बन्धमा अन्य धारणाहरू समेत प्रचलनमा आएको पाईएको हुँदा तिनीहरूको समेत उल्लेख गर्नु यस प्रसङ्गमा उपयोगी हुन आउँछ ।

"उनीहरूको एक पुर्ख्यौली उखान अनुसार सुरेल, सुनुवार, राई, लिम्बू र हायू एउटै परिवारबाट निःसृत

१८. धैर्यबहादुर राई (याक्खुम) र विष्णुप्रसाद कोइरालाबाट प्राप्त जानकारी ।

१९. **मेचोदेखि महाकाली**, भाग २, पृष्ठ २२२ ।

२०. धैर्यबहादुर याक्खुमबाट प्राप्त जानकारी ।

भएका हुन् । भनिन्छ, एकै घरको पाँच भाईमध्ये जेठाको सन्तान सुरेल, माहिलाको सुनुवार, साहिलाको राई, काहिलाको लिम्बू र कान्छोको हायू भए । यिनीहरूको पुर्ख्यौली माउ थलो कहाँ थियो, सो किटान गर्न सकिएको छैन । तर बसाईंको खोजमा नेपाल पहाडतिर पसेका हुन् भन्ने तथ्य हायूहरूको किम्वदन्तीबाट पनि बुझिन्छ ।'' [21]

हायू संस्कृतिका लेखक शङ्करप्रसाद सत्यालले भने हायू जातिको पुर्ख्यौली परम्परा अझै अन्धकारमा रहेको कुरा लेख्छन् ।

"यो जाति कहाँबाट कहिले नेपाल आयो, पुर्खा र पुर्ख्यौली थलो कहाँ छ ? केही भन्न सकिन्न । सब अन्धकार छ । पुर्ख्यौली अन्धकार भए झैं यसको अन्य मान्यताहरू पनि एक किसिमले अन्धकारमै विलीन हुन लागेको अनुभव हुन्छ ।''[22]

"जातीय इतिहासको प्रसङ्गमा विभिन्न घतलाग्दा उखानहरू हुन्छन् । सुनुवार जातिको एउटा भनाइ अनुसार पाँच भाइ पुर्खाहरूमध्ये कान्छोबाट हायू जाति भएको हो । पाँच भाईका सन्तति क्रमशः जेठाको सुरेल, माहिलाको सुनुवार, साहिलाको राई, काहिलाको लिम्बू र कान्छो भाइको हायूबाट वंशक्रमद्वारा किरात जाति भएको हो ।''[23]

"हायूहरूले आफ्ना पुर्खाहरू दक्षिण दिशातिर रहेको लङ्का-पलङ्काबाट आएका हुन् भन्दछन् । यसको ठीक अवस्थिति बताउन नसके पनि लङ्का पलङ्का भन्ने ठाउँहरू संगसगै रहेको अनुमान गर्दछन् । तर उनीहरूले आफ्नो पुर्खाबारे एउटा कुरामा भने दृढ विश्वास गरेको पाइन्छ । सो के भने नेपाल पसेका हायूका पुर्ख्यौलीहरूमा धेरै दाजुभाइ थिए र त्यसमध्ये कान्छोबाट निस्केका सन्तानहरू हायूहरू हुन् । ती दाजुभाईहरू बसाईंको खोजमा नेपालको पहाडतिर लाग्दा कान्छोचाहिं सबभन्दा पछि परेको थियो र उसले आफ्नो जन्मस्थानबाट ल्याएको ठूलो ढोल बोकेकोले हिंडन सकेको थिएन । जब ऊ सुनकोशी तरेर मुराजोर पुग्यो, सो ढोलबाट टिङ्ग-टिङ्ग आवाज निस्कन लाग्यो र उसले यो आवाजलाई त्यस ठाउँमा रोकिने र त्यहीं बस्ती बसाउने संकेत मानेर बस्यो । त्यस ढोलको लागि एउटा सानो घर बनायो । उसका दाजुहरू अघि गैसकेका थिए । उनीहरू सुनुवार, राई र लिम्बूका पुर्खा भए ।'' [24]

हायूहरूको उत्पत्तिका सम्बन्धमा यस्तै किसिमको जनश्रुति पाइन्छ । सिन्धौनगढबाट एकै आँतका पाँच दाजु भाइ पूर्वतिर लागे । तिनीहरूले कान्छो भाइलाई ढोल बोकाएका थिए । बनेपा, खड्पु, बतासे, ताम्मुढा, श्यामपाटी, दाप्चा, रोसी खोलो हुँदै दुम्जा पुगे । यहाँबाट सुनकोशीको किनारै किनार पुछीघाट पुगे । पुछीघाटमा डुङ्गा तरेर केही बेर साण्डेको फेदीमा थकाइ मारे । केही क्षणपछि जेठा, माहिला, साहिला र काहिला चार भाइ उकालो लागे । कान्छो भाईचाहिं साथमा ढोल बोकेको र उकालो बाटो भएको हुँदा उसको पाइला छिटो छिटो अघि बढन सकेनन् । वास्तवमा भन्ने हो भने साण्डेको उकालो पूर्वी भेगमा प्रसिद्ध उकालो हो । यहाँ पानी पिउन पाईंदैन । बाटाका अगल बगलका सतीबायरका बुटयानधारी र आकाशबाट सूर्य प्रचण्ड तेजले पोलेर बटुवाहरू घिटिघिटि भएर हिंड्छन् । यहाँको वस्तुसत्यलाई कवि प्रयागराज 'वाशिष्ठ' ले यसरी व्यक्त गरेका छन् ।

---

२१. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३६

२२. शङ्करप्रसाद सत्याल, पूर्ववत्, पृष्ठ २१

२३. **मेचीदेखि महाकाली,** पृष्ठ २२२
(मेचीदेखि महाकालीमा पनि– Micnailovsky, B. Mazaudom, M. – Notes on the Hayu language, Kailas (A Journal of Himalayan Studies) Vol. 1, No. 2, 1973, Page 136 बाट लिइएको हो ।)

२४. **मेचीदेखि महाकाली,** पृष्ठ १६८

"साण्डेको त्यो विकटपथको सम्झदामा उकाली
छोडु क्यारे जगत दुनियाँ हात गोडा फुकाली
× × ×
तीर्खा लागे रूख बयरका पात माडेर खाऊ
पेवा भन्छन् घर घर हुँदी माग्न पानी नजाऊ" [25]

यसरी ठूलो कष्ट सहेर कान्छो भाइ साण्डेको पौवा डाँडामा पुग्यो। ऊ पुग्दा चारै दाजुभाइ घेरै अगाडि बढिसकेका थिए, उसले भेट्न सक्ने अवस्था थिएन। उता दाजुहरूले कस्तो हिंड्न नसक्ने कान्छो (हायू) रहेछ भन्न थाले। यता कान्छो भाइ पनि आफूलाई दाजुहरूले यसरी छोडेर गएकोमा ज्यादै दुःखी भयो र उनीहरूले हम्मेसी नभेट्ने ठाउँ रामेछाप बजार (सदरमुकाम) बाट एक कोश दक्षिण मुढाजोर (मुराजोर?) भन्ने ठाउँमा गई आफूले बोकेको ढोललाई नै मुख्य वस्तु ठानेर उसले त्यहीं बस्ती बसायो। यसका सन्तानहरू भए र अहिले जे जति संख्यामा छन् र जहाँ जहाँ बसेका छन् ती सबैको मूल पुर्खा तिनै पाँच भाइ मध्येका कान्छा भाइ हुन् र यहींबाट अन्त बसाइँ सरेका हुन् भन्ने पनि धारणा फैलिएको पाइन्छ।[26]

हायूको उत्पत्ति:- केराबाट, मौलोको पातबाट, तीतेपातीबाट र टटेलाबाट-यी चार थरी वस्तुबाट हायूका चार थरको उत्पत्ति भएको हो भन्ने पनि जनश्रुति छ।[27] त्यसैले हुन सक्छ हायूहरूको कूल पूजामा यी चीज अनिवार्य रूपमा जुटाउनै पर्छ।

हायूको उत्पत्तिका सम्बन्धमा अर्को पनि जनश्रुति पाइन्छ।

सूर्यवंशी राजा रामबहादुरकी छोरीले सूर्यको मुख नहेर्ने व्रत लिएकी थिइन्। उनी अँधेरी रातमै गङ्गाजीमा नुहाएर दरबारको एकान्त कोठामा गई बस्दथिन्। एकदिन उनी अबेर उठिछन् र गङ्गाजीमा नुहाएर दरबार फर्किने बेलामा उनको शरीरमा सूर्यका किरण पर्न गएछन्। यसैबाट उनी गर्भवती भईछन्। शारीरिक लक्षणबाट राजाले छोरी गर्भवती भएको थाहा पाए र रीसले चूर भएर दरबारका मानिसहरू लगाएर छोरीलाई जङ्गलतिर लघार्न पठाए। उनी जङ्गलमा फलफूल र कन्दमूलको भरमा जीवन गुजारा गर्न लागिन्। मासपूर्ण भएपछि बत्तीसै लक्षणले युक्त भएको बालकको जन्म भयो। पछि यही बालकबाट हायूहरूको वंश वृक्ष झाङ्गिदै गयो।

यसै सन्दर्भमा कसैको भनाइ अनुसार सूर्यवंशी राजाकी छोरीले सूर्यको मुख नहेर्ने व्रत लिएको थिएन। दरबारमै राजकुमारी अवस्थामा गर्भवती भएकाले राजाले यिनलाई जङ्गलतिर लखेटिदिएका हुन्। धैर्यबहादुर याक्खुमको भनाइ अनुसार यो विवरण हायूकै वंशावलीमा लेखिएको थियो। यो वंशावली दुम्जाका शङ्करबहादुर दोक्खुमका घरमा थियो तर घर आगलागीमा पऱ्यो। यसको प्रतिलिपि हायू मध्येकै कुनै परिवारसित रहेछ भने सो अध्ययनका आधारमा हायूको उत्पत्तिसम्बन्धी तथ्य कुरा पत्ता लाग्न सक्छ। सो वंशावली पत्ता नलागुञ्जेल माथि प्रस्तुत गरिएका हायूको उत्पत्ति सम्बन्धी धारणाहरू जनश्रुतिकै आधारमा सीमित रहन्छन्।

"जनुश्रुतिमा आधारित मङ्गोल वंशावली र धिमाल जाति" को प्रसङ्गमा हायूको पनि उल्लेख

"मौखिक वंशावली अनुसार 'मङ्गोल' लाई स्वयम्भू मनु र सतरूपाका सन्तान भनिएको छ। उनी मङ्गोल जातिको उत्पत्ति स्थल हेमन्तभूमि (मङ्गोलिया) मा बसोबास गर्ने मङ्गोल स्कन्धका जातिहरूका आदि पूर्वज हुन्। उनका तीन भाइ छोराहरूमा जेठाको नाम मुनाइङवा, माइलोको नाम थोन्गोइङवा र कान्छोको नाम योवोइङबा थियो। यिनका सन्तान मङ्गोल शाखाका चन्द्रवंशी मनुष्य जातिहरू धेरै कालसम्म हेमन्तभूमिमै बसेका

२५. प्रयागराज "वाशिष्ठ" **काठमाडौंदेखि ओखलढुङ्गासम्म** भन्ने अप्रकाशित खण्डकाव्यबाट

२६: रामेछाप जिल्ला सैपूका चतुरसेन सुनुवार र इन्द्रसेन सुनुवारबाट प्राप्त जानकारी

२७: धैर्यबहादुर याक्खुमबाट प्राप्त जानकारी

थिए । तर तप्तगिरिको प्रभावले हेमन्तभूमिमा तिनीहरूका सन्तान एकातिर बढ्न र फैलन सकेनन् भने अर्कातिर उनीहरूले तप्तगिरिको ताप पनि खप्न सकेनन् । त्यसैले अन्य देशमा सर्ने विचार गरी मङ्गोल पुत्र, तीन भाइका सन्तान तीन पक्ष भई फुटेर छुट्टिए । योवोइङबाका सन्तान हेमन्तगिरिदेखि दक्षिणको ज्वालामुखी गिरि नाघी मङ्गोलिया दक्षिण र सुदूर पूर्वतिर लागे र जापान, वर्मा, श्याम, कोचिन आदिमा बसोबास गर्ने सुदूर पूर्वी मङ्गोल जातिका पूर्वज हुन पुगे। थोव्रोइङबाका सन्तानहरू भने उत्तर हिमालगिरि नाघी चीन र ह्वासामा गई उत्तर मङ्गोलियातर्फ लागे, उनैका वंशज चीन, तिब्बत, मङ्गोलियामा बसोबास गर्ने तिब्बत-मङ्गोलियाली र चिनिया-मङ्गोलहरूका पूर्वज भए । आजकाल सुनिने थावा, लोक्पा र भोटिया जातका मान्छेहरू तिनै हुन् । स्वयम्भू मनुका पौंच मुनाइङबाका पुत्रको नाम किरातइङवा हो । किरातइङवा भारतीय उपमहाद्वीपको उत्तरी र पूर्वी हिमालय विशेषत: नेपाल र आसाममा बसोबास गर्ने नामो कपाल भएका आदिम किराँत जातिका पूर्वज हुन् । उनका सन्तानहरू हेमन्तभूमिदेखि सीमन्तभूमिमा आई बासस्थान बनाई बसाइँ सरे । सीमन्तभूमि भन्नाले यहाँ हामीले भारतीय उपमहाद्वीपको उत्तर र उत्तर पूर्व हिमालय भेक भनी बुझ्नु पर्दछ । यिनै किरातइङबाका १० भाइ छोराहरूमध्ये लिम्बूका पूर्वज योकतम्बा आठ पहरियाका पूर्वज अपलिबा, याखाका पूर्वज व याक-खोवा, किराँती राईका पूर्वज लुङफेब्रा, याङफुका पूर्वज याङफेवा, सुनुवार, हायू चेपाङका पूर्वज सुहा चेप्पा मानिन्छन् ।[२८]

हायूको शारीरिक बनावट र भेषभूषा

"हायू जातिको मझौला कद, चेप्टो नाक, चिम्सा आँखा, सानो निधार, परेला र आँखिभैंमा रौं कम र पुरुषको जुङ्गा दाह्री समेत कमै हुन्छ । भेषभूषामा पुरुषले भोटो र कछाड लगाउँछन् र शिरमा प्राय: अनिवार्य रूपमा नेपाली टोपी हुन्छ । स्त्रीहरूले गुन्यूँ चोलो लगाउँदछन् ।"[२९]

नगेन्द्र शर्माले 'मेची र महाकाली' पुस्तककै शब्दलाई उतारेका छन् । तुलनात्मक अध्ययनका लागि झट्टै छुट्टियोस भन्ने उद्देश्यले नेपाली जनजीवनबाट उतार गरिएको छ-

"यो जातिका मानिसहरूको मझौला कद, चेप्टो नाक, चिम्सो आँखा, सानो निधार, परेला र आँखीभौंमा कम रौं र पुरुषको जुङ्गा दाह्री समेत कमै हुन्छ । भेषभूषामा पुरुषले भोटो र कछाड लगाउँछन् र शिरमा प्राय: अनिवार्य रूपमा नेपाली टोपी ओड्छन् । स्त्रीहरूले गुन्यू, चोलो लगाउँदछन् ।"[३०]

हायूको विशेष चाड : देवी पूजा

"हायू जातिको एउटा महत्वपूर्ण र विशेष चाड माघ महीनाको पुर्णेपछि आउने पहिलो बिहीवारदेखि शुरू हुन्छ । यो चाड आठ दिन रहन्छ-बिहीवारदेखि शुरू भएर अर्को शुक्रवारको सूर्यास्तसम्म । यो जातिको मूल घरमा पुस्तौंदेखि आएको एउटा सुप्रसिद्ध ढोल हुन्छ । यो पवित्र ढोल राखिएको मूल घरमा पहिलो चार दिन यसलाई बजाएर नाचगान गरिन्छ । पाँचौं दिनमा चाहाड वन देवीको पवित्र स्थानमा केन्द्रित हुन्छ । सातौं र आठौं दिन ढोल बजाउँदै दर्शकहरू सहित स्वजातीय बन्धुहरूको घर घरमा गई नाचगान गरी देवीको आशीर्वाद बाँट्दछन् । प्रत्येक हायू घरका आइमाईहरूद्वारा चिण्डा, लौका भरी भरीका जाँड पानीले यिनीहरूको स्वागत हुन्छ ।"[३१]

---

२८. तुलसी दिवस, **धिमाल लोक धर्म र संस्कृति**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (रजत जयन्ती प्रकाशन २०३९), पृष्ठ १३, १४

२९. **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ २२३

३०. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३८

३१. **मेचीदेखि महाकाली**, पृष्ठ २२३

"हायूको सबभन्दा ठूलो देवीको सेवा (जात्रा) हो। सो देवी पूजा जोर वर्षमा फागुन महीनामा र बिजोर वर्षमा माघ महीनामा गरिन्छ। यो पूजा बिही-बारको दिन शुरू हुन्छ र नौ दिनसम्म रहन्छ। पहिलो पाँच दिनसम्म ढोल राखिएको घरमा अनेक उत्सव मना-उँछन् र नाचगान खूब चल्दछ। यस चाडको मुख्य दिन छैटौं दिन (मङ्गलबार) हो जब देवीको पूजा हुन्छ। त्यस दिन सारा गाउँका मानिसहरू जम्मा हुन्छन्। अर्को दिन साँझसम्म कुनै कार्यक्रम हुन्न र साँझ परेपछि नाचगान शुरू हुन्छ। यस नाचमा गाउँका साना ठिटाहरूले भाग लिन्छन् र बीच बीचमा ठूला मानिसहरू पनि त्यसमा सम्मिलित हुन्छन्। त्यसमा प्रत्येकले आफूभन्दा अगाडिको व्यक्तिको पाखुरा समाउँछ र ती ठिटाहरू वृत्ताकारमा तालको साथ घुम्ने गर्छन्। सो नाच हुँदा दुई जनाले ढोल र एक जना ले झ्याली बजाउँछन् र दुई तीन जनाले गाउँछन्। त्यस-मा देवीको आराधना गरिन्छ र राति अबेलासम्म सो नाच विभिन्न तालमा चलिरहन्छ।

आखिरी बिहीवार र शुक्रवार सो नाच गाउँका सबै घरहरूमा पालैसित लगिन्छ र आँगन र घरभित्र समेत नचाइन्छ। नाच सिद्धिएपछि ढोल र झ्यालीलाई चोखो ठाउँमा राख्दछन् र नाच्ने, गाउने र दर्शकहरू छ्याङ (जाँड) खान थाल्दछन्। छ्याङलाई देवीको प्रसाद मान्दछन् र जसको आँगनमा नचाएको हो सोही घरका मानिसहरूले सो प्रसाद दिने गर्छन्।

यसमा मुख्य गायक गाउँका बयोबृद्ध हुन्छ। उसलाई गीतका सबै पंक्तिहरू राम्ररी सम्झना हुन्छ र पूजाआजाको तरीका पनि जानेको हुन्छ। यस बेला गाइने गीत रावणको मृत्युमाथि बिलौना गरिएको होइन यो हायू जातिको इतिहास, उनीहरूको समुदायमा आएको उथलपुथल र ढोलको कथा हो।

यस अवसरमा पूजा गरिने देवी पनि हायूका पुर्खा संगसंगै लङ्का पलङ्काबाट आएको विश्वास गर्दछन्। देवीलाई गाउँको मध्य भागमा एक काभ्रोको रूखमा घेरै घण्टी र त्रिशूलको साथमा स्थापना गरिएको हुन्छ। हायूहरूले सुंगुरको मासु खाने भए तापनि देवीमा कुनै भोग नचढ्ने भएकोले हायू गाउँमा सुंगुर पालिन्न। देवी पूजाको अवधिमा खुकुरी र दाप सबै लुकाएर राख्नुपर्छ। गाउँमा कसैले जुत्ता लगाउनु हुन्न र लौरो लिएर हिंड्न पनि हुन्न। देवीको खास बार मङ्गलवार मानिन्छ र प्रत्येक मङ्गलवार हायू पूजारीले देवी स्थानमा दूध चढा-उँछ। सो देवी हायूहरूको खास देवी मानिए तापनि त्यहाँ बनेको देवी स्थान अधिराज्यको अन्य देवी स्थान जस्तै देखिन्छ।" [३२]

"हायूहरूको एउटा महत्वपूर्ण र विशेष चाड देवी पूजाको उल्लेख माथि भएको छ। यो जात्रा जोर वर्षमा फागुनको र बिजोर वर्षमा माघ महीनाको पूर्णेपछि आउने बिहीवारदेखि शुरू हुन्छ। यो चाड आठ नौ दिन रहन्छ र यसमा पूजा गरिने देवी पनि हायूका पुर्खाहरूसंग 'लङ्का पलङ्काबाट' आएकी हुन् भन्ने धारणा छ। यीं देवीको थान र हायू गाउँको माझमा एक काभ्रोको रूख-मा त्रिशूल, झंडी र घण्ट आदि सहित थापिएको हुन्छ।

यो जातिको मूल घरमा चीनका आदिम पुर्खाहरूले ल्याएको भनिने एउटा ढोल हुन्छ। त्यसलाई पहिलो चार दिन बजाएर नाचगान गरिन्छ औ पाँचौं वा छैटौं दिनमा (मङ्गलबार पारेर) वन देवीको पवित्र स्थानमा कार्यक्रम केन्द्रित हुन्छ। सातौं र आठौं दिन ढोल बजा-उँदै दर्शकहरू सहित स्वजातीय बन्धुहरूको घर घरमा गई नाचगान गरी देवीको आशीर्वाद बाँट्दछन्। प्रत्येक हायू घरका आइमाईहरूद्वारा चिण्डा वा लौकाको घैंटा भरि-भरि जाँड पानीले यिनीहरूको आबभगत गरिन्छ। यो सिद्धिएपछि ढोल र झ्याली फेरि चोखो ठाउँमा राख्त-छन्। उक्त पूजाको बेलामा खुकुरी र दापहरू लुकाएर राख्नु पर्ने, गाउँमा कसैले जुत्ता लाएर वा लौरो लिएर हिंड्न नहुने आदि अनौठा नियमहरू पालन गर्छन्।" [33]

यसरी हायू जातिले आफ्नो परम्परागत रूपको

---

३२. **मेचीदेखि महाकाली,** पृष्ठ १६८

३३. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३७

देवी जात्राताई अहिलेसम्म पनि मानिआएको पाइन्छ। माथि उल्लेख गरिएका सबै विवरणहरू हायू वर्गबाट समेत प्राप्त भएको हुँदा प्रकाशित सामग्री नै प्रस्तुत गरियो। यसबाट हायू जातिको सांस्कृतिक विशेषता झल्किने विश्वास गरिएको छ।

हायूको देवाली गर्ने परम्परा

हायू जातिको देवाली गर्ने आफ्नै किसिमको परम्परा छ। यस सम्बन्धमा उनीहरूका विभिन्न धारणाहरू प्रचलित छन्। वास्तवमा यिनीहरूमा सत्यता छ भन्न सकिंदैन। जनश्रुतिकै आधारमा भए पनि फैलिएका विचारहरू प्रस्तुत गर्नु आवश्यक महसूस हुन्छ।

पहिले पहिले हायूहरूको मूल पुरुष (नाइके) लाई सामान ओसारपसार गरिदिने ढोल, झ्याम्टा थिए। पछि विभिन्न कलहको कारणले ती सबै उडेर आकाशमा गए। आकाशमा बज्दै ढोल र झ्याम्टा तिर्कै घुमे। त्यो दृश्य देखेर हायूहरूले परेवा, बोको, पाठी, कुखुरा बलि दिन खोजे। ती दुइटै (झ्याली र ढोल) झरेनन्। सुंगुर बलि दिन खोज्दा भने ती खुत्रुक्क झरे। हायूहरू सबै भएर त्यहीं पूजाआजा गरे, बलि दिए। अहिलेसम्म पनि यसरी देवाली गर्ने परम्परा छँदैछ। हायूहरूको देवाली गर्ने पद्धति निम्न अनुसार पाइन्छ।

सबैभन्दा पहिले देवाली गर्ने ठाउँमा बाँसको टाँड बनाइन्छ। प्रति परिवार एक पाथीका दरले जाँड, रक्सी पनि तयार गरिएको हुन्छ। त्यो टाँडमाथि केराको पात र भोर्लाको पात राखेर 'जय काली भवानी' भनेर पूजा गरिन्छ। हायूहरू नवदुर्गाको पूजा गर्ने चलन छैन। दशैंमा पनि जमरो रोपिंदैन। हायूहरूको घरै पिच्छे देवाली हुन्छ। कोही लुकेर देवाली गर्छन् त कोही खुला रूपमा गर्छन्। दुई, तीन दिनसम्म नाचेर, गीत गाएर रमाइलो गरिन्छ। सावगासले म्याएमा एक वर्षमा र नम्याएमा तीन या पाँच वर्षमा देवाली गरिन्छ। देवाली गर्न बनाइएको ठाँउमा हायू जातिले अरू नै जातिकी स्त्रास्नी ल्याएको छ भने त्यो मानिस टाँडमा चढ्न पाउँदैन। देवालीमा हायू भाषाको गीत गाइन्छ। तर यो गोप्य हुन्छ। अन्य जातिको मानिसले हायू गीत सुन्न र देवाली गर्ने ठाउँ छुनु हुँदैन। अलग्ग बसेर हेर्न मने हुन्छ। देवालीमा गाइने विशेष प्रकारको हायू गीत मूली बाहेक प्रायः हायूमध्येकै अन्य सदस्यले पनि राम्ररी जानेको हुँदैन। प्रस्तुत विषयका अनुसन्धानकर्ताले जान्न खोज्दा एउटै पनि नमूना पाउन सकेन। देवाली गर्ने मानिस (मूली) को मृत्यु भएमा त्यही बाजा बजाएर मृत्यु संस्कार गर्ने ठाउँमा लानु पर्छ। हिजोआज आर्थिक अवस्थाको कमजोरीले गर्दा बुझाउन असमर्थ हुने भएकाले प्रायः यो परम्परा त्यति सशक्त रूपमा चल्न सकेको देखिंदैन। देवालीमा आवश्यक सामान जुटाउन सकिएन भने त्यसको सत्यानाश हुन्छ। त्यसैले पनि यसमा कमजोर वर्ग (हायू मध्येकै) ले यो काम गर्न अघि सर्दैनन्।

हायूको देउता - द्यौ (बायु)

हायूले मानिआएका द्यौता द्यौ (वायु) हुन्। यी देवताले हायू वर्गको कल्याण गरिआएका छन्। यस सम्बन्धमा रोचक तथ्यहरू पाइन्छन्। हायूका घरबारीमा गएर कुनै परिचित या अपरिचित मानिसले सम्बन्धित घरधनीको अनुमति बिना कुनै फलफूल टिपेर खायो वा घरमा लग्यो भने त्यो मानिस त्यहीं कक्रचाकक्रुक्क पर्छ। यसलाई हायूहरूको "द्यौ" ले दुःख दिएको भनिन्छ। "द्यौ" हम्मेसी बुझ्दैनन्। यसलाई हायूहरूले मात्र बुझाउन सक्छन्। 'द्यौ" ले दुःख दिएको अन्य मानिसलाई धामी, झाँक्री, झारफुक, तन्त्रमन्त्र, जडीबुटी जति गरे पनि त्यसको कुनै प्रभाव पर्दैन। सम्बन्धित घरको हायू मानिस नै गएर परपुकारो गरी बुझाउन चाहेमा बिरामी निको हुन सक्छ। यस किसिमका घटनाहरू हायू गाउँनजीकै थुप्रै घटेका छन्। भोग्ने, देख्ने र सुन्ने मानिसहरू प्रस्तुत विषयको अनुसन्धान गर्दासम्म जीवितै देखिएकाले यसलाई अनुसन्धानकर्ता विश्वासको आँखाले हेर्न चाहन्छ।

हायूका केही पूर्व संस्कार

हायूका केही पूर्व संस्कारमा न्वारान, पास्नी, छेवर र विवाहलाई लिएको छ।

"यो जाति जन्मदेखि मृत्युसम्मको संस्कार आफ्नै ढङ्गले गर्दछ। दनुवार जातिको झैं यिनीहरूको पनि ब्राह्मण पुरोहित हुँदैन, विधि जान्ने जुनसुकै हायूले परम्परागत

संस्कारको काम चलाउँछ। बडादशैंको टीकाको दिन समस्त वंशजहरू मूल घरमा आई आफ्नो कुल देवताको उपासना गर्दछन्। यस पूजामा सुगुरको बलि चढाइन्छ। कुल देवताको अतिरिक्त यिनीहरू वन देवी र छरछिमेकमा रहेका अन्य देव–देवीहरूको पनि उत्तिकै श्रद्धा र भक्तिका साथ अर्चना गर्छन्।

यो जातिमा न्वारान पास्नो हुँदैन। यिनीहरूमा फुपुचेली मामाचेलाको विहाबारी चलेको देखिन्छ तर आफ्नै थरभित्र भने विवाह चल्दैन। लिम्बू समाजमा झैं यो जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलाहा–तर्फबाट रीत भाँतका रूपमा पैसा दिनु पर्ने प्रथा चलि–आएको देखिन्छ। विवाहमा वरवधूले डोली चढ्नु हुँदैन र दमाइँलाई बाजा बजाउन पनि लगाइनाले फार्दैन भनिन्छ।"[34]

"यस जातिको परिवार कोही प्रसूति भएमा मूल ओछ्यानमा नबस्ने परम्परा छ। न्वारान नहोउन्जेल मूल ढोकाबाट निस्कनु हुँदैन। संस्कृतिले मानव हृदयलाई खिचेको हुन्छ। त्यसैले मानवको बन्धनमा घरको मध्य भागमा निदाल राखेको हुन्छ। त्यही आधार मानेर घरलाई दाहिने देब्रे गरी दुई भागमा विभक्त गरिन्छ। सुत्केरी जुन भागमा बस्तछे त्यो भाग काटेर अर्को भागमा जान त्यो जातिको संस्कृतिले दिदैन। अर्थात् धुरी काटनु हुँदैन। नवागत शिशु ७ या ८ दिनको भएपछि नाम कर्म गरिन्छ। नामकरण जन्मिएको तिथि वा बारको आधारबाट हुन्छ। मामा, दिदी, भानिज वा भाञ्जी यस कर्ममा सम्मिलित हुन्छन्। उनीहरूको निर्देशानुसार मूल ढोकाको संघारमा लिपेर, केराको पात बिछ्याई त्यसमा टटेलाको फूल अछेता छरेर बालकलाई त्यहाँ राखी कुखुराको बलि दिने परम्परा छ। झ्यालबाट बालक सहित सुत्केरी बाहिर आउँछ। सूर्यको दर्शन गरेर मूल ढोकाबाट भित्र पस्तछ। गहुँत खाने र धागो बाट्ने विधि हुन्छ। टीका, दक्षिणा, खानपानका साथै न्वारान सकिन्छ।

बालक जन्मिएको ६ महीनामा पास्नो गरिन्छ। यो कर्ममा सर्वप्रथम मामाबाट भात खुवाउनु पर्दछ। विशेष विधान केही छैन।

बालकको ३ वर्षमा या ५ वर्ष भित्रमा छेवर कर्म हुन्छ। यसमा कपाल काट्ने र मामाले लुगा दिने रीत छ। मामाले ल्याएको लुगा झर्राको थालमा राख्नु पर्दछ। सर्वप्रथम मामाले भानिजलाई लुगा लगाई दिन्छन्। त्यो थाल पनि भानिजलाई प्रदान गरी टीका लगाई दिनु पर्दछ। सके दक्षिणा दिनु कर्तव्य हुन्छ। खानपान समाप्त गरी भानिज पनि मामाका साथ मावल जान्छ। जहाँ केही दक्षिणा दिई विदा गर्दछन्।

केटाको १५–१६ वर्षको उमेरमा प्रायशः विवाह हुन्छ। कन्या दिन जाने प्रथा छैन। माग्न जानु अनिवार्य हुन्छ। जाँदा रित्तो हात जानु हुँदैन। सौगातको रूपमा भाती जाँड नै मुख्य गरिन्छ। त्यही लिएर कुरा गर्नमा सिपालु दुई व्यक्ति जान्छन्। कुरो मिल्दो रूपमा आएपछि कुरो छिन्न भाती जाँड र भाले पोथी जोर कुखुरा लैजानु पर्दछ। यदि यो सौगात स्वीकारेमा कुरो छिनिएको टुङ्गो लाग्दछ। विवाह ग्राह्य महीनामा हुन्छ।

विवाहको लागि वरियातको साथमा दमै सहित वर वधूको घर जान्छ। खाजाको निम्ति चाम्रे लैजानु पर्दछ। त्यो जातीय संस्कृति हो। डोली हुँदैन। ब्यौली को घर पुगेपछि खानपान गर्दछन्। राती सक्तो जाँड खाने परम्परा छ। ब्यौली निकाल्ने, गोडा धुने, लगन पोते लगाई दिने र सिन्दूर हाल्ने मुख्य प्रचलन छ। फलानाकी छोरो फलानाकी पत्नी भई भन्ने घोषणा मान्यबृद्ध पुरुषले लगनपछि गर्दछन्।

बिहान छोरी ज्वाइँलाई टीका, दक्षिणा र खान पिन गराई बिदा गर्दछ। यसमा ब्यौली भित्याउन सबैभन्दा बृद्ध पुरुष बिहान स्नान गरी पवित्र भएर उपवास बसेको हुन्छ। बेलुकी पख संघारमा त्यही वृद्ध पुरुषले गाईको गोबरले लिप्तछ। नव दम्पत्तीको प्रवेश विना अरूको प्रवेश निषिद्ध छ। लिपेको संघारमा केराको पात बिछ्याई कुखुराको बलि दिइन्छ। त्यही रगतमा टेकेर नवदम्पत्तीको प्रवेश हुन्छ। दुलहीले सासु ससुरालाई ढोग भेट गर्नु अनिवार्य छ। मान्यजनको आशीर्वाद लिई

३४. मेचीदेखि महाकाली, पूर्ववत्, पृष्ठ २२३ र नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३७

खानपिन गर्दछ । तीन दिनपछि दुलान फर्काइन्छ ।"35

यस संस्कारलाई लिएर 'मेचीदेखि महाकाली'मा पनि केही लेखिएको पाइन्छ ।

"यो जातिमा ग्वारान, पास्नी हुँदैन । यिनीहरूमा फुपुचेली मामाचेलाको विहाबारी चलेको देखिन्छ तर आपनै थरभित्र भने विवाह चल्दैन । लिम्बू समाजमा झैं यो जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलहा तर्फबाट रीत भाँतका रूपमा पैसा दिनु पर्ने प्रथा चलि-आएको भए तापनि हाल यसलाई परित्याग गर्दै आएको देखिन्छ। विवाहमा वर-वधूले डोली चढ्नु हुँदैन र दमाईं-लाई बाजा बजाउन पनि लगाइन्न, फाप्दैन भनिन्छ ।"36

नगेन्द्र शर्माले पनि हुबहु विना उद्धरण यही लेखेका छन् ।

"यो जातिमा ग्वारान, पास्नी हुँदैन । फुपूचेली मामाचेलीको बिहावारी चलेको देखिन्छ । लिम्बू समाज-मा झैं यी जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलहातर्फबाट रीत भातको रूपमा पैसा दिनु पर्ने प्रथा चलिआएको देखिन्छ । विहेमा वर-वधूले डोली चढ्नु हुँदैन र दमाइँबाजा बाजा बजाउनु पनि हुन्न भन्ने रोचक धारणाहरू यिनमा पाइन्छन् ।" 37

मृत्यु संस्कार

"मरेपछि हायूहरूले लाशलाई गाड्दछन् । यिनी-हरूको परम्परा अनुसार खुट्टा खुम्च्याएर छातीमा अडाई लाशलाई थपक्क बसाईन्छ। छोराले बोकेर लगी करीब डेढ मिटर जति गहिरो खाल्डामा राखिदिन्छ र त्यहाँ दैनिक जीवनमा चाहिने चामल, पानी, तरकारी आदि राखिन्छ । त्यसपछि खाल्डालाई पहिले ढुङ्गाले छोपि-दिन्छन् र त्यसमाथि माटोले पुर्दछन् । सो ठाउँमा एउटा सानो झाम्टाको संकेत चिह्न राखिदिन्छन् । अर्को दिन सुंगुर काटिन्छ र मरेको तेस्रो दिनमा मृतकको आफ्ना नाता कुटुम्बलाई भोज खुवाइन्छ । मृतकको विवाहित छोरीलाई सबभन्दा पहिले खुवाउँछन् र घरेलु सामानहरू-को उपहारको साथमा तिनलाई घरसम्म पुऱ्याउँछन । मृतक पुरुष भए ज्वाइँलाई र स्त्री भए छोरीलाई एकजोर नयाँ लुगा हालिदिने चलन पनि छ ।" 38

"हायूहरू मृत शरीरलाई थचक्क पलेटी कसेको झैं गरी बसाएर लगी माटी दिन्छन् । उनीहरूमा सुंगुर पाल्ने चलन छैन तापनि मराउ परेको दोस्रो दिन सुंगुर काटिन्छ र तेस्रो दिन मृतको विवाहिता छोरीलाई सर्व-प्रथम खुवाएपछि जम्मा भएका कुल कुटुम्बलाई अलिनु मासुसंग भोज खुवाइन्छ । पुरुष मरेको भए जुवाइँलाई र स्त्री मरेको भए छोरीलाई लुगा हालिदिने चलन पनि छ । किरिया गर्दा ढ्यांग्रो बजाउनु पर्छ । जुन बखत मरे पनि शुद्ध शान्ति माघे संक्रान्तिको दिनमा नै गरिन्छ । वर्ष दिनसम्म घरमा पाकेको मीठो, चोखो चीज सबै नयाँ अन्न स्वर्गीय आत्मालाई चिहानमा चढाउनु पर्छ।"39

"हायू जाति ज्वाइँ वा भानिजद्वारा दशदान गरा-उँदछ । मृत्युपछि बारीको छेउमा गहिरो खाल्टो खन्छन् । त्यसमा बाँसको माटाले माटो नछिर्ने गरी घेरा बनाएर मृत लाश टुक्रुक्क राखिन्छ । माथिबाट बलिप्ते (?) बन्द गरी छोपिन्छ । छोराहरू छेवर कर्म गर्दछन् । नुहाउनु अनिवार्य छ । घर फर्की सुकुलले बारेर एकान्त कसैले नछुने ठाउँमा बस्तछन् । बाह्र दिनसम्म पधेंरामा आफैले पकाएर अलिनु घ्यू भात खान्छन् ।

बाह्र दिनको बेलुका चामल र सफा धानको पीठो मुखमा छरेको चिण्डो वा माटाको घैंटो आफू बस्ने स्थान-मा राखिन्छ । त्यस चिण्डोको वरिपरि भोलाको दुनुमा भरिभरि जाँड र रक्सी राखिएको हुन्छ । रातभर बत्ती बालेर राखिनु पर्दछ । मध्यरातितिर बालिएको बत्ती अचानक मधुरो हुन्छ । बिहान नित्यकर्म सकी त्यहाँ हेर्ने परम्परा छ । चिण्डोको मुखमा छरिएको पिठोमा हत्केला

३५. शङ्करप्रसाद सत्याल, पूर्ववत्, पृष्ठ २२, २३ र २४
३६. **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ २२३
३७. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ, १३७
३८. **मेचीदेखि महाकाली**, पृष्ठ १६८
३९. नगेन्द्र शर्मा, पूर्ववत्

वा पैतालाको चिह्न हुन्छ । जेको चिह्न देखिन्छ त्यसैको जुनी भएको विश्वास गरिन्छ ।

त्यो चिण्डो जेठो छोराको घरकबे मूल ढोकामा जोरले फोर्दछ । दान दक्षिणा गरी कर्म समाप्त गर्दछ । वर्ष दिनसम्म निखित्य वार्नेले टाउकोमा नाम्लो नलगाउने प्रथा नै मुख्य छ । अन्य कृत्यहरू जाति सरह नै गरिन्छ तापनि श्राद्ध गरिंदैन ।[40]

हायूको कागुनु न्वागी र घैया न्वागी

"तिथि निश्चित हुँदैन तापनि वर्षको दुई पल्ट पितृहरूलाई सम्झिइन्छ । जसमा यो जातिको निम्ति सर्वेसर्वा ठूलो चाड हो । प्रायशः भाद्र र आश्विन महीनातिर गरिन्छ । खास गरेर शुक्लपक्षको बृहस्पतिवार या शुक्रवार हुनु पर्दछ । यो चाड कागुनी न्वागी र घैया न्वागीको नामले प्रख्यात छ ।

पाकेपछि सर्वप्रथम कागुनीका बाला तीनदेखि सातसम्म टिपेर भोलीको पातमा बेरी सिरुले बाँधिन्छ । लिपपोत गरेको धुरी खाँबोमा त्यो कागुन बाँध्नु पर्दछ । त्यही दिनदेखि मात्र कागुनुभित्र हुलिन्छ । बेलुका ढोकामा लिपी केराको पात ओछ्याउँछन्, त्यसमा टटेलाको फूल कागुनुको चामल छरेर मालेपोथी जोर कुखुराको बलि दिइन्छ । भोलीको पात बिछ्याई कुखुराको मासु र भात अनि पितृको नाम लिदै चढाउँदछन् । पछि प्रसाद स्वरूप इष्टमित्र सहित भोजन गर्दछन् ।

घैया न्वागी पनि यस्तै हुन्छ । मुख्यतः घैया न्वागीलाई बढी महत्व दिंदै आफ्ना चेलीबेटी पनि बोलाउँछन् । के नेपालको आदिवासी यही जाति होइन ? जसले पहाडको भीर पाखामा प्रथम घैया र कागुनी खेतीको सूत्रपात गऱ्यो । अद्यावधि खेती सफल भएको उत्सवको रूपमा स्मृति गरिंदै आएको यस चाडले स्मृति दिलाउँछ ।"[41]

हायूले पनि ब्राह्मण पुरोहित पुज्छ

हायू जातिको ब्राह्मण पुरोहित हुँदैन भन्ने धारणाहरू पनि प्रकाशित भएको पाइन्छन् । तर यसलाई प्रमाणको रूपमा मान्न सकिंदैन । किनभने मुराजोरका हायूहरूको पुरोहित पण्डित नन्दराज काफ्ले र पण्डित पद्मनाथ भुगेल भएको कुरा प्रस्तुत विषयका अनुसन्धानकर्ताले प्रत्यक्ष देख्ने अवसर पाएको छ । अन्य स्थानमा बसोबास गर्ने हायूले पनि ब्राह्मण पुरोहित पुजेको देखिन्छ ।

हायूले स्वीकार गरेका अन्य चाडपर्व

हायूले मान्ने गरेका अन्य देवी देवतामा काँड देवी, सातकन्या देवी, नाग, सीमे, भूमे, आइतवारे, भीमसेन, मशान, भूतप्रेत, पिशाच, डङ्किनी, बोक्सी, छौडा आदि हुन् । देवीलाई परेवा, पाठी, नागलाई फुल, अन्य देवतालाई कुखुराको भाले या पोथी, भूतप्रेतलाई धाँमी झाँक्रीको भनाइ बमोजिम चढाइन्छ । हायू मान्ने (स्वीकार) गरेका चाडपर्वहरूमा दशैं, तिहार, तीज आदि मुख्य हुन् । यिनीहरू स्वस्थानीको व्रत पनि लिन्छन् । तर ब्राह्मण क्षेत्रीको जस्तै पूरा विधिविधान पूरा गरी यिनीहरू आफ्ना निजी चाडपर्व बाहेक अरू पनि त्यतिकै मनाउँदैछन् ।

"साउने संक्रान्तिको दिन नयाँ बाली अर्थात् मकै, काँक्रा आदि न्वागी खाँदा पनि निकै उत्सव गरी चाहाड मनाउँछन् । बडादशैं तिहार पनि यिनीहरू निकै चाखका साथ मान्दछन् ।" [42]

हायूहरूको शैक्षिक अवस्था

हायूहरू आर्थिक अवस्था दयनीय भएकैले हुन सक्छ यसरी शिक्षाको लहर चलिरहेको अवस्थामा समेत अशिक्षित भएर रहेका छन् । प्रौढ कक्षा सञ्चालनको अभाव (हायू समाज) मा युवा, प्रौढ र बृद्धहरूले साउँ अक्षरसम्म चिन्ने अवसर पाएका छैनन् भने अचेलका नयाँ बालबच्चा पनि पेट पाल्ने समस्याले रन्थनिएर र सामाजिक वातावरणको कारणले पिछडिएर विद्यालयमा गई अध्ययन गर्ने अवसरबाट बञ्चित छन् । जस्तो कि गौरी शङ्कर माध्यमिक विद्यालयमा अध्ययन गर्ने हायू विद्यार्थी संख्या २० देखिन्छ भने अमारे प्राथमिक विद्यालयमा अध्ययन गर्ने ५ जना मात्र छन् । त्यसै गरी २०१७ सालमा

४०. शङ्करप्रसाद सत्याल, पूर्ववत्, पृष्ठ २४

४१. पूर्ववत्

४२. **मेचीदेखि महाकाली**, पृष्ठ २२३

स्थापना भएको दुम्जा हायू गाउँको प्राथमिक विद्यालयमा अध्ययन गर्ने हायू विद्यार्थी ४ जना देखिएका छन् । कुशेश्वर माध्यमिक विद्यालय दुम्जामा ३ जना हायू पढ्छन्।[43] यसबाट हायूहरू शैक्षिक अवस्थामा निकै कमजोर भएको अनुभव हुन्छ ।

आर्थिक अवस्था

हायू जातिलाई पहिले दास जातिको रूपमा राखिएको थियो । ई. सं: १८५३ को नेपाल मुलुकी ऐनले हायू जातिलाई बेचबिखन गर्न सकिने र सैनिक सेवामा भर्ती हुन नपाउने जातजातिको समूहमा राखेको पाइन्छ। तर वि: सं. २०१९ सालको नयाँ मुलुकी ऐनले जातजाति बीच भेदभाव हटाइएकोले यस जातिले पनि सामाजिक समानता र न्याय प्राप्त गरेको छ ।

यिनीहरूले बसोबास गरेको क्षेत्रको प्राकृतिक तथा आर्थिक स्थितिको प्रभाव अरू जातका मानिसहरूमाथि परेझैं यिनीहरूमाथि पर्नु स्वाभाविकै हो । यहाँ देखिने खेती योग्य जमीनको कमी, जङ्गलको नाश, सीमित चरन, भू–क्षय जस्ता समस्याहरूले यहाँका बासिन्दाहरूलाई अरू ठाउँमा बसाइँ सर्न अथवा काम गर्न जान बाध्य तुल्याएको देखिन्छ । यस स्थितिमा हायूहरू पनि आफ्नो घर छाडी डाँडा काटो टाढा टाढा काम र मामको लागि जान्छन् । तर यिनीहरू साह्रै थोरै संख्यामा भएकोले यसरी तितरबितर भएर जाँदा जाँदा यिनीहरूको संस्कृति र जातित्व हराउँदै जाने हो कि भन्ने आशङ्का पनि उठ्दछ ।[44] हायूहरू अहिले पनि आफ्नो जीवन स्वतन्त्र रूपमा बिताउन पाएका छैनन् । उनीहरूको पेशा कृषि हो । तर कृषि आयबाट मात्र सबैलाई एक वर्षसम्म खान पुग्दैन । मकै, कोदो, भटमास, मस्याङ्ग, मास, गहत, अतासे, धान, गहुँ मुख्य बाली हुन् । प्रशस्त जग्गा जमीन हुने हायूहरू कमै छन् । त्यसैले आफ्नो खेतबारीमा उब्जेको अन्नले नपुग्ने हुँदा उनीहरू अरूको बनीबुतो गर्न जान्छन् । त्यसबाट आएको ज्यालाले उनीहरू बिहान बेलुकाको समस्या समाधान गर्छन् । अरू मानिसका घरमा काम गर्न जाँदा लोग्ने मान्छेले १ पाथी कोदो या ६ माना मकै, पैसा लिए त्यही मूल्य बराबरको पाउँछन् । केटाकेटी र स्वास्नी मान्छे काम गर्न गए ४ माना या त्यही मूल्य बराबरको ज्याला पाउँछन् । कामदारहरूलाई कसैले बिहान भात र कसैले चार्हि दिउँसो खाजा मात्र दिन्छन् । हायूहरू आफूसंग उकास रहेको अन्न बेचेर पनि व्यवहार गर्छन् । उनीहरूमध्ये मुराजोरका–रामेछापको साप्ताहिक हाट (बिहीवार) मा सामान बिक्री गर्छन् । जस्तो– खोर्सानी प्रति माना ४।, काँक्रा प्रति गोटा २। देखि ५। सम्म, साग प्रतिमुठा ।५०, सिभी ।५० पैसा पाउ, सिम्टा २। मानु, भटमास प्रति पाथी १६।, केराउ प्रति पाथी २०।, कोदो प्रति पाथी १०।, मकै प्रति पाथी १२।, तोरी प्रति पाथी २८। र अदुवा, बेसार पनि बिक्री गरी पैसाको जोही गर्छन् । यसै गरी डोली बोक्नेलाई भौगोलिक दूरीका आधारमा २०। देखि ६०। सम्म, कलसौडीलाई डोली बोक्नेलाईभन्दा ठीक आधा, हलिलाई वर्षको ४००। या ५००। सम्म पाउँछन । रामेछाप बजारमा दाउरा पनि बिक्छन् । प्रति भारी दाउरा रु. ५। का दरले बेच्छन् । गुन्टा बोक्ने र डोको बोक्नेलाई खाइकन दिनको २०।, २५।, पाउँछन् । यसभन्दा अतिरिक्त नाङ्लो, डाला, डोको, चाल्ना, नाम्लो, बरियो, डोरी पनि रु. २। देखि १५। सम्ममा बिक्री गर्छन् ।[45] यसरी मोटामोटी रूपमा हायूहरूको आर्थिक अवस्था दयनीय नै देखापर्छ ।

४३: यो तथ्याङ्क २०४० साल पुस महीनाको हो ।

४४ **मेचीदेखि महाकाली**, पृष्ठ १६९ ।

४५. वि. सं. २०४० साल पुस ७ देखि ऐ. माघ १० गतेसम्म गरिएको हायूहरूको अनुसन्धानका क्रममा टिपिएको तथ्याङ्क ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल--भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

दस्खटको मसौदा

१६ आगे. च्यपेः मर्स्यांदि. पश्चिम. भेरिपूर्वका: जिम्मावाल् छान्या थरि मुषिया भला आदमिक. कटुवाल. रैयेत. गैह्रके. यथोचित्. उप्रांत घरमा जोइपोइ मात्र भयाको वाहेक. जाहानिआमा. घरहि जना १ जागिर षान. हुंदा सिपाहिका साथ लागि श्री माई जनरल वद्री नरसिंह कुंवर राणाजिसंग पाल्पामा चाडै जान्या काम गर. आलटाल गरि अडनमा लाग्यौ र घर दवाउनामा पस्यौ भन्या जान अनुसार सजाये होला शुभम्–

माघ वदि ४ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा प्रोहित. चतुर्भुज अर्ज्यालले लेषि चह्राई पठायाको रसदका अर्थलाई दिनका २०।२५ भारि चिहुरा: चावल गरि आउन लागि रह्या छन् परदिन वढदै जान्दैछ. रसद घर पनि येघार तिस ४० हात १० दिनमा तयार भै सकिन्या छन्. भोटतिरको षवर. नेपालतिरवाट वडा वडा आदमि आई रसद घर वनाई. रसद भराउन लागि रह्या छन् भनि केरु वस्न्या ढेवा. ह्लासाका लामालाई लेषि पठाउँदा हामिलेता गोर्षा सर्कारको केही विजानी गर्‍याको जस्तो लाग्दैन. हामी देषि क्या निमित्त रिसानी भयो भनि वाह्राका ठुला ठुला जान्यालाई कसो होला भनि हेराउदा हामीहरूको कदाचित जित हुन्या छैन मिलाप गर्न्या हो श्री मिनिष्टिर साहेव ईश्वरका औतार भयाको छ. तिमीहरूले नमानि हुन्या छैन भन्दा ह्लासा वस्न्या र लाहासाको काजि सलुक गर्न आउंछ भन्या षवर सुनिन्छ. केरु देषि पुटेका रैयतहरू लासाका लामाले हामीलाई साह्रै दुष दियाको छ. गोर्षा सर्कारका रैयत हुन पाया हामीहरू सुख पाउदा हुं भनि रात दिन भित्र भित्र भन्दछन् अरे ह्लासामा अघि नेवारलाई विदत्त गर्न्या ह्लासा छोडी भागि गयो भन्या षवर सुनिन्छ. हाम्रो दोसाधदेषि पुढो केरुका जिल्लामा वस्न्या रैयत पांच सात घर हाम्रा पट्टि वसाई आया अरु पनि आउछन भन्या षवर सुनिन्छ औ लासावाट केरुमा वस्न आउन्या ढेवा जना २लाई झिकाई पठाउँदा. केरुका ढेवा ह्लासामा गयो भन्या षवर सुनिन्छ कचापका जो भयाको षवर चरणमा चह्राई पठायाको हो शुभम्–

माघ वदि ४ रोज १ मा

ताहापछि श्री प्राइममिनिष्टरबाट काजि डिल्ली सिंह वस्न्यांतके लेषि गयाको येस साल जंगि कार्षाना चल्दा सवैले नियम समझि काम गर्नु भन्या यादै थियो. रसद वोकाउनलाई. वलिया टाटका ढोक्राको वन्दोवस्त गर्नु भन्यामा. वोराको नमोनादि. वोराको थैलाको वन्दोवस्त गरि. येक फेरा हेटौडामा चावल भरि नेपाल

सम्म ल्याउंदा चावल चुहि थैला थैलामा १।२ पाथिसम्म पुगेन. थैलाको मुख बाधनु नहुन्या हुंदा येक फेरा षन्याई भरि भर्दा पाँच पाथि मात्र जान्या भयो. पांचै पाथि भरि लैजाउ भन्या पनि डिगर्चा ह्लासासम्म पुऱ्याउनु पर्न्या. फेरी चावल हालो नेपालवाट लैजानै नहुन्या भयो. यत्रो कामकाज पर्त्याई राख्याका मानिसले येत्रोजको काम पर्दा षतदा हुन्या काम गऱ्यौ. गाडि बयेलको बन्दोवस्त गरि भिमफेदीसम्म चावल ल्याउनु भिमफेदीदेखि पिपाले बोकनन् भनी बन्दोवस्त गरि सैंतिस हजार रुपिआ पठायाको हो. आजसम्मको तेस्कुराको बन्दोवस्त पनि गऱ्यौन. तेह्र सालको बालिलाई तिमि र षजांचि शिवप्रसाद अर्ज्याल षोसियौ शुभम्-

माघ वदि ६ रोज ३ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल रण उद्दीपसिंह कुवर राणाजिले लेषि चह्राई पठायाको. बयेल टटुको बन्दोवस्त गर्न काजिले महुतरिमा गै आठौ दिनमा रवाना गर्नु: षजांचिले सप्तरिमा गै दसौ दिनमा रवाना गर्नु बयेल टटु रवाना गरेनौ भन्या जरिवाना गर्न्या छु भनि पठायाको हो. यति दिनको मियाद दिआ. काममा पनि: इनिहरू गयाका छैनन् भन्या षबर हेटौडामा सुन्दा इनिहरूको भर पर्न सकीयेन. बयेल टटुको बन्दोवस्त गर्नालाई. तलाई पठायाको हो. हेटौडामा बस्न पठायाको होइन भनि हजुरबाट रिसानी होला भन्या डरले रात साम गरि हनुमाननगर. पांचै दिनमा पुग्या. म आएको चाल पाये छ र काजि षजांचि पनि मभन्दा येक दिनको अगादि हनुमाननगर पुग्याका रह्याछन् र मैले पांच दिनमा पुग्याका जग्गामा तिमीहरू १० दिनमा नपुगि. कामका यस्तो बेहोरा रहेछ भनि बुझि काहा बसिरह्या छौं भनि काजि षजांचिलाई जरिवाना गऱ्यौ. जो मर्जि म पनि अबको ३।४ दिन बसि बयेल टटु गाडि जो पायाको सिपाहिका साथ लगाई रवाना गरि ५।६ दिनमा हेटौडा पुग्या गरि आउन्या छु कप्तान दलजित बिष्टलाई हेटौडा देषि भिमफेदीसम्म बाटो तयार गर्नु भनि अह्राई आयाका हुन पायासम्म ज्यालादारलाई काम लाउनु ज्यालादारी मानिस पायनौ भन्या. हेटौडा अडडामा रहन्या पिपालाई १०।८ दिनसम्म रसद नबोकाई बाटो बनाउन लाउन्या गर्नु म काम छदै १०।११ हजार थैला. भैस्या अडामा जगेरा थियो त्याहां देषिको जगेराका थैला बोकाई अरू पांच अडाविकाम-मा रहोस भनि अह्राई आयाको हो बाटो बन्यो र थैलाले हर्षत भन्या १।२ अडाको षलासि पिपा उक्सनन् कि भन्या लाग्छ शुभम्-

माग वदि ७ रोज ४ मा

श्री प्राइममिनिष्टरबाट श्री जनरल रणउद्दीप सिंह कुंवर राणाजिलाई लेषि गयाको भैस्यासम्म रसद बोकनालाई बयेल टटुको बन्दोवस्त गर्न्या र भैस्या भिफेदीमा गोदाम घर ६०।७० हात लमाई १२।१५ हात गजसम्म को घर बनाउनु भनि कप्तानलाई अह्राउन्या काम बेस भयेछ. गोदाम घर बनाउनालाई झारा लगाई बनाउ भन्या ३।४ फेरा भयो अब ८॥ पैसा ज्याला दि बनाउना हो कि. झारा लगाई बन्याउन्या हो. भनि लेष्याका कुरालाई दुनियालाई बारंबार झारा लाउनु हुँदैन. जनहि दश दश पैसा ज्याला दि गोदाम घर बनाउन्या लाउन्या काम गर्नु. थैलाका कुरालाई धम नारान को भाई भिम नारान. ताहा आयाको छ: तेसलाई राषि रावल नचुहुन्या पाठसंग बन्दोवस्त बाधि पठाउन्या काम गर्नु बयेल टटु आउनु ढिल हुदा तिमी आफै सप्तरितिर गै बयेल टटुको ताकिति गर्न्या काम बढिया गऱ्या छौ. राता रावलका कुरालाई सबै १२ पाठिका भाव हुंछ १३ पाठ नलिनु कप्तान सम्सेर जङ्ग षत्रिले ढाल्याका १२ पनिको गोला भारि १ फुटन्या गोला भारी १ आहा पठाई दिनु शुभम्-

माघ वदि ८ रोज ५ मा

येति भयापछि नाइक्या रामसुन्दर हस्ते श्री ५ चीन बादशाहलाई अर्जि १ अम्बालाई चिठी १ ह्लासाका ४ काजिके चिठी १ दुई तरफका महाजनहरूको धर्म पत्र गराउन्या कागज १ जमा कागज ४ षुलासा लेषि गयाको तपसिल-

श्री ५ चीन बादशाहका हजुरमा लेषि गयाको बेहोरा उप्रांत आकाश समान श्री ५ चीन बादशाहका हजुरमा. हाम्रा पूर्खाहरूका पालादेखि हामीले आफ्ना धन ज्यू लगाई. शरण पिछा गरि. येकत्व गरि मानि आयाको

हो. अब पनि मुख पेटले यकत्व गरि शरण पिछा गरि मानि आयाकै छौ. भोटले हामी माथि धेरै विजाई विहुत गरि थिचोमिचो गर्दा. यो कुरा श्री ५ चीन बादशाहका हजुरमा जाहेर गर्न पायाको थिएन येस्तै बीचमा पांच वर्षका मामुलि: अर्जि सौगात चह्राई दर्शन दंडवत गर्न पठायाका सुवा भिमसेन रानाले हामीलाई लेख्याका अर्जिमा अघि श्री ५ चीन बादशाहलाई मानि रहन्याले श्री ५ चीन बादशाहसंग लडन लाग्याको रहेछ भन्या खबर लेषि विन्ति गरि पठाउंदा हाम्रा मुख्य वजिरका हाम्रा मनमा ठुलो फिक्री लाग्यो. यो खबर सुन्यापछि श्री ५ चीन बादशाहका शरण पिछा गरि टाढा मुलुकमा वसि टहल गर्न्या. हामिले पुग्यासम्मको टहल मद्त गर्नु पर्न्या धर्म हो. यस वेलामा टहल गरि श्री ५ चीन बादशाहलाई रिझाउनु पाया भोटले विजाइ विहुत गर्न्याको कुराको विन्ति गरि. अघिदेखि निसाप नपायाको सबै कुराको हक निसाप पाउला भन्या मनमा भै टहल गरौला भनि अघि १० साल पौष सुदि १५ रोज ७ का दिन अर्जि लेखि ह्लासाका अम्बा मार्फत चह्राई पठायाको हो: श्री ५ बादशाहबाट आउनु भन्या हुकुम आया. उसै बखतमा चाडो जानु पर्न्या छ भनी फौज षजाना हातहतियार जगा जगा रसद तयार गर्न्याको हो. चह्राई पठायाका अर्जिको ११ महिनासम्म सिक्ष्या पायाको थियेन ११ मैह्लापछि आउनु पर्दैन भन्या हुकुम आयो भनि अम्बाहरू बाट जवाफ आउदा र हुकुम आया जानु पर्ला भनि फौज षजाना रसद तयार गर्न्यामा हाम्रा मनमा पनि नभयाको गोर्षाले भोटसंग चढाइ गर्न लाग्या. भन्या हल्या भोटले गर्दा हामीलाई तिमीहरूका आपनु दुख दर्द जो पर्न्याको ह्लासाका अम्बाहरू मार्फत विन्ति गरि पठाउनु भन्या अघिदेखि अहद गरि वक्सनु भयाको हुनाले. भोटले विजाइ विदत गर्न्याका सबै कुरा अम्बाहरूलाई लेषि पठायाको हो. अघि हाम्रा महाजनहरूले चावल लि केरुं कुटिमा वेपार गर्न जाँदा घ्याङलु ५७ सालमा भयाको वंदेज नाघि येक फुरुजगात् लिन्यामा केरुंग्याले २ फुरु वढाइ ३ पुरु जगात लिदै आयाका छन् ढाक्चाहरूले अधिकारित वमोजिम नेवारहरूसंग वेपार गरि सकि भोटका राहदानी ली नेपाल आउन्यालाई केरुंका भोटया हुल उठि हाम्रो येकौटी वेपार हुन्छ नेवारहरू पाउदैनन् भनि थुन्या ढेवा र भोटया मिली ढाक्चाहरूसंगको वेपार हाम्रो हुन्छ भनि जवरजस्ति गरि वजारका भाउमा ३।४ माना नुन घटाई दिन्छन् च्यूरा अरू मालमा पनि येहि रितले ३।४ माना घटाई लिंछन् जगात वाहेक भरिया पिछे ३ माना चावल लिंछन् झुगाका ढेवाले वेपार गर्न जान्या ढाक्चाहरू छेउ अघि देषि चलि आयाको रित छोडि जनहि येक मोहरको नुन मसंग लिनु पर्छ भनि भावमा कम गरि दिसा लगाई लिंछन्. हाम्रा षुतु भन्याका जगाका रैतिहरू वेपार गर्न अधिकारित छोडि ३।४ सय गोरुका भारी ल्याई विना मजुरी जवरजस्ति गरि वोकाउंछन्. सिकार झुंका ढेवाले हाम्रा प्रजाका घ्यू चावल जिनसि माल गैह्रका भारि षोसि येक हदि पनि गर्न्या. साल वसाल येक दुई हजारको जिनसि दिसा लगाई दुख दिन लागि रह्या छन् १९०८ सालमा आउन्या ढेवा. नेपा दोर्ज्ये लेषुवुका छिन्या दोषान्यालाई कुटी मान्या ह्लासामा रह्याको नेवार महाजनको षांवालिको लिनु दिनुको कुरामा असामिलाई साहुले गर्न नहुन्या सासना षम्बालिलं गर्दा ह्लासामा रह्याका हाम्रा नाइक्याले भोटका अदालतमा फिर्याद गर्दा षाम्बालि पनि हाम्रो रैयत होइनन्. नेवार महाजन पनि हाम्रा रैयत होइनन् जसो गरि हुन्छ सो गर भनी जवाप दिया छन् र साहुले गर्न नहुन्या सासना गर्नु हुंदैन भनि नाइक्याले मानिस पठाउंदा तेस मानिसलाई षाम्बालीले. वन्दुकले हानी. मारि दिया येस्कुरामा दोहोरो टक्कार हुंदा नाइक्याको अर्ध्यांली हो भनि भोटले निकाली दीया. षम्बालिहरूसंगका तक्कारमा. षाम्बालीहरूको १ घरको. माल लुटीयाको दाषिल गरि सक्या पछि अरू २ घरको माल पनि दिनु पर्छ भनि २१ हजार वाडा उठाई. सबै नेवार महाजनहरूलाई आगो पानि चपा. कसैले नदिनु भनि वन्द गरि दिंदा हाम्रा जति भयाका महाजनलाई पानिले र भोकले मर्नन् भन्या सम्मको भय भयो. रुपिया दियनन् भन्या लुटी लिनु भनि २१ हजार वाडा उठाई ६६६।। येति रुपिया लिया नेवार महाजन र षंवालिहरूको झकरा भयाको विस्तार लेषि हाम्रा नाइक्याले हाम्रा हजुरमा विन्ति गरि पठाउंदा किहुपने भन्या जगामा चिठी लि आउन्या मानिसलाई ४ जना भोटचाले पाता फर्काई वांधि चिठी माल मत्ता सबै षोसि लिया. येस्ता येस्ता विजाई विहुत गर्न्याका कुरा सहन सनकि

विस्तार ल्हासामा बस्न्या अम्बाहरूलाई लेषि पठायाको हो अम्बाहरूलाई लेषि गयाको पत्रले सबै विस्तार श्री ५ बादशाहका हजुरमा जाहेर भयो हो यस्ता तरहसंग बेहुर्मत जबरजस्ति बेजाई बिछत गर्याको सहन नसकि भोटसंग लडाई गर्न तयार भयु. भोट गोर्षा दुबै श्री ५ बादशाहलाई मानि रह्याका छौं भोट्याको र हामीहरूको लडाई भया पछि हामीले जित्यौ भन्या. भोटले श्री ५ बादशाहलाई मानि आया भन्दा पनि ज्यादा गरि मान्या छौं. भोटले जित्या अधिकारित बमोजिम मात्र मान्या छन्। श्री ५ बादशाहका हजुरबाट हामीमाथि कोनै कुराको बिजाई बिछत अघिदेषि आजसम्म कैल्हे भयाको छैन: हाम्रा उपर मेहेर करुणा दया रह्याकै छ श्री ५ बादशाहका तरफ हामी आयाले पनि हेर्न सक्तौन. हात बांधि षडा छौ. भोटले अबिदेखि. सिच्याका. सबै कुराको: यौटा पक्का बन्दोबस्त गर्दा उनका मुलुकमा हामीले चढाई गर्नु पर्यो. किन भन्या अघि हामीले भोटमाथी अन्याय लुट गर्दा: हजुरबाट भोटलाई मद्दतदी हामीलाई हटाई बक्स्याको हो: उस दिन देषि हुकुम बमोजिम मुष पेटले यकत्व गरि हामिले मानि रह्याका छौं. आज भोट्याले हामीमाथि अन्याय बिजाई बिछत गर्यापछि जस्तो अघि भोटलाई बल बक्सी हामीलाई हटाई बक्सनु भयथ्यो आज हामीले पनि हजुरबाट उस्तै बल पाउन्याऊं हजुरका हिसापमा भोट र गोर्खा बराबरै हो: हाम्रा फौजले चढाई गर्दा देवता र जय गर्न्या लामा रैयतहरूलाई ज्यान र धनका बिजाई बिछत केहि गर्न्या छैन. यो कुरा हजुरमा निश्चय रहोस जो हाम्रा फौजसंग हतियार ली लडन आउछन् उसै संग मात्र लडन्या छन् अघिदेषि मुख पेटले यकत्व भै मानि रह्याका हुनाले यो सबै विस्तार श्री ५ बादशाहका हजुरमा जाहेर गर्न्या हो भनि अर्जि लेषि ल्हासा बस्न्या अम्बाहरू मार्फत बिन्ति चढाई पठायाको छ: जाहेर होला हामी टाढा मुलुकमा बस्न्या दस्तुर नजान्या हामी मथि सदासर्बदा दयामेहर करुणा राखी बक्स्या जुगजुगसम्म टहल गरि सुखसंग रहुंला शुभम्-

ल्हासाका टुंतारीन अम्बालाई लेषि गयाको बेहोरा उप्रांत भोटबाट हामीलाई बिजाइ बिछत गर्याका कुरामा आफ्नु ज्यू धन लगाई श्री ५ बादशाहलाई रिझाई भोटले बिजाई बिछत गर्याका कुरा सबै श्री ५ बादशाहका हजुरमा बिन्ति गरि भोटले हामीलाई कैल्है थिचोमिचो गर्न नपाउन्या बन्दोबस्त गरि बक्सनु होला. भन्या मनमा राखि आफूहरू मार्फत श्री ५ बादशाहका हजुरमा अर्जि चढाई पठायाको हो. श्री ५ बादशाहबाट अवश्य आउनु भन्या हुकुम आउला भन्या हाम्रा मनमा लाग्दा हामीले फौज षजाना रसद गैह जम्मा गर्दा हाम्रो धेरै षर्च लागन गयो ११ मैल्हापछि आउनु पर्दैन भन्या हुकुम आयो भनि आफुहरूबाट लेषि आउंदा हामीलाई भोटले थिचोमिचो गर्याको बिस्तार श्री ५ बादशाहका हजुरमा बिन्ति गर्न पायनौ भनि आसा मार्दा भोटले थिचोमिचो गर्याको आफुहरु छेउ जाहेर गर्याको हो. तेस्कुराको अढाई मैल्हासम्म जबाब केहि नआउदा यो ढील हुनु गयाको भोटका गर्नाले हो भोटले आहासम्म खेल गर्या पछि अब हाम्रो फौज भोटमाथि लडाई गर्न थोरै दिनमा जान्या छ भोट्याहरूसंग लडाको नभै बन्दोबस्त हुन्या छैन श्री ५ बादशाहलाई हामी हाम्रा पुर्षाले मानि आयाको छ. श्री ५ बादशाहका हुकलाई आँखाले पनि हेर्न सक्तैनौ हात जोरी खडा छौ: तिमीहरूको दु.ख दर्दका कुरा ल्हासा बस्न्या बडा अम्बाहरू मार्फत बिन्ति गरि पठाउनु भन्या श्री ५ बादशाहबाट अघी अहद गरिबक्सनु भयाको हो ताहा आफुहरूका दफदरमा पनि लेष्याको होला तसर्थ भोटले हामी माथि बिजाइ बिछत गर्याको सहन सकेनौ लड्दछौं भन्या बिस्तारको अर्जि लेखि आफुहरू मार्फत चढाई पठायाको छ ताहा पुगनी बितिकै श्री ५ बादशाहका हजुरमा चढाई पठाउन्या काम भया बढिया होला बाकि आफुहरूसंग हाजिर भै. आफुहरूलाई लेषि गयाको चिठीको प्रति उतर चाडो बिन्ति गरि पठाउनु भन्ना निमित्त र केहि कुरा जबानी बिन्ति गर्ना निमित्त श्री ५ बादशाहका हजुरमा जान्या पर्वानाका संगमा नाइक्या रामसुन्दरलाई ताहा पठायाको छ. आफुहरूबाट दया राखी चाडो जबाब लेषि पठाई दिनु भया बढिया होला शुभम्-

ल्हासाका सेठा १ तासि षांसा १ पेली १-१ समेत चार काजिलाई लेखि गयाको बेहोरा उप्रांत हाम्रा गोर्षा श्री ५ सर्कारमाथि श्री ५ बादशाहको ठुलो दया करुणा रहि सबै कुराका बन्दोबस्तको सनद गरिबक्स्या

वमोजिम मानि रह्याकै छौ श्री ५ वादशाहवाट पनि हामी माथि दया करुणा मेहेर रह्याकै छ. तपाईहरूवाट लिनु दिनुको वेपार जीउ मार्याका कुरामा हाम्रा मुलुकका रैयत माथि साह्रै थिचोमिचो गर्याको जाहेर हुँदा. भोटसंग लडाजी गर भनि श्री ५ सर्कारवाट मलाई हुकुम भयो. हाल थोरै फौज कुति केरुसम्म पठाउंछु: हिउको पैरो जानु छोड्यापछि र हिउं विलायापछि रस्ता खुल्या पछि चाहिन्या फौज लौ म लडन आउन्या छु. भगवानले तपाईको मुलुक हामीलाई दिया भन्या पनि श्री ५ चीन वादशाहलाई हामी मार्ये छौ. भगवानले हाम्रो मुलुक तपाईलाई दिया भन्या तपाईहरूवाट पनि श्री ५ वादशाहलाई मान्नु हुन्यै छ मुलुक लिना दिनाको अषत्यार इश्वरका हात छ. अधि गोर्खालाई वुद्धि समझ नहुदा रैयेत महाजन देवताको लुटपिट धेरै भयो. अवत तपाईहरूमाहा समझदार वुद्धिमान हुनुहुन्छ. तपाईहरूको. मुलुकका रैयेत महाजन. दुनियालामा. देउतामाथि हामी पनि लुटपिट गर्न्या छैनौ. ताहावाट पनि हाम्रो महाजन. दुनिया. देवता माथि लुटपिट हुन्या छैन भन्या हामीलाई निश्चय छ. तपाईका फौजले हाम्रा महाजन दुनिया रैयत देवतामाथि लुटपिट गर्न्या भन्या हाम्रा फौजलै पनि लुटपिट गर्न्याछन्: सो वुझनु होला सिवानामा लडनु हुनुहुन्छ तापनि ताहाको पुसि भित्र आई लडनु हुन्छ तापनि तपाईहरूको खुसि. दुवै थरले धर्म युद्ध गर्नु मुनासिव छ: लुकि छलि दाका दि लडनु दुवै थरले वेमनासिव छ तरकारणले तपाईका मुलुकमा हाम्रा फौजले नकुलचदै अवर पठायाको छ आपनु तयार गर्नु पर्न्या कुरा तयार गर्नु हवस् भौ तपाईहरूसंग चिठो पत्रको लेखपढ मेरो भयाको थियेन। श्री ५ सर्कारवाट लडनु भन्या हुकुम हुदा लेष्याको हो प्रशस्ति वेहोरामा तलमाथि पर्न गयाको भया माफ राष्या जाला भन्या चिठी— १

(क्रमशः)

ABOUT THE AUTHORS

Dr. Rishi Keshab Regmi	—Reader, Central Department of Culture, T. U., Nepal,
Dr. Prem K. Khatry	—Reader, Central Department of Culture, T. U., Nepal.
Mr. Raja Ram Suvedi	—Lecturer, Central Department of History, T. U. Nepal.
Mr. Shankar Thapa	—Lecturer, Central Department of History, T. U., Nepal.
Mr. Amar Nath Shrestha	—Assistant Lecturer, Department of History, Thakur Ram Campus, T. U., Nepal.
Mr. Shankar Man Rajvansi	—Research Scholar, Nepal.
Mr. Bhoop Hari Paudel	—Editor, Janak Educational Materials Centre Ltd., Nepal.

'प्राचीन नेपाल'का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:–

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.